साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क ३० ✪ २ भदौ २०८३, मङ्गलबार ✪ 18 Augest 2026, Tuesday ✪ मूल्य रू. १०।-

## भारत अतिक्रमित नेपाली भूमि फिर्ता ल्याउन जनता नै सचेत हुनु जरुरी

नेपालको पूर्व, दक्षिण र पश्चिमतर्फ भारतसँग खुला सीमा छ । यो खुला सीमा नेपालको २७ जिल्लाको १८०० किमिसम्म फैलिएको छ । तर, यो खुला सीमाको कारण नेपाली भूमि अतिक्रमण, भारतीय सीमा तस्करलाई र भारतीय अपराधीलाई नेपाल लुक्न सहज भइरहेको छ । नेपालको उत्तरतर्फ चीनसँग सीमा विवाद नेकाका बीपी कोइराला सरकारको पालामा सल्टाइएको थियो ।

रास्वपा सरकारको नेतृत्व गरेको बालेन साहले एक–ढेड महिनाअघि प्रतिनिधिसभाको बैठकमा 'नेपालले भारतको सीमा मिचेको' बताए । नेपाली जनताले बालेनको यो भनाइको विरोध एवम् भर्त्सना गर्दै छन् । तत्काललाई नेपालसँग भारतको सीमा मिच्ने क्षमता र अवस्था दुवै छैन । किनभने, नेपालभन्दा भारतको भूगोल र जनसङ्ख्या ४०–५० गुणा ठुलो छ । सन् १८१६ को सुगौली सन्धिअनुसार महाकाली नदीपारि भारत पर्दछ । तर, भारतले महाकाली नदीवारिको नेपाली भूमि– लिपुलेक, कालापानी, लिम्पियाधुरालगायत अतिक्रमण गर्‍यो । भारतले नेपालको भूमि– इलामको पशुपतिनगरदेखि सप्तरीको तिलाठी र लालापट्टी, नवलपरासीको सुस्ता, कन्चनपुरको गौरीफान्टा, दोधारा–चाँदनी र दार्चुलाको सदरमुकामसम्म अतिक्रमण गरेको छ । घामजतिकै छर्लङ यो विषयलाई उठाउनुपर्नेमा रास्वपा सरकारले 'नेपालले भारतको जमिन मिचेको' बोलेर भारतीय विस्तारवादसामु आत्मसमर्पण गर्दै छ ।

नेपाल र भारतका सीमा अधिकारीबिच नेपाल–भारत खुला सीमा विवाद सल्टाउन बरोबर बैठक हुन्छ तर नेपाल सरकारले शिर उठाएर 'नेपाली भूमि फिर्ता गर्नु' भनी भारतलाई भन्न नसक्दा विवाद लम्बिँदै छ । साउन २६ गते दुई देशका नापी अधिकारीहरूको १३ औँ बैठक भारतको लखनउमा भयो । बैठकले दुई देशको खुला सिमानाको दसगजामा दुवै देशका नागरिकको बसोबास गरिरहेकोलाई आगामी तीन वर्षमा हटाउने निर्णय गर्‍यो । खुला सीमाका दसगजामा नेपालीको बसोबास भइरहेको सुनिँदैन, त्यहाँ भारतीयहरूकै बसोबास रहेको हुनुपर्दछ । रास्वपा सरकारले यो यथार्थलाई बङ्ग्याएर 'नेपालले भारतको सीमा मिचेको' बोल्नु भारतीय विस्तारवादसामु आत्मसमर्पण किन होइन ?

नेपालीले नेपालकै भूभागमा खेती गर्दै आएका हुन् । माओवादी सशस्त्र द्वन्द्वको

बाँकी पृष्ठ ११ मा

## हरिबहादुर श्रेष्ठद्वारा रचित कवितासङ्ग्रह 'ए, मेरा रातहरू' को परिचर्चा एवं कविता वाचन कार्यक्रम




भक्तपुर । 'मजदुर' दैनिकको आयोजनामा साउन ३० गते प्रगतिशील साहित्यकार हरिबहादुर श्रेष्ठद्वारा रचित कवितासङ्ग्रह 'ए, मेरा रातहरू' को परिचर्चा एवं कविता वाचन कार्यक्रम सम्पन्न भयो ।

पुस्तकका लेखक, साहित्यकार एवम् वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले सबै कविता वा कवि उस्तै नहुने बताउँदै ग्रीसका दार्शनिक प्लेटोद्वारा लिखित गणतन्त्र नै पहिलो साम्यवादी पुस्तकका रूपमा पढिँदै आएको चर्चा गर्नुभयो ।

उहाँले 'ए, मेरा रातहरू' पुस्तकमा प्रयोग भएका केही बिम्बहरूबारे उठेका जिज्ञासाबारे जवाफ दिँदै अन्याय, अत्याचार नहुने, समानताको व्यवहार हुने ठाउँको रूपमा 'स्वर्ग' लाई समाजवादी साहित्यमा प्रयोग गर्ने गरिएको धारणा राख्दै रामायण, महाभारत इतिहास नभई साना घटनालाई महाकाव्यको रूपमा लेखिएको बारे भारतीय पुरातत्त्वविद् सांकलियाको दाबी भएको बताउनुभयो ।

तत्कालीन शासकहरूले जनतालाई आफ्नो अनुकूल बनाउन साहित्य र कथाहरू रचेको उल्लेख गरी उहाँले महाभारतमा उल्लिखित घटनाहरूका राम्रो र नराम्रो विषयमा केलाउनुपर्ने बताउनुभयो ।

उहाँले धार्मिक कुरालाई आलोचनात्मक दृष्टिकोणले हेर्नुपर्ने भन्दै मानव समाजको विकासबारे नयाँ पिँढीलाई शिक्षा दिनकै लागि चिडियाखाना र सङ्ग्रहालयको व्यवस्था गरिएको बताउनुभयो ।

पूर्वी युरोपेली घुमन्ती जाति भक्तपुर आउँदा महिलालाई उपहार नदिएसम्म कसैले केही पनि नलिएको र मातृसत्तात्मक समाजको अवशेषको रूपमा रहेको अनुभव साझा गर्दै उहाँले हरेक कविको अभिव्यक्ति र भावनामा विविधता हुने र दर्शन र देशभक्तिमा समानता पाउनेबारे प्रस्ट पार्नुभयो ।

सिकाइको कहिल्यै अन्त्य नहुने विचार राख्दै साहित्यकार श्रेष्ठले साहित्यबाट सिक्ने र ऊर्जा प्राप्त गर्न सकिने विश्वास व्यक्त गर्नुभयो ।

समालोचक तथा कवि डा.रामप्रसाद ज्ञवालीले भक्तपुर आफैँमा एक सुन्दर कविता भएको धारणा राख्दै एउटै कलामा महाकाव्य लेख्न सकिन्छ भन्दै 'ए, मेरा रातहरू' पुस्तकलाई लघु काव्यका रूपमा लिनुपर्ने बताउनुभयो ।

उहाँले उक्त कवितासङ्ग्रहमा लेखकद्वारा नेता, कार्यकर्ता, शिक्षक, महिला, किसान, मजदुर, युवाहरूलाई सन्देश तथा मार्गनिर्देशन गर्न विद्रोही चेतना समेटिएको स्पष्ट पार्नुभयो ।

बाँकी पृष्ठ १२ मा

## छ्यालीसऔँ नेपालभाषा साहित्य त:मुंज्या गोल्मढीमा हुने आयोजक समिति गठन

भक्तपुर । 'जनता म्वा:सा, भाषा म्वाइ' मूल नाराका साथ आयोजना हुने ४६ औँ नेपालभाषा साहित्य त:मुंज्याका लागि आयोजक समिति साउन २८ गते गठन गरिएको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले नेपालभाषा साहित्य त:मुंज्याको दबुले सबै भाषालाई स्थान दिँदै आएको बताउनुभयो । अन्य भाषाभाषीसँग कुराकानी गर्दा नेपालभाषालाई पनि बोलीचालीमा अझ उत्कृष्ट बनाउँदै लैजानुपर्ने उहाँको भनाइ थियो ।

सचिव सुवालले ३५ वर्षसम्म पटकपटक सत्तामा बसेर शासन गर्ने पार्टीहरूले देशलाई आर्थिक रूपमा कमजोर बनाएको उल्लेख गर्दै राष्ट्रिय कलकारखाना निजीकरणका नाममा कौडीको मूल्यमा बेचेको बताउनुभयो ।

युवाहरूलाई स्वदेशमै रोजगारीको अवसर सिर्जना गरी स्वदेशमै काम गर्ने वातावरण नबनाएसम्म देशको विकास सम्भव नहुने उहाँले बताउनुभयो ।

उहाँले एमसीसीमा विदेशी लगानी तथा प्रभाव रहेको बताउँदै नेमकिपाले त्यसको विरोध गर्दै आएको बताउनुभयो । नेपालमा दलाई लामालगायत विदेशी प्रभावमा रहेका व्यक्तिहरूबाट सचेत रहनुपर्ने धारणा पनि उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईँले जनता सङ्घर्षका लागि तयार भएमा मात्र कला, भाषा र संस्कृतिको सुरक्षा गर्न सकिने बताउनुभयो ।

जनता आर्थिक रूपमा सबल हुनुका साथै सांस्कृतिक रूपमा पनि सबल हुनुपर्नेमा जोड दिँदै उहाँले नयाँ पुस्तासँग कर्तव्य र इतिहासका विषयमा निरन्तर छलफल चलाउन आवश्यक रहेको बताउनुभयो ।

अतिथि गोसाईँले तत्कालीन अवस्थामा साहित्य लेख्ने र सुन्ने अवसर सिर्जना गर्ने अभियानकै रूपमा नेपालभाषा साहित्य त:मुंज्याको विकास भएको उल्लेख गर्नुभयो । नेपालभाषाका साहित्यकारहरूको साहित्य विश्वका अन्य भाषाका साहित्यभन्दा कुनै पनि हिसाबले कम नरहेको उहाँको भनाइ थियो ।

नेपालभाषा साहित्य त:मुंज्याको दबु जनतालाई राजनीतिक रूपमा शिक्षित र सचेत बनाउने मञ्च भएको उल्लेख गर्दै गोसाईँले नेपाली समाजमा रहेका विकृति र विसङ्गतिबारे जनतालाई सचेत गराउने काममा त:मुंज्याले निरन्तर योगदान गर्दै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिका-७ का वडाध्यक्ष एवं नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य उकेश कवांले नेपालभाषा साहित्य त:मुंज्यालाई वर्गीय दृष्टिकोणबाट हेर्न आवश्यक रहेको बताउनुभयो । उहाँले त:मुंज्याले कामदारवर्गको पक्ष लिँदै आएको उल्लेख गर्दै साहित्य र संस्कृति जनतासँग जोडिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले नेपालभाषा साहित्य त:मुंज्या तथा साहित्य गोष्ठीहरू नभएका भए थुप्रै

बाँकी पृष्ठ १२ मा

## बासु मा.वि. को प्रगतिबारे छलफल



भक्तपुर । बासु माध्यमिक विद्यालयले विद्यालयको प्रगतिबारे जानकारी दिने उद्देश्यले साउन ३१ गते स्थानीय अभिभावक, समाजसेवी, बुद्धिजीवी, शिक्षाप्रेमी र शिक्षकहरूबिच भेटघाट कार्यक्रम गर्‍यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले नेमकिपाका अग्रजहरूले भक्तपुरमा विद्यालय र कलेज स्थापना र सञ्चालनमा उल्लेखनीय योगदान गर्नुभएको र ख्वप कलेजहरू यही योगदानको उपलब्धि भएको बताउनुभयो ।

सचिव सुवालले विद्यालय र कलेजहरूले नयाँ पुस्तालाई देश र

बाँकी पृष्ठ ११ मा

## सापारुबारे युवा सर्जकहरूबिच कार्यशाला गोष्ठी

भक्तपुर । भक्तपुरको मौलिक जात्रा सापारु (गाईजात्रा) को इतिहास, संस्कृति र पर्यटन प्रवर्द्धनको विषयमा युवा सर्जकहरूबिच साउन ३१ गते कार्यशाला गोष्ठी सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर परम्परागत कला र संस्कृतिमा धनी भएको चर्चा गर्दै मौलिक कला र संस्कृतिबारे यथार्थ विवरण सामाजिक सञ्जाल र लेख रचनामार्फत सही ढङ्गबाट प्रचारप्रसार गर्न युवाहरूलाई अनुरोध गर्नुभयो ।

उहाँले युवा पुस्तामा नकारात्मक दृष्टिकोणको विकास हुँदा सामाजिक, राजनैतिक विकृतिहरू फैलिरहेकोमा सचेत हुन आग्रह गर्दै इतिहास, संस्कृतिको गहिरो अध्ययन गरी नयाँ पुस्तामा सामाजिक उत्तरदायित्वबोध गराउन प्रेरित गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यशालामा इतिहासविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले गुन्हीपुन्ही सापारुबारे ऐतिहासिक किंवदन्ती र दस्तावेजहरूको जानकारी दिनुभयो । नेवा: सभ्यताको उत्कृष्ट नमुना सापारु भएको उल्लेख गर्दै सापारुमा समयानुकूल परिवर्तन आइरहेको बताउनुभयो । उहाँले सापारुको विकृतिबाट जोगिन नयाँ पुस्ताबिच रचनात्मक सन्देश प्रवाह गर्न अनुरोध गर्नुभयो ।


भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले गुन्हीपुन्ही सापारुको अवधिमा नगरभरि हुने सांस्कृतिक गतिविधिहरूबारे जानकारी दिनुभयो । उहाँले यस अवधिमा भक्तपुरमा परम्परादेखि चल्दै आएको साँदेय् गीत, सिलु गीत, सितलामाजु गीतबारे थप अध्ययन अनुसन्धान गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर पर्यटन विकास समितिका पूर्वअध्यक्ष रामसुन्दर भेलेले सापारुमा मृतक परिवारको रुवाइबाट ताहामचा र घिन्ताङघिसी नाच सुरु हुने भएकोले रमाइलोसँगै मानवीय संवेदनशीलताबारे सचेत बन्नुपर्नेमा जोड दिनुभयो । उहाँले सांस्कृतिक पर्व जात्राको विषयमा सूचना प्रवाह गर्दा आधिकारिकता खोज्नुपर्ने बताउनुभयो ।

भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष दिपेशराज शर्माले सांस्कृतिक पर्व, जात्रालाई धर्मको रूपमा भन्दा सभ्यताको प्रतीकको रूपमा हेर्नुपर्ने बताउनुभयो । उहाँले सापारुको समयमा आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि सही सूचना प्रवाह गर्न र संस्कार र संस्कृतिको वैज्ञानिक अर्थसहितको मौलिक कथा बताउन आग्रह गर्नुभयो ।

कार्यशालामा भक्तपुरको कला, संस्कृति, जीवनशैली र यहाँको भौतिक अभौतिक सम्पदा र स्थानीय उत्पादनको विषयमा डिजिटल प्रवर्द्धन गर्ने कन्टेन्ट क्रियटरहरू सहभागी भएका थिए ।

सहभागीहरूबाट प्राप्त जिज्ञासा र प्रश्नहरूको स्रोतव्यक्तिहरू प्रा.डा. श्रेष्ठ, भक्तपुर पर्यटन विकास समितिका शर्मा र भेलेले विभिन्न विषय प्रसङ्गसहित प्रस्ट पार्नुभयो ।



शान्तिको वास्तविक अर्थ समाजवादको विरोध नहुनु हो । प्रजातन्त्र समाजवादमा पुग्ने सडक हो ।

कार्ल मार्क्स

## सम्पादकीय

# विदेशबाट सिकेका प्राविधिक र अन्य समस्या

विदेशबाट शिक्षित केही नयाँ इन्जिनियरहरूले बनाएका नक्सा र काम गराउँदा बेमेललाई केलाउँदा नेपाली डकर्मी कामदारहरू अचम्म मान्छन् । विदेशबाट शिक्षित उनीहरू सूर्यविनायक, चाँगुनारायण र अन्य मन्दिरहरूजस्तै नेपालका अन्य मन्दिर, नगर वा बस्तीहरूको खुड्किलाको काम गराउँदा माथिबाट सुरु गराउँदा रहेछन् । तर, नेपालीहरू तलबाट सुरु गराउँदा रहेछन् । अनि विदेशबाट शिक्षित इन्जिनियरहरू लाजले राजीनामा दिएर जान्छन् । ससाना पुल पुलेसा बनाउँदा पनि सरकारको ठेक्का प्राप्त ठेकेदारका इन्जिनियरहरू पनि एउटै बाढीले पुलको 'नामो निसान' बाँकी नरहँदा लाजले भागेका थिए । सम्भवतः सिंहदरबारका मन्त्री र ठूलाबडा यस्ता व्यावहारिक जानकारीबाट बेखबर हुन्छन् किनभने सिंहदरबार पुग्ने अधिकांश महाशयहरू सम्पन्न परिवारबाट आएका हुन्छन् ।

इन्द्रचोकमा पुराना घरहरू पनि मल्लकालका थिए । घरका लामका दुवैतिरका ढल खोलेको भए बिचको ठुलो सिमेन्टका पाइपहरूको ढलको आवश्यकता हुने थिएन । यही कुरा भक्तपुरको लाय्कुको उत्तरतिरको ब्यासी जाने बाटो र गल्लीमा नयाँ ढल बनाउनु आवश्यकै थिएन । तर, विदेशीले पैसा दियो भन्दैमा त्यस्ता अनावश्यक प्राचीन संरचनाहरू भत्काउन मिल्दैनथ्यो, यस्तै सानो बाटो र गल्लीको दुर्गति दुई तीन वर्षसम्म रह्यो । यसकारण, सिंहदरबार र ठुल्ठुला योजना कार्यालयहरूले विदेशीले दियो भन्दैमा स्थानीय जनतासँग छलफल नगरी काम सुरु गराउँदा भइरहेको बाटोको संरचना तीन चार वर्षसम्म अलपत्र रहेको भक्तपुरका जनताको आफ्नो अनुभव ताजै छ । यस्तो भद्रगोल र अलपत्रको कारण के होला ?

सिंहदरबारबाट पठाइएका हाकिमहरू देश र जनताप्रति भन्दा केन्द्रप्रतिको असन्तुलित बफादारी र जनताको व्यावहारिक समस्याको अज्ञानता हो । माथिल्ला वर्गका युवाहरू आफ्ना घरपरिवारमा बस्नुभन्दा विदेश र काठमाडौँका महँगा विद्यालय र विश्वविद्यालयका चार किल्लाभित्र हुर्केका हुनाले देश र जनता एवं स्थानीय जनताप्रति कहिले केही सरोकारको अनुभव नै गर्न नपाएको परिणाम वर्तमान कार्यशैली हाम्रो प्रशासनको शैली नै हो । यसले जनतालाई पराइ सम्झनु आवश्यक थिएन । तर, भाषा, लवाइ-खवाइ र सांस्कृतिक गतिविधि नै नयाँ भई पराइ सम्झेका हुन्छन् । यसकारण, प्रशासकहरूको व्यवहार स्थानीय जनताको निम्ति विदेशीको जस्तो, सरकारको आँखामा उपत्यका बाहिरका जनता सदा विद्रोहीजस्तो भइरहेको छ । जहिलेसम्म हरेक प्रशासकहरूले आफ्नो मातृभाषाबाहेक नेपाली, अन्य भाषा र संस्कृति बुझेका हुँदैनन् तबसम्म सरकारी पक्ष र साधारण जनताको माझमा भिन्नता मेटाउन धेरै समय लाग्छ । भक्तपुर र सिंहदरबारबिच पराइपन जनताले भोग्दै आएका छन् भने पूर्वका राई, लिम्बु, राजवंशी, तराईका मैथिली, भोजपुरी भाषाभाषी तथा विभिन्न जिल्लामा छरिएका थारु, गुरुङ, मगर र अनेक अल्पसङ्ख्यक र लोपोन्मुख जातजातिहरूको मनमा शासक र केन्द्रीय प्रशासकहरूप्रति कसरी आत्मीयता र अपनत्व जगाउने होला ?!

हिजो अस्ति शासन व्यवस्था नेपालमा पनि शक्तिले चलाउँथ्यो । तर, शासन चलाउनु भनेको इजरायलले प्यालेस्टिनी र गाजाका जनतालाई दबाउनु शक्ति सिद्धान्तको अमानवीय उदाहरण हो । यो राजनीति होइन - बर्बरता हो । संयुक्त राष्ट्र सङ्घका संस्थापक देश संयुक्त राज्य अमेरिकी जनताको राष्ट्रपतिजस्तो पद सम्हालेका ट्रम्पको भाषा, बोली र व्यवहारले संसारका सबै राष्ट्रपति, प्रधानमन्त्री र सिंहदरबारहरूलाई आश्चर्य र आतङ्क अनुभव गराएको होला ! तर, शक्तिको अगाडि कूटनैतिक मर्यादा र सिद्धान्ततालाई सबै भुक्तभोगी देशहरूले मानव जातिको जङ्गली अवस्थापछिको बर्बर समाजलाई सम्झेका होलान् भने मनमनले कल्पेको होला ! तर लाचार ! यस्तो स्थिति लामो समय नरहला सभ्य समाजमा !

नगरपालिका र गाउँपालिकाले के के गर्नु हुन्छ र के के हुँदैन यसको सीमा के हो र कहिले स्वायत्तता पाउने हो भन्ने जानकारी हुने खालको केन्द्रले तालिम दिनु आवश्यक छ । मेयर, वडाध्यक्ष र वडा सदस्यहरू 'तानाशाहहरू' होइनन् जनताबाट निर्वाचित सदस्य हुन् । सारा जनता समाजवादी र साम्यवादी व्यवस्थाका जस्ता सचेत जनताजस्तै अहिले हामीले आफूलाई पाउने कुरै भएन । तर, सरकार आफैंले 'आवास क्षेत्र, व्यापार क्षेत्र र प्राचीन सांस्कृतिक क्षेत्र' बारे प्रस्ट पार्ने र नगरका हरेक कालोपत्रे स-साना सडकहरू राजमार्ग होइनन्, १०-१२ पाङ्ग्रे ठुलो भार बोकेका बाहनहरू निषेध गर्नु आवश्यक अनुभव गर्नु जनतालाई शिक्षित गर्नु हो । रातरातभरि सरकारसँग स्वीकृति लिएको वा नलिएको थाहै नदिई कल-कारखानाहरूको आवाज आउने मेसिन चालू भएको अनुभव स्थानीय जनताको छ । कथंकदाचित कुनै विस्फोट भई दुर्घटना भएपछि मात्र हामीले 'जिल्ला प्रशासन कार्यालय' कहाँ छ भनी खोज्ने हो र ? सबैले सोचौँ !

# 'गोर्खा भर्ती' खारेज गराऔँ ! 'अग्निवीर' प्रवेश नगराऔँ !

✍ प्रज्ज्वल

विसं २००७ सालयता नेपाल र भारतका सेनाध्यक्षलाई एक अर्को देशमा मानार्थ सेनापतिबाट सम्मान गर्ने परम्परा सुरु दिएको सार्वजनिक भयो । यतिबेला भारतको स्थल सेनाध्यक्ष जनरल धीरज सेठ गत साउन ३१ गतेबाट नेपालको चारदिने औपचारिक भ्रमणमा छन् । उनी नेपाली सेनाको 'मानार्थ महारथी' को दर्जा ग्रहण गर्न नेपाल आएका हुन् । तर, कोभिड - महामारीयता ६ वर्षदेखि रोकिएको नेपालीलाई 'गोर्खा भर्ती' को नाममा भारतीय सेनामा भर्तीबारे निकास दिन पनि भारतीय महारथी सेठ नेपाल आएको सार्वजनिक भयो । सेठले २०२६ जुन ३० मा भारतीय सेनाको प्रधानसेनापतिको जिम्मेवारी सम्हालेका थिए । नेपालका प्रधानसेनापति अशोकराज सिग्देलले विसं २०८१ मङ्सिरमा भारतको नयाँ दिल्ली पुगेर राष्ट्रपति द्रौपदी मुर्मुबाट भारतीय सेनाको 'मानार्थ महारथी' दर्जा प्राप्त गरेका थिए । नेपाल र भारतको भूगोल र जनसङ्ख्याको आकार धेरै फरक छ । यो अवस्थामा एकअर्का देशमा 'मानार्थ महारथी' पाउने परम्परा नेपाली जनताको हितमा हुने छैन ।

भारत सरकारले आफ्नो सेनामा भर्ती हुनेहरूलाई चार वर्षको 'अग्निवीर' मा राखेर तालिम दिने र त्यसमा योग्य २५ प्रतिशतलाई मात्र भारतीय सेनामा भर्ना गर्ने योजना सन् २०२२ मा सुरु गरेको सार्वजनिक भयो । भारतीय महारथी सेठले नेपालीलाई पनि 'अग्निवीर' मा भर्ती गराउनेबारे निकास दिने बताइयो । तर, संयुक्त राष्ट्र सङ्घमा समेत गोर्खा भर्तीलाई 'भाडाका सिपाही' भनी हेला गरिएको थियो । सन् १८१६ को सुगौली सन्धिपछि नेपाली युवालाई बेलायतले गोर्खा भर्तीमार्फत सेना बनाएर पहिलो र दोस्रो विश्वयुद्धमा लडायो, मरायो । सन् १९४७ पछि बेलायती उपनिवेशबाट भारतमुक्त भयो तर गोर्खा भर्तीको हिस्सा भारतले पनि लियो । देशभक्त नेपाली जनताले गोर्खा भर्ती खारेज गर्नुपर्ने आवाज उठाउँदै छन् । एमाले र तत्कालीन माओवादी सडकमा हुँदा गोर्खा भर्तीको विरोध गर्थे, सरकारमा पुगेपछि ती दुवैले राणा शासन, पञ्चायती सरकार र नेपाली काङ्ग्रेसको सरकारजस्तै गोर्खा भर्तीलाई समर्थन गरे । यसकारण गोर्खा भर्ती र 'अग्नीवीर' दुवै नेपाल सरकारले खारेज गर्नु आवश्यक छ ।

गोर्खा भर्तीअन्तर्गत भर्ना हुने १० गोर्खा रेजिमेन्टमध्ये ६ वटा भारतीय सेनामा र ४ वटा बेलायती सेनामा रहने सार्वजनिक भयो । सन् १९४७ को नेपाल-बेलायत-भारतबिच भएको त्रिपक्षीय सम्झौतामा 'अग्निवीर' बारे उल्लेख नभएको र कोभिड-१९ महामारीयता गोर्खा भर्तीसमेत बन्द रहेको हुँदा लमजुङ र पोखराका युवाहरूले 'खाडीमा पसिना बगाउनुभन्दा अग्निवीरमै जान पाउनु बेस' भनेर माग गरेको सार्वजनिक भयो । ती नेपाली युवालाई संरा अमेरिकी दूतले संयुक्त राष्ट्र सङ्घमा गोर्खा भर्तीलाई 'भाडाको सिपाही' भनी हेला गरेको थाहा नभएको हो वा नेका, एमाले, तत्कालीन माओवादीदेखि हालको रास्वपा सरकारसमेतले देशमा रोजगारी दिने आशा गर्ने ठाउँ नदेखेको हो, यसकारण उनीहरू गोर्खा भर्ती वा अग्निवीरमा जान लालायित भएको हुनुपर्दछ । सरकारहरूले नेपाली युवालाई विद्यालय र विश्वविद्यालयको शिक्षामा देशभक्तिबारे बताउने बन्दोवस्त नगरी वैदेशिक रोजगारीमा पठाएको पनि अर्को कारण हुनुपर्दछ ।

भारतीय सेनाका महारथी सेठले नेपालको राष्ट्रपतिबाट नेपाली सेनाको मानार्थ महारथी ग्रहणपछि रास्वपा सरकारका प्रमसँग पनि भेटघाट हुने र नेपाली सेनाका प्रधानसेनापति सिग्देलसँगको भेटमा द्विपक्षीय सैन्य सहयोग, सहकार्य, विपद व्यवस्थापन र संयुक्त सैन्य अभ्यासजस्ता विषयमा छलफल हुने सार्वजनिक भयो । यसले दुवै देशका सेनाको संस्थागत सम्बन्ध नयाँ उचाइमा पुग्ने दाबी गरियो । नेपाली सेनाका लागि भारतकै पुराना हतियार किन्नुपर्ने सन् १९५० को सन्धि खारेज नगरिएसम्म नेपाली सेनाको सामर्थ्य विकास हुने छैन । दुई सेना प्रमुखबिचको वार्तामा दुई देशको सीमा नियमन गर्ने, नेपाल-भारत सीमामा रहेका ८५५४ सीमा स्तम्भमध्ये हराएका १,३२५ सीमा स्तम्भ यथास्थानमा पुनःस्थापना गर्ने, आंशिक वा पूर्ण क्षति भएका १९५६ सीमा स्तम्भलाई मर्मत गर्ने विषय छलफल गर्नु पर्दैन र ? नेपालको सुस्ता, लिपुलेक, कालापानी र लिम्पियाधुराबाहेक २७ जिल्लामा १ हजार ८८० किलोमिटर लामो नेपाल-भारत सीमा रहेको बताइन्छ । दुई सेनाप्रमुखबिचमा के नेपालको सुस्ता लिपुलेक, कालापानी र लिम्पियाधुरामा भारतको अतिक्रमण रोक्ने विषय छलफल हुनु जरुरी छैन ? भारतले नेपालको गुन्जीदेखि लिपुलेकपाससम्म बनाएको सडक र त्यसको उद्घाटन भारतीय रक्षामन्त्री राजनाथ सिंहलाई कोभिड-१९ महामारीको बेला गराइएको विषय प्रवेश हुनु आवश्यक छैन र ?

रास्वपा प्रमले प्रतिनिधिसभाको बैठकमा पुगेर 'नेपालले भारतको धेरै ठाउँमा सीमा मिचेको छ' भनी बोलेका थिए । भारतीय शासक वर्गको अगाडि खुट्टा कमाउने नेपालका शासकहरू सरकारको नेतृत्वमा पुगिरहेको हुँदा सिमानाका नेपाली जनता भारतीय एसएसबीबाट प्रताडित हुनु परेको हो ।

नेपालको नापी विभागका उपमहानिर्देशकलाई भारतको लखनउ बोलाएर त्यहाँका शासकहरूले सीमावर्ती क्षेत्रमा एक अर्का देशका नागरिकले भोगचलन गरेको जग्गा नापजाँच गर्ने सम्झौतामा हस्ताक्षर गरायो । रास्वपाका प्रमले 'नेपालले पनि भारतको धेरै ठाउँमा सीमा मिचेको छ' भनी बोलेकोलाई पुष्टि गराउन यो जालसाजी गरिएको हुनुपर्छ । तीन महिनापछि पेश हुने प्रतिवेदनमा नेपाली अधिकारीहरूलाई नेपालले भारतको सीमा मिचेको छ भने दस्तावेजमा सही छाप गराउनेछ । माओवादी द्वन्द्वको बेला नेपाल-भारत सीमा नक्सा तयारीमा भारतले नेपालको भूमि भारततर्फ पारिएको नक्सामा नेपाली अधिकारीहरूलाई दस्तखत गराएको थियो । यही नक्सा अहिले भारतले गुगलमा राखेको छ । यसै आधारमा रास्वपाका प्रमलगायत नेताहरू 'नेपालले भारतको सीमा मिचेको छ' भनेर झुटा बोलिरहेको हुनुपर्दछ ।

# सिक्किम र फिजीको इतिहासबाट नेपालीले पाठ नसिक्ने ?




शुक्र

हालै चीनको ग्वाङ्झाउमा भएको गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) को ११ औँ एसिया प्यासिफिक क्षेत्रीय सम्मेलनले 'एक पटकको नेपाली सधैंको नेपाली' को व्यवस्था हुनुपर्ने विषय पारित गरेको सार्वजनिक भयो । रास्वपाले गत निर्वाचनको घोषणापत्रमा 'एक पटकको नेपाली सधैँको नेपाली' भनी उल्लेख गरेकोले एनआरएनएले वंशजको नेपाली नागरिकता दिनुपर्ने माग उठाएको हो ।

नेपालको संविधान, २०७२ को धारा २८९ मा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेशसभाको सभामुख र सुरक्षा निकायको प्रमुखको पदमा निर्वाचित, मनोनीत वा नियुक्ति हुन वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेको हुनुपर्ने उल्लेख छ ।

संविधानको धारा २९१ मा विदेशको स्थायी आवासीय अनुमतिपत्र लिएको नेपालको नागरिक यस संविधानबमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति हुने पदमा निर्वाचित, मनोनीत वा नियुक्तिको लागि योग्य नहुने उल्लेख छ । गैरआवासीय नेपाली भनेको विदेशको नागरिकता वा स्थायी आवासीय अनुमतिपत्र भएका नेपाली हुन् । यसकारण विदेशको नागरिकता वा स्थायी आवासीय अनुमतिपत्र बोक्नेहरू नेपाली हुन सक्दैन ।

संविधानको यो व्यवस्थाले एनआरएनहरूले संविधानबमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति हुने पदमा बस्न पाउँदैन । रास्वपाको सरकारलाई संविधानको यो व्यवस्था संशोधन गर्न दबाव दिनेहरू को को हुन् ? गत फागुन २१ गतेको प्रतिनिधिसभाको निर्वाचनमा अधिकांश एनआरएनले रास्वपालाई मतदान गराउन धेरै दबाब दिएको सार्वजनिक भएको थियो । एनआरएनको दबावमा रास्वपा सरकारले संविधान संशोधन गर्न शासक दलहरूको साथ खोजेको पनि बाहिरियो ।

२२ खर्ब रेमिट्यान्स भित्र्याउने एनआरएनका छोरा पुस्ता विदेशी नभएको एनआरएनएले दाबी गरेको छ । के एनआरएनका छोरा–नाति नेपालको राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेशसभाको सभामुख र सुरक्षा निकायको प्रमुख हुने बाटो खुला गर्ने एनआरएनएको मनसाय हो ?

शासक दलहरूले २०६३ सालमा जन्मको आधारमा नेपाली नागरिकता दिन नागरिकता ऐन संशोधन गरेका थिए । त्यसबेला लाखौं भारतीयले नेपाली नागरिकता लिएको समाचार प्रकाशित भएको हो । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले विपक्षमा मत हाल्नु भएको थियो । नेपालसँग भारतको खुला सिमाना भएको हुँदा धेरै भारतीयको सन्तानले नेपालमा जन्मेको आधारमा नेपाली नागरिकता पाएको तितो यथार्थ हामीले भुल्नु हुँदैन ।

एनआरएनएको सम्मेलनले वंशजको नागरिकतासहित संविधानको धारा २९१ ले आफूहरूलाई समस्या पारेकोले सो खारेज हुनुपर्ने माग पनि उठाएको छ । यो माग नेपालीको होइन विदेशीको नियोजित योजना हो । सिक्किम भारतमा मिलाउन संसदको चुनाव गराइएको थियो ।

बसोबासको आधारमा फिजीले भारतीय मूलका नागरिकहरूलाई नागरिकता दिएपछि भारतीय मूलका नागरिकहरू जनसङ्ख्यामा ठूलो हिस्सा भयो । जसले गर्दा त्यहाँ भारतीय मूलका नागरिक उच्च राजनैतिक पदमा पुगे र विदेशीको इसारामा काम गरेको इतिहासबाट नेपाली जनता सचेत हुनु जरुरी छैन र ?

# नेपालको राजनीतिमा एनजीओ र आइएनजीओहरूको बढ्दो प्रभाव

✍ विवेक

नेवारीमा एउटा भनाइ छ- 'कसैले सितैमा दियो भन्दैमा त्यो लिनुहुन्न ।' त्यसको अर्थविना स्वार्थ कसैले पनि सहयोग गर्दैन भने हो । नेपालमा एक वर्षअघि भदौ २३ र २४ गते अप्रत्यासित घटना भयो । त्यो स्वत:स्फूर्त घटना थिएन । अमेरिकी सरकारले वर्षौं अघिदेखि युवा लक्षित कार्यक्रमहरू भन्दै गैरसरकारी (एनजीओ) र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आइएनजीओ) हरूमार्फत करोडौं डलर खर्च गरिरहेको थियो । त्यस घटनामा अमेरिकी युथ काउन्सिल, बारबरा फाउन्डेशन, टीओबी, समता फाउन्डेसनलगायत धेरै एनजिओ र आइएनजिओहरूको प्रत्यक्ष संलग्नता थियो । दुई देशबिच लडाईंको बेलासमेत यति छोटो समयमा सिंहदरबार, राष्ट्रपति भवन, सर्वोच्च अदालत, संसद् भवनलगायत सयौं सरकारी भवन, हजारौं सरकारी गाडीहरू खरानी बनाउन मुस्किल पर्थ्यो तर एउटा गोली र बमको प्रयोगविनै भदौ २४ गते देशको खरबौं मूल्यको सम्पत्तिमा क्षति पुयाइयो ।

जननिर्वाचित संसद् विघटन र नयाँ निर्वाचनको मञ्चन गरियो । अमेरिकी साम्राज्यवादको नियन्त्रणमा रहेका सञ्चारमाध्यमहरूको प्रयोग गरी देशलाई खरानी बनाउने एनजीओ र आइएनजीओहरूका सञ्चालकहरू नै अहिले प्रधानमन्त्री, मन्त्री र सांसद छन् । देशको ताला चाबी उनीहरूकै हातमा गएको छ । साम्राज्यवादीहरू डलर र पौण्डमा पालिएका देशघाती र दलालहरूमार्फत कसरी देश कब्जा गर्छन् भन्ने एक ज्वलन्त उदाहरण नेपाल बनेको छ ।

अमेरिका, बेलायत, फ्रान्स, जापानजस्ता देशहरू कम विकसित देशहरूमा स्वास्थ्य, शिक्षा, खानेपानी, पूर्वाधार निर्माणजस्ता विषयमा सहयोगको नाउँमा छिर्छन् । त्यो अन्य देश छिर्ने बहाना मात्र हुन् । उनीहरूको उद्देश्य देशै कब्जा गर्ने भन्ने हुन्छ । त्यस्ता देशमा रहेका बुद्धिजीवी कहलिएका विद्यावारिधिको डिग्री हासिल गरेका स्वार्थी व्यक्तिहरूलाई पहिले डलर वा पाउन्डको दास बनाउँछन् । डलरको लोभमा फसेका बुद्धिजीवीहरूले अफिमचीले अफिम छोड्न सक्छ तर उनीहरू डलरको लोभ छोड्न सक्दैनन् । त्यस्ता बौद्धिक दलालहरूमार्फत साम्राज्यवादीहरू आफ्ना प्रभाव बढाउँछन् । आर्थिक सहयोग दिएको नाताले उनीहरू आफूलाई मालिक र सहयोग पाउने देशका जनतालाई नोकरको व्यवहार गर्छन् ।

साम्राज्यवादी देशहरू अन्य देशहरूलाई कहिल्यै आत्मनिर्भर हुन्न दिन्न । उनीहरू जुन देशलाई सहयोग गर्छन् सबभन्दा पहिले त्यस देशका मौलिक उत्पादनहरूलाई ध्वस्त पार्छन् । नेपाल पहिले आयुर्वेद उपचार पद्धतिमा राम्रो थियो । विदेशीहरूको प्रवेशसँगै झारफुक, अन्धविश्वास भनेर त्यसलाई हेला गर्न थालियो । हाम्रो मौलिक उपचार विधि कमजोर बनाइयो । नेपाली जनतालाई उनीहरूको देशमा उत्पादित औषधीको भर पर्नुपर्ने अवस्था पुऱ्याइयो ।

पहिले झाडाबान्ता हुँदा नुन चिनी पानीको घरेलु उपचार विधि निकै प्रभावकारी थियो । जीवनजलले त्यसलाई विस्थापित गर्यो । केही रुपैयाँमा उपचार हुने रोगहरूसमेत हजारौं रुपैयाँ खर्च गर्नुपर्ने अवस्थामा पुऱ्याइयो । हरेक चिजमा जनतालाई विदेशकै भर पर्नुपर्ने बनाइयो । राजावादीहरूको आन्दोलनको नाउँमा नेपाल औषधी लिमिटेड ध्वस्त पारे । पहिले ग्रामीण क्षेत्र पूरै आत्मनिर्भर थियो । वेट बाँसबाट फर्निचरलगायत आवश्यक सामानहरू बन्थे, घरमै कपडाहरू बुनिन्थ्यो, दूध, माछा मासु, अन्नमा आत्मनिर्भर थियो । घरेलु र कुटिर उद्योगहरूमा धेरैले रोजगारी पाइरहेका थिए । अहिले पनि त्यो सम्भव छ । त्यसले व्यापारघाटा कम गर्थ्यो र देश आत्मनिर्भरताको बाटोमा अगाडि बढ्थ्यो । तर, विगतदेखि वर्तमानसम्मका सरकारहरूले त्यसमा ध्यानै दिएनन् । उल्टो देशका उद्योगधन्धाहरू बन्द गर्ने नीतिले निरन्तरता पाउँदै गए । यी सबै काममा एनजीओ र आइएनजीओहरूको प्रत्यक्ष र अप्रत्यक्ष हात रहेकै हुन्छ ।

पहिले भृकुटी कागज कारखानाले उत्पादन गरेको कागजले देशका धेरै आवश्यकताको पूरा हुन्थ्यो, छाला जुत्ता कारखानाले जुत्ताको र कपडा कारखानाले कपडाको, गोरखकाली टायर उद्योगले टायरको माग पूरा गर्थे । त्यसको संरक्षण गर्नुको सट्टा घाटामा गएको बहानामा सरकारले निजीकरण गरियो । अप्रत्यक्ष रूपमा ती उद्योगहरू बन्द गर्ने अघोषित नीति थियो । सरकारले सरकारी कार्यालयहरूको लागि आवश्यक सबै कागज नेपाली उत्पादन प्रयोग गर्नुपर्ने, सरकारी कर्मचारी, सेना, प्रहरी र शिक्षक तथा बैङ्क कर्मचारीहरूले नेपाली उत्पादनको जुत्ता र नेपाली कपडा लगाउनुपर्ने नीति बनाएको भए ती सबै कारखाना नाफामा जाने थिए । सरकार सञ्चालन गर्ने दल र त्यसका नेताहरू नजानिँदो रूपमा साम्राज्यवादीहरूको चङ्गुलमा फसे । उनीहरू नेपालमा आफ्नो उत्पादन बिकाउने बजार बनाउन चाहेको कुरा नेपाली शासकहरूले बुझेनन् । यसले नेपाल आर्थिक रूपमा टाट पल्टिने अवस्थामा पुग्यो ।

नेपालको अहिलेको अवस्था विश्व बैङ्क, एसियाली विकास बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोषजस्ता साम्राज्यवादीहरूको आर्थिक हतियारहरूसँग नाता सम्बन्ध जोड्दै जानुको परिणाम हो । उनीहरू सहयोगको नाउँमा साना र कमजोर देशहरूलाई कहिल्यै आत्मनिर्भर हुन नदिने, सधैं उनीहरूको दासत्व स्वीकार्नुपर्ने अवस्थामा पुऱ्याइदिन्छन् । के नेपालले आर्थिक विकासमा सुधार नआउनुले यो कुरा पुष्टि हुँदैन र ?

नेका, एमाले, माओवादी, राप्रपालगायत मधेसी दलहरू मिलेर अमेरिकी स्वार्थमा आएको एमसीसी पारित गरियो । नेपाल मजदुर किसान पार्टीले समयमै त्यसबारे खबरदारी गऱ्यो । देशका कुना काप्चासम्म एमसीसीविरुद्ध आवाज उठायो र एमसीसी रोक्ने सक्दो प्रयत्न गऱ्यो । एमसीसीबारे व्यापक जनतालाई सचेत पार्ने जिम्मेवारी पूरा गऱ्यो तर रोक्न नै भने सफल भएन । एमसीसीअन्तर्गत प्राप्त हुने ५५ करोड अनुदानकै लोभमा शासक दलहरूले देश विरुद्धको बिष सेवन गरे । भाद्र महिनामा भएको घटनामा शासक दलका नेताहरू हेलिकप्टर चढेर भाग्नुपर्ने, निवासमै कुटिने र निजी निवासहरू जल्ने स्थिति आउनु त्यसैको परिणाम हो ।

एमसीसी पारित भएको केही समय पछि नै राजधानी काठमाडौं र ललितपुरमा अमेरिका, बेलायत, भारत र नेपाली सेनाका संयुक्त सांस्कृतिक टोलीले ब्याण्ड बाजा प्रस्तुत गऱ्यो । नेपाली र नेवारी गीत गाएर नेपाली युवाहरूलाई मख्ख पार्यो । यसरी नै अमेरिकी सेनाहरूले राजधानीको एक विद्यालयमा सैनिक पोशाकमै सांस्कृतिक कार्यक्रम गरे । त्यसको चर्को आलोचना भयो । हालै नेपालको परराष्ट्र नीतिविपरीत सरकारले दलाइ लामाको जन्मोत्सव मनाउन स्वीकृति दियो । विभिन्न देशमा फ्रि तिब्बतको नारामा भएका प्रदर्शनहरू खुला प्रचार प्रसार गरिँदै छ । छिमेकी चीनलाई चिढाउने काम नेपाल र नेपालीहरूको लागि राम्रो सङ्केत होइन ।

२०६२।६३ को जनआन्दोलनपछि भएको संविधानसभा निर्वाचनको सन्दर्भमा नेपालमा सयौं एनजीओ र आइएनजीओहरूले काम गरे । सङ्घीयता, धर्मनिरपेक्षता, निर्वाचन प्रणाली, महिलाको समानुपातिक प्रतिनिधित्व, राज्य पुन:संरचना आदि विभिन्न विषयमा कार्यक्रमहरू भए । होटल होटलहरूमा हुने कार्यक्रमहरूमा हाम्रा सांसदहरू उनीहरूको पछिपछि लाग्थे । संसद् चलिरहेको बेला संसद्मा भन्दा बढी सांसदहरू आइएनजीओको कार्यक्रममा भेला भएका थुप्रै समाचारहरू आउँथे । त्यतिबेला माओवादीहरू जातीय राज्यको विषय उठाउँथे । त्यसमा नेपाललाई अनन्तकालसम्म द्वन्द्वमा फसाउने विदेशी शक्तिको स्वार्थ थियो । धेरै जात जातिहरू भएको देशमा जातीयताको बिउ रोप्न सके देश खरानी बनाउन समय लाग्दैन भने उनीहरूलाई राम्रै थाहा थियो । तत्कालीन राजनीतिक दलका अन्य नेताहरूको सुझबुझपूर्ण निर्णयका कारण भूगोल र जनसङ्ख्याको आधारमा प्रदेशहरू निर्माण भयो । त्यसलाई सकारात्मक रूपमा लिन सकिन्छ ।

संविधान सभाका सदस्यहरूलाई खानपान र दैनिक भत्ताको व्यवस्था गरेर काठमाडौंको ५ तारे होटलमा महिनौंसम्म संविधान लेखनसम्बन्धी कार्यक्रम भएको थियो । ठूला दलका दोस्रो तहका सबैजसो नेताहरूले त्यसमा हस्ताक्षरसमेत गरी सकेका थिए । दलका प्रमुख नेताहरूले हस्ताक्षर गर्न बाँकी भएको बखत एउटा राष्ट्रिय साप्ताहिक पत्रिकाले संविधानको मस्यौदा सार्वजनिक गरी दिएको कारण त्यो संविधान जारी हुन पाएन । पछि पहिलो संविधानसभा विघटनको अवस्थामा पुग्यो ।

संविधानसभा सदस्यहरूलाई विदेशीहरूले सङ्घीयता अध्ययन भ्रमण, सेमिनारको नाउँमा अरबौं खर्च गरे । तर, त्यो पैसा उनीहरूकै खातामा जाने बन्दोबस्तबारे कसैलाई थाहा थिएन । भ्रमणको बेला उनीहरूकै लगानीमा स्थापित चेन होटलहरू (पाँचतारे) मा राख्ने, उनीहरूकै लगानीमा चलेका प्लेनमा चढाउने गर्थे । भ्रमणको नाउँमा करोडौं खर्च गरियो, त्यो पैसा उनीहरूकै बैङ्क खातामा घुमाउरो तरिकाले गयो । यही हो, एनजीओ र आइएनजीओहरूमार्फत साम्राज्यवादीहरूले गर्ने सहयोगको नीति ।

अहिले सरकार एनजीओ र आइएनजीओ सञ्चालकहरूको हातमा गएको छ । राजनीति गर्नु हुँदैन भन्दै उनीहरूले स्वतन्त्र पार्टी खोलेर सरकार कब्जा गरे । विद्यार्थी, शिक्षक, ट्रेड युनियन खारेज गरेर सबैतिर एक्लौटी गर्न खोजिँदै छ । त्यो त पञ्चहरूले निर्दलीय व्यवस्थाको दाबी गर्दै अरूलाई राजनीतिबाट बञ्चित गरी एक दलीय शासन गरेजस्तो भएन र ? नेपाली जनताको चेतनास्तर धेरै माथि उठिसकेको छ । महेन्द्रकालीन रोडम्यापले अब काम गर्न सम्भव छैन । जनताको प्रजातान्त्रिक हक अधिकार कुण्ठित गर्दै अहिलेकै रूपमा सरकार अगाडि बढिरहयो भने अर्को चुनावसम्ममा रास्वपा इतिहासमै सीमित नहोला भन्न सकिन्न । सिद्धान्त र विचारविनाको भिडको शासन धेरै दिन टिक्न सम्भव छैन । कतै यिनीहरूले देशलाई खरानी बनाउने त होइन ? सबैको चिन्ता यसैमा छ ।

## सन्दर्भ : हङकङको रङ्गीन क्रान्ति

# साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन – ३६

✍ रामरतन चौधरी

सन् २०१९ फेब्रुअरीमा हङकङ सरकारले संदिग्ध अपराधीहरूलाई मुख्य भूमि चीनमा सुपुर्दगी गर्ने कानुन संशोधनको प्रस्ताव गरेको थियो । यसैलाई बहाना बनाएर अमेरिका र बेलायतका केही शक्तिले हङकङको स्वतन्त्रता, लोकतन्त्र र मानव अधिकार हनन् भएको भन्दै हिंसात्मक प्रदर्शन गर्न उक्साए । यो पनि सन् २०१४ मा 'छाता आन्दोलन' को नाममा भएको हङकङको रङ्गीन क्रान्तिकै सिलसिला थियो ।

अमेरिका प्रायोजित रङ्गीन क्रान्ति रोक्नको निम्ति चीनले सन् २००९ मै युट्युब, ट्विटर र फेसबुकमाथि प्रतिबन्ध लगाएको थियो । चीनले आफ्नो सुरक्षा रणनीतिलाई समेत परिमार्जन गऱ्यो । चीनले सन् २०१५ मा प्रकाशित गरेको आफ्नो सैन्य रणनीतिमा यस्तो उल्लेख गरेको छ, "विश्व आर्थिक र रणनीतिक गुरुत्वाकर्षणको केन्द्र एसिया-प्रशान्त क्षेत्रमा तिव्र गतिले सर्दै जाँदा अमेरिकाले यस क्षेत्रमा आफ्नो सैन्य उपस्थिति र सैन्य गठबन्धन बढाइरहेको छ । चीनविरोधी शक्तिहरूले बारम्बार 'रङ्गीन क्रान्ति' को माध्यमबाट चिनियाँ जनतालाई भड्काउने प्रयास गर्दै छन् । चीनले आफ्नो राष्ट्रिय सुरक्षा र सामाजिक स्थिरताको सन्दर्भमा थप चुनौती सामना गरिरहेको छ । यसकारण बलियो राष्ट्रिय रक्षा र शक्तिशाली सशस्त्र बल निर्माण गर्नु चीनको आधुनिकीकरण अभियानको रणनीतिक कार्य हो । यो चीनको शान्तिपूर्ण विकासको निम्ति सुरक्षा ग्यारेन्टी पनि हो ।"

सन् २०२० जुलाई १ मा बेइजिङले राष्ट्रिय सुरक्षा कानून (National Security Law) पारित गऱ्यो । जसमा पृथकतावादी तथा आतङ्कवादी गतिविधि गर्नेहरू र विदेशी शक्तिसँग साँठगाँठ गर्नेहरूलाई अपराधी घोषणा गरेर आजीवन कारावासको सजाय हुन सक्ने प्रावधान रहेको छ । त्यसपछि हङकङमा उपद्रो मच्चाउनेहरू गिरफ्तारीमा पर्न थाले । त्यहीबेला कोभिड-१९ को महामारी पनि फैलियो । महामारी नियन्त्रणको निम्ति चीनले ठूला सार्वजनिक जमघटहरूमा प्रतिबन्ध लगायो । हङकङको विरोध प्रदर्शन पनि बिस्तारै सेलाउन थाल्यो । यसरी चीनविरुद्ध अमेरिका र पश्चिमाहरूको षड्यन्त्र सफल हुन सकेन ।

### हङकङ उपद्रोका केही घटनाक्रम

सन् २०१९ जून महिनादेखि हङकङका विपक्षी तथा केही उपद्रोकारीहरूले शान्तिपूर्ण प्रदर्शनको बहानामा हिंसात्मक प्रदर्शन गर्न थाले । प्रदर्शनकारीहरूले बारम्बार प्रहरीमाथि आक्रमण गरे । उनीहरूले हङकङ प्रहरी मुख्यालय घेरे, सरकारी निकायहरूलाई अवरुद्ध गरे र व्यवस्थापिका परिषद् भवनमा तोडफोड गरे ।

जून ९ मा प्रदर्शनकारीहरूले संसद् भवनमा आक्रमण गरे । उनीहरूले प्रहरीको बन्दुक लुट्ने प्रयास गरे ।

जून १२ मा एडमिरल्टी (हङकङको मध्य र पश्चिमी जिल्लाको पूर्वीछेउमा अवस्थित व्यापारिक क्षेत्र) वरिपरि ऱ्याली सुरु गरे । प्रदर्शनकारीहरूले ईंटा, घरेलु भाला र पेट्रोल बमले प्रहरीमाथि आक्रमण गरे ।

जून २१ मा सरकारले संशोधन रोकेको घोषणा गऱ्यो । तर, पनि प्रदर्शनकारीहरूले प्रहरी मुख्यालय घेर्न र तोडफोड गर्न छाडेनन् । उनीहरूले हङकङको महत्त्वपूर्ण अन्तर्राष्ट्रिय विमानस्थल पनि कब्जा गर्न खोजे । सार्वजनिक यातायातमा हडताल गरे । सडकमा प्रहरीमाथि पेट्रोल बम (मोलोटोभ ककटेल) प्रहार गर्नुका साथै सरकारी कर्मचारीका परिवारलाई दुर्व्यवहार गरे । हाईस्कूल र विश्वविद्यालयका विद्यार्थीहरूलाई कक्षा बहिष्कार गर्न लगाएर उत्पात मच्चाउन उक्साए ।

जून २६ मा केही 'धर्मान्ध' हरूले प्रदर्शनकारीहरूलाई दोस्रो पटक प्रहरी मुख्यालयमा आक्रमण गर्न उक्साए ।

जुलाई १ मा प्रदर्शनकारीहरूले सडक अवरुद्ध गरेर प्रहरीमाथि विषाक्त रासायनिक पाउडर छर्किंदै हमला गरे । उनीहरूले विधान परिषद् भवन तोडफोड गरेर भित्र प्रवेश गर्ने दुष्प्रयास गरे ।

जुलाई ६ मा तुएन मुन जिल्लामा प्रदर्शनकारी र स्थानीय बासिन्दाबिच विवाद भयो । प्रदर्शनकारीहरूले स्थानीयलाई घेरा हालेर कुटे ।

जुलाई ७ मा प्रदर्शनकारीहरूले पश्चिम काउलुनको उच्च-गतिको रेल स्टेशनमा बाधा पर्नेगरी प्रदर्शन गरे ।

जुलाई १३ मा शेउङ शुई जिल्लामा प्रहरीसँग हिंसात्मक झडप भयो । प्रदर्शनकारीहरूले फलामका बारहरू भत्काएर मुख्य सडक अवरुद्ध गरे । राति पसलहरू तोडफोड गरे ।

जुलाई १४ मा शा टिन जिल्लामा सडक अवरुद्ध गरे । न्यु टाउन प्लाजामा भयङ्कर झडप भयो ।

जुलाई २१ मा प्रदर्शनकारीहरूले केन्द्रीय जनसरकारको सम्पर्क कार्यालयलाई घेरा हालेर आक्रमण गरे । अण्डा र कालो पेन्टबल (शुटिङ खेलमा प्रयोग हुने रङ्गले भरिएको जिलेटिन क्याप्सुल) हानेर भवनको अगाडि रहेको राष्ट्रिय प्रतीकमा क्षति पुऱ्याए । राष्ट्रको अपमान हुने गरी भित्तेचित्रहरू खोपे ।

जुलाई २७ मा युएन लङ जिल्लामा तोडफोड गरे ।

जुलाई २८ मा हङकङ टापुको मध्य र पश्चिमी भागमा तोडफोड र आगजनी गरे । केहीले धनुष वाण, पेट्रोल बम र गुलेलीले समेत सुरक्षाकर्मीमाथि आक्रमण गरे ।

अगस्ट ३ मा याउ मा तेई, सिम शा त्सुई र मोङ कोकका क्षेत्रहरूमा तोडफोड गरे । उनीहरूले क्रस-हार्बर सुरुङ दुई पटक अवरुद्ध गरे । सवारी साधन तोडफोड गर्दै प्रहरी चौकी अगाडि आगजनी गरे ।

अगस्ट ४ मा प्रदर्शनकारीहरूले हङकङको कजवे बेमा आगजनी गरे ।

अगस्ट ५ मा कालो पोशाक लगाएका नकाबधारी प्रदर्शनकारीहरूले त्सिम् शा त्सुईमा रहेको पोलबाट चिनियाँ राष्ट्रिय झन्डा च्यातेर समुद्रमा फ्याँके । हङकङभरि झडप मच्चियो । सडक किनारको रेलिङ, फुटपाथ, ट्राफिक बोलार्ड र बत्तीलगायत सार्वजनिक सम्पत्ति नष्ट गरे । जसको कारण ३६ सडक र क्रस-हार्बर सुरुङ अवरुद्ध भए । हङकङको २०० भन्दा बढी उडान समेत रद्द भए । प्रदर्शनकारीहरूले राति बिजुलीका तारहरू पनि काट्दिए ।

अगस्ट ७ मा राज्य परिषद्को हङकङ र मकाउ मामिला कार्यालय र हङकङस्थित केन्द्रीय जनसरकारको सम्पर्क कार्यालयले दक्षिण चीनको ग्वाङडोङ प्रान्तको शेन्जेनमा एकगोष्ठीको आयोजना गऱ्यो । यसले हङकङमा हिंसा रोक्नु, अराजकता अन्त्य गर्नु र व्यवस्था पुन:स्थापित गर्नुपर्नेमा जोड दियो ।

अगस्ट ११ मा प्रदर्शनकारीहरूले पेट्रोल बम प्रहार गरेर प्रहरीलाई घाइते बनाए ।

अगस्ट १३ को साँझ र अगस्ट १४ को बिहान हङकङ अन्तर्राष्ट्रिय विमानस्थलमा आक्रमण गरे । राति ८:०० बजेतिर शेन्जेनका एक बासिन्दालाई बाँधेर कोमामा पुग्नेगरी आँखामा लेजर प्रहार गरे । अस्पताल लैजाने एम्बुलेन्सको बाटो समेत रोक्ने दुष्प्रयास गरे ।

अगस्ट १४ को मध्यरातमा उपद्रोकारीहरूले ग्लोबल टाइम्सका रिपोर्टरलाई हात बाँधेर कुटपिट गरे ।

हङकङका प्रमुख कार्यकारी क्यारी लामले सेप्टेम्बर ४ मा विधेयक फिर्ता लिइन् ।

### अमेरिका र पश्चिमा मुलुकको भूमिका

संयुक्त राज्य अमेरिकाको सिनेटले २७ नोभेम्बर २०१९ मा "हङकङ मानव अधिकार र लोकतन्त्र ऐन, २०१९" पारित गऱ्यो । जसमा राष्ट्रपति डोनाल्ड ट्रम्पले सोही दिन हस्ताक्षर गरे । उक्त ऐनमा मानव अधिकार उल्लङ्घन र

बाँकी पृष्ठ १० मा


# फिडेल क्यास्ट्रो र क्युवाली क्रान्ति

सन् १९२६ अगस्ट १३ का दिन क्युवाली जनताका नेता राष्ट्रपति फिडेल क्यास्ट्रोको जन्म क्युवाको पूर्वी क्षेत्रमा अवस्थित मिअरीमा भएको थियो। सान्टियागो (Santiago) बाट मिअरी ५० माइल उत्तरमा पर्छ। मिअरी चिनी र रक्सी उत्पादन हुने प्रमुख क्षेत्र हो। यसैगरी, त्यो क्षेत्र क्युवाली अर्थव्यवस्थाको मेरुदण्डको रूपमा थियो। त्यो क्षेत्र क्युवाली प्रजातन्त्रवादी र क्रान्तिकारीहरूको आधार इलाका पनि थियो।

२० औँ शताब्दीको प्रारम्भमा फिडेल क्यास्ट्रोका बुबा एन्डोल क्यास्ट्रो स्पेनको गालिसिया (Galisia) बाट क्युवामा बसाइँ सरेका थिए। रित्तो हात क्युवा पुगेर मिअरीमा उनले कठोर परिश्रम गरी उखु खेतीबाट आफ्नो परिवारको गाँसबासको व्यवस्था गरे।

सन् १९३४ मा आठ वर्षका फिडेल क्यास्ट्रोले सान्टियागोको एउटा क्याथोलिक बोर्डिङ स्कूलमा आफ्नो प्रारम्भिक शिक्षा सुरु गरे। उक्त विद्यालय क्रिश्चियन धर्मावलम्बीहरूले चलाएका थिए। फिडेल क्यास्ट्रो बाल्यकालदेखि नै अति मेहनती, सुरो, अध्ययनशील, संवेदनशील र प्रतिभाशाली थिए। क्युवाली देशभक्त क्रान्तिकारीहरूको स्वतन्त्रता आन्दोलन, विद्रोह र सशस्त्र सङ्घर्षहरूबाट फिडेल क्यास्ट्रोको संवेदनशील मन-मस्तिष्क छिट्टै प्रभावित भयो। २० वर्षको उमेरसम्म सान्टियागोमा युवा क्यास्ट्रोले क्याथोलिक विद्यालय र कलेजमा अध्ययन गरे। विद्यालय र कलेज जीवनमा उनले क्युवालगायत सम्पूर्ण दक्षिण अमेरिकाको भूगोल, इतिहास, विविध पक्षको गहिरो र व्यापक ज्ञान हासिल गरे। यसैबिच उनी गुप्तरूपले क्रान्तिकारी गतिविधिमा सक्रिय भए। उनी महान् क्रान्तिकारी कवि एवम् देशभक्त नेता होसे मार्टिबाट निकै आकर्षित र प्रभावित भए। उनको प्रेरणाको स्रोत होसे मार्टि थिए। स्नातक गर्न उनी हवानास्थित बेलेन कलेज ( Belen College) मा भर्ना भए। त्यहाँ उनी आफ्नो विद्यार्थी सङ्गठनका सहयोद्धाहरूको साथमा साङ्गठनिक गतिविधिका साथसाथै गुप्तरूपले ल्याइएका मार्क्स-एङ्गेल्स, लेनिन र स्तालिनका रचना र अन्य प्रगतिशील साहित्यहरूको रातारात अध्ययन गरी त्यस विषयमा गम्भीर छलफलमा लागे। अर्कोतिर उनी कलेजको पढाइमा पनि ध्यान दिन्थे। कलेजका प्राध्यापकहरू रातदिन अध्ययन गर्ने उनको क्षमता र छिटो बुने असाधारण प्रतिभा र तीखो संस्मरण शक्ति, कहिल्यै नडग्ने साहस र विशेष गरी इतिहासमा उनको गहिरो र व्यापक ज्ञानबाट निकै प्रभावित थिए। तर, कति प्राध्यापक त उनको क्रान्तिकारी सङ्गठनात्मक गतिविधि र मार्क्सवाद-लेनिनवाद तथा प्रगतिशील साहित्यको असाधारण अध्ययनको विषयमा अनभिज्ञ थिए। सन् १९४७ मा २१ वर्षको उमेरमा उनी बेलेन कलेजबाट स्नातक भए। त्यसबेला कलेजका प्रिन्सिपल फादर अमान्दो लोभेन्टे (Father Amando Lovente) ले उनलाई भने, "तिमी वीरहरूको माझबाट उदय भएका वीर हौ। तिम्रो एउटा सालिक कुँदिने छ र तिम्रो देशको इतिहासले तिम्रो नाम लिनेछ।" त्यसपछि उनी हवाना विश्वविद्यालयमा भर्ना भए। त्यहाँ संयुक्त राज्य अमेरिकाको कठपुतली सरकारको चर्को दमन थियो। प्रतिक्रियावादी प्रहरीहरू जो कसैलाई कुनै पनि बेला मार्न सक्थे। फिडेल क्यास्ट्रो र उनका साथीहरूले आफ्नो रक्षाको निम्ति आफ्ना सशस्त्र लडाकु कार्यकर्ताहरूको पहरामा हवाना विश्वविद्यालयमा गुप्त अध्ययन र गतिविधिहरूलाई निरन्तरता दिँदै गए। तिनीहरूको प्रभाव क्युवाको सीमाभन्दा बाहिर क्यारेवियाली क्षेत्र हुँदै दक्षिण अमेरिकातर्फ फैलिरहेको थियो। त्यसबेला हवाना विश्वविद्यालयमा क्रान्तिकारी विद्यार्थीहरूको पहिलो प्राथमिकता भन्नु आत्मसुरक्षा थियो। हवाना विश्वविद्यालयलाई क्रान्तिको केन्द्रबिन्दुको रूपमा उपयोग गरियो। संरा अमेरिकाको उपनिवेशबाट मुक्त हुनु क्युवालगायत सम्पूर्ण क्यारेवियाली क्षेत्र र दक्षिण अमेरिकी देशहरू सबैको साझा लक्ष्य थियो। डोमिनिकन गणतन्त्रको तानाशाही क्यारेवियाली क्षेत्रको सबैभन्दा क्रूर तानाशाह थियो। फिडेल क्यास्ट्रो र साथीहरूले सैनिक गतिविधि डोमिनिकन भूमिमा गर्ने निर्णय गरे। उक्त निर्णयअनुसार सशस्त्र दल डोमिनिकन गणतन्त्रतर्फ लाग्न एउटा जहाजको आवश्यकता थियो। त्यसको लागि अनेकन दुःख गरेर जोगाइराखेको पैसाबाट एउटा जहाज खरिद गरियो। फिडेल क्यास्ट्रोको नेतृत्वमा सशस्त्र दल क्युवाको पूर्वी समुद्री तटबाट त्यस जहाजमा बसी डोमिनिकन गणराज्यतर्फ जाने तयारी गरियो। क्युवाली सरकारका जासुसहरूले यसको खबर सम्बन्धित ठाउँमा पुऱ्याइदिए। क्यास्ट्रो र क्यारेवियाली क्षेत्रका सशस्त्र क्रान्तिकारीहरू रहेको जहाज सागरलाई चिर्दै अघि बढिरहेको थियो। एकाएक प्रतिक्रियावादी क्युवाली लडाकु जहाजहरूले फिडेल क्यास्ट्रोको जहाजमाथि गोलाबारी सुरु गरेपछि उक्त जहाज डुब्यो। फिडेल क्यास्ट्रो तीन माइलसम्म पौडी खेल्दै किनारामा पुग्न सफल भए। त्यहाँबाट उनी हवाना फर्की हवाना विश्वविद्यालयमा कानुनमा स्नातक गर्न भर्ना भए। केही वर्षपछि उनले कानुनमा स्नातक भई अधिवक्ता बने। उनले क्युवाको जेलमा परेका राजनैतिक कैदीहरूको पक्षमा मुद्दा लड्न सुरु गरे। उनको सशक्त र धाराप्रवाह बहसको प्रशंसा क्युवाभित्र र बाहिर चारैतिर फैलियो।

सन् १९५२ मार्च १० को दिन अमेरिकी साम्राज्यवादीहरूको इसारामा फुल्जैनसिओ बातिस्ता (Fulgencio Batista) को नेतृत्वमा अर्को सैनिक विद्रोह भयो र क्युवाको सत्ता बातिस्ताको हातमा गयो। बातिस्तालाई सत्तामा ल्याउनुको प्रमुख लक्ष्य सैनिक विद्रोहभन्दा अघिको प्रजातान्त्रिक सरकारको अवशेषलाई जरैदेखि उखेल्नु थियो। क्युवाका नवउदीयमान युवा व्यक्तित्व फिडेल क्यास्ट्रोले बातिस्ताविरुद्ध उम्मेदवारी दिए। बातिस्ताले क्यास्ट्रोको उम्मेदवारीलाई जबरजस्ती खारेज गर्न लगाएर तानाशाही रूप देखाए। कानुनी सङ्घर्षको उपाय नभएपछि सशस्त्र सङ्घर्षलाई चर्काउन हातहतियार खरिद गर्न क्यास्ट्रो र क्यास्ट्रोका भाइ राउल क्यास्ट्रो (Raul Castro) ले आफ्नो सम्पत्ति बेचे। दुई दाजुभाइ मिलेर अनेक कष्ट गर्दै २० हजार डलर जम्मा गरी हातहतियार, सैनिक पोशाक र खरखजानाको बन्दोबस्त गरे। युवा क्रान्तिकारी सैन्य जवानहरूमा तातो रगत उम्लिरहेको थियो। तिनीहरू तानाशाही बातिस्ताविरुद्ध फौजी कारबाही गर्न हतारिएका थिए। १५० जवानको सशस्त्र दल तयार भयो। त्यस सशस्त्र दलको कमान्डर फिडेल क्यास्ट्रो भए। हुन त बातिस्ताको फौजको अगाडि क्यास्ट्रोको त्यो सानो फौज केही पनि थिएन। बातिस्ताको हजारौँ हजार सैन्य जवान त्यसबेलाको अत्याधुनिक शस्त्रअस्त्रबाट सुसज्जित थिए। अर्कोतिर बातिस्ताको सरकारलाई महाशक्ति संरा अमेरिकी सरकारको पूर्ण समर्थन थियो। क्रान्तिकारी सेनाहरूको साहस र जोश तुलना गर्न नसकिने गरी उँचो थियो।



तानाशाह बातिस्ताको दमन र अत्याचार पराकाष्ठामा पुग्दै थियो। हजारौँ हजार निरीह र निर्दोष नागरिकहरूको निर्मम हत्या भइसकेको थियो। शक्तिशाली बातिस्ताको सैन्य शक्तिसामु क्युवामा चुनौती दिनसक्ने अरू कुनै शक्ति अस्तित्त्वमा थिएन। तसर्थ, फिडेल क्यास्ट्रोलाई प्रतिक्रियावादी सैन्य शक्तिलाई चुनौती दिनसक्ने क्रान्तिकारी सैनिक शक्ति विद्यमान रहेको यथार्थ देखाउनु थियो र व्यापक जनतामा क्रान्तिकारी जनसेनाको पक्षमा नयाँ जोश र उत्साह सञ्चार गर्नु थियो। १९५३ जुलाई २६ को राति फिडेल क्यास्ट्रोको नेतृत्वमा १६ वटा गाडीमा बसेर १५० जवानको सशस्त्र सैनिक दल सान्टियागोस्थित बातिस्ताको किल्लातर्फ बढ्यो र शत्रु फौजसँग बिच बाटोमै जम्काभेट भयो। फिडेल क्यास्ट्रोले आफ्नो बन्दुक पड्काए। त्यो नै क्युवाको नयाँ क्रान्तिको बन्दुकको पहिलो हाँक र पड्काइ थियो। दुर्भाग्यको कुरो, दोहोरो भिडन्तमा ६० भन्दा बढी क्रान्तिकारी सैन्य जवानहरूले वीरगति प्राप्त गरे भने फिडेल क्यास्ट्रो र राउल क्यास्ट्रोलगायत बाँकी सबै पक्राउ परे।

### क्यास्ट्रो विजयको बाटोतिर

सन् १९५५ सम्ममा बातिस्ताले १९५२-५३ को तुलनामा आफ्नो सैन्य बललाई धेरै गुणा सुदृढ पायो र संरा अमेरिकाबाट यथेष्ट हातहतियार झिकाइयो। विरोधीहरूलाई दबाइसकेपछि उसले दक्षिण अमेरिकाका विभिन्न देशहरूका कुख्यात तानाशाहहरूसँग राम्रो सम्बन्ध कायम गऱ्यो। आफू र आफ्नो सरकारलाई चारैतिरबाट सुरक्षित महसुस भएपछि बातिस्ताले आफूलाई उदार देखाउन सन् १९५५ मा आममाफीको घोषणा गऱ्यो। फिडेल क्यास्ट्रो रिहा भए। त्यसपछि उनी बातिस्ताले बनाएको छेकवारलाई निकै कष्ट झेलेर मेक्सिकोतर्फ लागे। त्यसबेला मेक्सिको विभिन्न ल्याटिन अमेरिकी देशहरूका क्रान्तिकारीहरूको जमघट हुने उपयुक्त भूमि थियो। त्यहाँ फिडेल क्यास्ट्रोले दक्षिण अमेरिकी क्रान्तिकारीहरूसँग भेटघाट गरी अमेरिकी साम्राज्यवादविरोधी साझा सङ्घर्ष र रणनीतिको विषयमा गम्भीर छलफल गरे। ती क्रान्तिकारीहरूमा एकजना महान अन्तराष्ट्रवादी क्रान्तिकारी युवा नेता चे ग्वेभारा थिए। राउल क्यास्ट्रोले चे ग्वेभारा र अन्य क्रान्तिकारीहरूलाई आफूहरूको सैन्य दलमा सामेल गराए।

सन् १९५६ मा फिडेल क्यास्ट्रो टेक्सासको मेकएलेन नजिकको रिओ ग्रान्डे (Rio Grande near Mcallen, Texas) पुगे। त्यहाँ धेरै क्रान्तिकारी क्युवालीहरूसँग उनको भेट भयो। उनले तानाशाह बातिस्ताद्वारा अपदस्थ गरिएका पूर्वराष्ट्रपति कार्लोस प्रिओ सोकारस (Carlos Prio Socarras) सँग पनि आत्मीय भेट गरे। भेटमा भावविह्वल भई पूर्वराष्ट्रपतिले क्यास्ट्रोलाई भने, "अहिले मेरासामु वीरहरूको खम्बा उभिएको छ।" त्यहाँबाट क्यास्ट्रो मेक्सिको सहर ( Mexico City) फर्के। मेक्सिको सहरमा उनको कर्णेल अल्बर्टो बायो ( Colonel Alberto Bayo) सँग चिनापर्ची भयो। केही दिनपछि नै उनी र क्यास्ट्रोबिच निकै घनिष्ठता बढ्यो। फ्रान्कोको फासीवादविरुद्ध स्पेनियाली युद्धमा अल्बर्टो बायोले सेनाध्यक्ष भई स्पेनियाली सेनाको नेतृत्व गरेका थिए। त्यस युद्धमा उनी सुविख्यात सेनाध्यक्षका रूपमा परिचित भए। एक महान् सेनाध्यक्ष मेक्सिकोको राजनैतिक निर्वासनमा एक सिकर्मी भई जीवन गुजारा गर्दै थिए। क्यास्ट्रोले उनलाई अमेरिकी साम्राज्यवादविरोधी देशभक्त क्युवाली क्रान्तिकारी मुक्तिसेनालाई सैनिक तालिम प्रदान गर्न अनुरोध गरे।

स्पेनको फासीवादी तानाशाह फ्रान्कोविरुद्ध स्पेनको गृहयुद्धमा सेनाध्यक्ष भई सहयोग गरेका कर्णेल अल्बर्टो बायोले क्यास्ट्रोको आग्रहलाई सहर्ष स्वीकार गरे। त्यसपछि उनले आफ्नो काठको सामग्री बनाउने कारखाना बेचे र मेक्सिकोको भूमिमा क्युवाली क्रान्तिकारी सेनालाई तालिम दिन थाले। तालिमको सिलसिलामा 'हान र फर्क' जस्ता गुरिल्ला लडाइँका तौरतरिका सिकाउँदा आँधीबेहरीमै हुरिँदै सशस्त्र हमला गरी कब्जा जमाउन चाहने क्युवाली विद्रोही सैन्य जवानहरू 'अधैर्य भई यस्तो लडाइँमा कायरतापूर्ण हमला गर्नुपर्ने र ढिलो हुने' भनी उनीसँग चर्काचर्की बहस गर्थे। उनी भावुक एवम् जोशिला युवकहरूलाई थोरै सेना र कम हतियारको फौजलाई अत्याधुनिक हातहतियारबाट सुसज्जित र तालिम प्राप्त ठुलो फौजसँग हाकाहाकी आमने-सामने लड्न सकिँदैन भनी सम्झाउने गर्थे। तालिम अत्यन्त कठोर र कष्टप्रद थियो। क्रान्तिकारी क्युवाली जवानहरूले एक दिनमा १५-१६ घण्टासम्म डाँडाकाँडा, भीरपाखा, जङ्गल, मैदानमा हिँड्ने तरिकाहरू सिके। त्यसैगरी, तिनीहरूले खरखजानामा के कसरी मितव्ययिता अपनाउने र थोरै खानाको भरमा कसरी जिउने आदि धेरै कुराहरू सिके। तिनीहरूले नजिकै आफ्नो वरपर सजिलै पाउन सकिने खेर गएका वस्तुहरूबाट गोला, बारुद, बमजस्ता विस्फोटक हतियार निर्माण गर्न सिके। यी रणकौशलबाहेक अन्तिम विजयको निम्ति जनताको माझ गई सुदृढ जनाधार खडा गर्ने जनताको असीम माया र सहयोग प्राप्त गर्नुपर्ने र उनीहरूकै सुरक्षामा बस्नुपर्ने मूलमन्त्र पनि सिके। स्वदेश फर्केपछि सैनिक जवानहरूमा सामाजिक नैतिक मूल्य-मान्यतामा अडिग भएर बस्ने र कठोर अनुशासनमा रहनुपर्ने कुरामा अल्बर्टो बायोले निकै जोड दिए। क्यास्ट्रो र अर्जेन्टिनी क्रान्तिकारी तथा डाक्टर अर्नेस्टो चे ग्वेभाराबिच रातदिन छलफल र वादविवाद हुन्थ्यो। अन्तमा उनीहरू साझा निचोडमा पुग्थे।

केही महिनाको अत्यन्त कष्टप्रद सैनिक तालिम सकिएपछि फिडेल क्यास्ट्रो र साथीहरू क्युवा प्रस्थानको तयारीमा जुटे। सन् १९५६ नोभेम्बर २६ को दिन 'ग्रान्मा' नाम जहाजमा बसी ८० जवान सशस्त्र देशभक्त योद्धाहरूको नेतृत्व गर्दै क्यास्ट्रो मेक्सिकोबाट क्युवातर्फ प्रस्थान गरे। सात दिनपछि डिसेम्बर २ को दिन सशस्त्र क्रान्तिकारी दल क्युवाको पूर्वी इलाकाको समुद्री तटमा पुग्यो। दुर्भाग्यको कुरा, बातिस्ताको पहिलो रेजिमेन्ट लुकेर फिडेल क्यास्ट्रो र साथीहरूलाई प्रहार गर्न पर्खिरहेको थियो। असी जवान क्रान्तिकारी योद्धाहरूले अत्याधुनिक शस्त्र-अस्त्र भिरेका सयौँका सयौँ प्रतिक्रान्तिकारी शत्रु सेनासँग भिड्नुपऱ्यो। ६८ जना योद्धाहरूले त्यहीँ नै शहादत प्राप्त गरे। १२ जवान बाँच्नेहरूमा फिडेल क्यास्ट्रो, राउल क्यास्ट्रो र चे ग्वेभारा पनि थिए। क्यास्ट्रोको नेतृत्वमा १२ जवानको सशस्त्र दल अनेक कष्ट झेल्दै २० दिनको लामो हिँडाइपछि सिएरा माइस्त्रा (Sierra Maestara) पुगे। सिएरा माइस्त्रा क्युवाको पूर्वी इलाकामा अवस्थित छ। घना जङ्गल, अग्लो भिरालो चट्टान भएको सिएरा माइस्त्रा निकै विकट, निर्जन र दुर्गम स्थान थियो। बातिस्ताको फौजले फिडेल क्यास्ट्रोलाई निकै खोजतलास त गरेको थियो। तर, क्रान्तिकारी सशस्त्र दल कुन बाटोबाट कता गएको थियो, त्यसको सुइँको शत्रु सेनाहरूले पाउन सकेनन्।

क्रान्तिकारी सशस्त्र दलले सिएरा माइस्त्रालाई आधार इलाकामा परिणत गऱ्यो र पछि आधार इलाका सम्पूर्ण पूर्वी क्षेत्रमा विस्तार भयो। चारैतिरबाट असङ्ख्य क्रान्तिकारी जोशिला युवाहरू आधार इलाकामा गई क्रान्तिकारी स्वेच्छाले भर्ती भए। सैनिक गतिविधि सँगसँगै साङ्गठनिक गतिविधिबाट जनाधार पनि सुदृढ हुँदै गयो। क्रान्तिको नयाँ लहर पूर्वी क्षेत्रबाट क्युवाभरि फैलियो र क्रान्तिले नयाँ र निर्णायक मोड लियो। क्युवाभरि अमेरिकी साम्राज्यवाद र उसको कठपुतली तानाशाह बातिस्ताको सरकारविरुद्ध विद्रोहको आगो दन्कियो। जननायक एवम् सेनाध्यक्ष फिडेल क्यास्ट्रोले पूर्वी इलाकाबाट सैनिक मुख्यालयलाई बायरको नगर (The Town of Baire) मा सारे। बायरको नगर बायामो (Bayamo) बाट ४२ माइल टाढा छ। फिडेल क्यास्ट्रोका क्युवाली जनसेना चारैतिर क्रान्तिकारी गीत घन्काउँदै पूर्वी इलाकाका उपत्यकाहरू हुँदै अघि बढे। जनसेनाले कैमानेरा (Caimanera) माथि कब्जा जमायो। कैमानेरा रणनीतिक दृष्टिले महत्त्वपूर्ण स्थान थियो किनभने अमेरिकी साम्राज्यवादीहरूको जलसेनाको अखडा ग्वान्टानामो खाडीमा (Guantanamo) थियो। कैमानेरा नजिकै ग्वान्टानामो छ। तुरुन्तै अमेरिकी साम्राज्यवादीहरूको इसारामा बातिस्ताले दुई वटा लडाकु पानीजहाज त्यसतर्फ पठायो। कैमानेरामाथि भयङ्कर बमवर्षा भयो। जनसेनाले प्रत्याक्रमण गर्न थालेपछि रक्तपातपूर्ण भिडन्त भयो। लडाकु पानीजहाजको आक्रमण विफल भयो। जनसेनालाई समूल नष्ट गर्ने लक्ष्य लिई बातिस्ताको सेना भीषण हवाई आक्रमणमा लाग्यो। यो आक्रमण पनि व्यर्थ भयो। तानाशाह बातिस्ताको एउटा बलियो अखडा सान्टियागो (Santiago) मा थियो। थप २ हजार सशस्त्र जवानसहित फिडेल क्यास्ट्रोको नेतृत्वमा जनसेनाले सान्टियागोलाई घेरामा पारे। बास्तिस्ताको बलियो फौजले जनसेनाको घेरालाई तोड्न दुईपटक असफल प्रयास गऱ्यो। अन्तमा, प्रतिक्रियावादी फौज आफ्नै किल्लाभित्रै बस्न बाध्य भयो। जनसेना एकपछि अर्को भाग मुक्त गर्दै अघि बढ्दै थियो। यसै सिलसिलामा लास भिलास प्रोनिना (Las Villas Pronina) को ठुलो इलाकामा रहेको उखु खेतीको उर्वर फाँट र थुप्रै नगरहरू मुक्त भए।

### बातिस्ताको राज्य आतङ्क

अमेरिकी साम्राज्यवादीहरूको इसारामा क्युवाली जनताको शोषण गरी अनेक रङ्गीन सपना देखिरहेका तानाशाह बातिस्ता र उसका वरपर बसेर चिप्लो घस्ने पदाधिकारीहरू जनसेनाको बढ्दो शक्तिबाट झस्के। एडवार्ड टेलर स्मिथ (Edward T. Smith) तानाशाह बातिस्ताको नजिकको अमेरिकी साथी थियो। ऊ फ्लोरिडा राज्यको गणतान्त्रिक राष्ट्रिय आर्थिक समितिको पूर्व सदस्य थियो। सन् १९५७ मा अमेरिकी राष्ट्रपति आइजनआवर (Eisenhower) ले उसलाई क्युवाका लागि अमेरिकी राजदूत पदमा नियुक्त गरी पठाएको थियो। एडवार्ड टेलर स्मिथले रिपब्लिकन पार्टीलाई ठुलो आर्थिक सहयोग गरेको थियो। पहिले ऊ कम्पनीको कागजपत्र बेचबिखन गर्ने एक व्यापारी (Stock Broker) थियो। बातिस्ताको अर्को घनिष्ठ साथी अमेरिकी एजेन्ट मायर लान्स्की (Mayer Lansky) थियो। ऊ एक कुख्यात, जुवाडे र डाँकु थियो। हवानालगायत अन्य प्रमुख नगरहरूमा उसले ठुल्ठुलो होटलहरूमा जुवा (क्यासिनो) खोलेको थियो। ती क्यासिनोहरूमा उठ्ने कुल रकमको आधा रकम बातिस्तालाई जान्थ्यो। अमेरिकी साम्राज्यवादीहरू र क्युवाली प्रतिक्रियावादीहरू ती होटलहरूमा मोजमस्ती र विलासी जीवन बिताउँथे। क्युवाली क्रान्तिकारी जनसेनाले ती होटल र क्यासिनोहरूलाई आक्रमणको तारो बनाए। प्रमुख सहरहरूमा रहेका गगनचुम्बी होटलहरू र जुवाका खालहरूमा राति अचानक क्रान्तिकारीको बम पड्किन थाल्यो। क्युवाको राजधानी हवानाको भव्य होटल र जुवाका खालहरूमा विध्वंश गर्दै एकै रातमा सयौँ बम विस्फोट हुन थाले। तानाशाह बातिस्ताले राजधानी हवाना सहर जनसेनाबाट घेरिएको यथार्थलाई बुझ्यो। तर, क्रान्तिकारी सेना एकजना पनि देखिएको थिएन। ऊ के गर्ने र के नगर्ने असमञ्जसमा पऱ्यो र ऊ बहुलायो। जननायक फिडेल क्यास्ट्रोको

बाँकी पृष्ठ ९ मा

# ‘युक्रेनमा नवनाजीवाद : रुसविरुद्ध अमेरिकी छद्‍म युद्ध’ पुस्तकबारे एक चर्चा

• सृजना

संरा अमेरिकी युद्ध अपराध उदाङ्ग्याउने एउटा महत्त्वपूर्ण पुस्तकको नाम हो ‘युक्रेनमा नवनाजीवाद : रुसविरुद्ध अमेरिकी छद्‍म युद्ध’। “वास्तवमै सन् १९४९ पछिको विश्वमा युद्ध र युद्ध अपराधको इतिहास संरा अमेरिकाको इतिहास हो। युक्रेन सङ्कट पछिल्लो घटनामध्ये एक हो भन्दा उपयुक्त होला।


युक्रेनमा रुसविरुद्धको संरा अमेरिकी छद्‍म युद्ध किन र केका लागि ? यसको अन्तर्य बुझ्न यो पुस्तकले सघाउँछ। युक्रेनमा सन् २०२२ बाटमात्र होइन बरु सन् २०१३ बाटै कलह चालू छ। डोनबासका सहरहरू दोनेत्स्क र लोहान्स्कमा विगत १० वर्षदेखि युद्धको बमबारीको थिलथिलो छ। युक्रेनमा अमेरिकी र नाटो सेना युद्धका लागि किन सहयोग गर्दै छन् ? युद्धको भूराजनीतिक स्वार्थसँगै आर्थिक कारण खोतलखातल गर्न पुस्तक सफल छ। पुस्तकमा रुस र युक्रेनको भूगोल, इतिहास, सभ्यता र जनजीवन छ।

नवनाजीवाद के हो ? नवनाजीवाद कति अमानवीय र क्रुर हुन्छ भन्ने थाहा पाउन पुस्तक नपढी हुन्न। सिङ्गो पुस्तकले कुनै देशको पक्ष लिनुभन्दा पनि बर्बर युद्धको विरोध र विश्व शान्तिको पक्ष लिएको अनुभव हुन्छ। पुस्तकमा रुस-युक्रेन सङ्कट समाधानका लागि विज्ञहरूको धारणादेखि नेमकिपाको दृष्टिकोण र पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँज्यूको विचार समेटिएको छ।

अध्यक्ष माओको रातो किताबमा लेखिएको छ– “यतिबेला अन्तर्राष्ट्रिय परिस्थिति एउटा नयाँ मोडमा छ। आजको विश्वमा दुईवटा आँधीहरू छन् - पूर्वको आँधी र पश्चिमको आँधी। एउटा चिनियाँ भनाइ छ – या त पूर्वको आँधी पश्चिमको आँधीमाथि हावी हुन्छ या पश्चिमको आँधी पूर्वको आँधीमाथि। आजको अन्तर्राष्ट्रिय परिस्थितिमा पूर्वको आँधी पश्चिमी आँधीभन्दा प्रबल छ। अर्को भाषामा भन्ने हो भने समाजवादी शक्ति साम्राज्यवादी शक्तिभन्दा सर्वश्रेष्ठ बनेको छ।” यो भनाइ सन् १९५७ अर्थात् आजभन्दा करिब ७ दशक अगाडिको हो। र आजको परिस्थिति पनि फरक ढङ्गबाट उस्तै देखिन्छ।

त्यतिबेला रुसमा सोभियत समाजवाद, युरोपमा समाजवादको प्रभाव बढेको र चीनमा समाजवादी क्रान्ति सफल भइसकेको अवस्था थियो। सन् १९७४ तिर अध्यक्ष माओले तीन विश्वको सिद्धान्त अघि सार्नुभयो। ‘Chairman Mao's Theory of the differentiation of the three worlds is a contribution to Marxism-leninism’ सन्दर्भ पुस्तक हुन सक्दछ। अर्थतन्त्र, विज्ञान र प्रविधिका आधारमा संरा अमेरिका र रुस पहिलो विश्व। युरोपका विकसित देशहरू दोस्रो विश्व। विकासोन्मुख देश, सिङ्गो एसिया, अफ्रिका र ल्याटिन अमेरिकी देशहरू तेस्रो विश्वका रूपमा व्याख्या गरिएको थियो।

समाजवादको निर्माणसँगै छोटो समयमा युरोपको अपहेलित रुस समृद्ध बन्दै थियो। युक्रेन त्यही समृद्ध सोभियत सङ्घको हिस्सा थियो। आज युक्रेन युद्धले आतङ्कित क्रिमिया त कुनैबेला रुसको राजधानी थियो। सन् १९३९मा दोस्रो विश्वयुद्ध आइलाग्यो। त्यतिबेलासम्म जर्मन खेमाविरुद्ध लड्न सोभियत रुससँग संरा अमेरिका साथमै थियो। तर जर्मनी पराजित भइसकेपछि रुसलाई संरा अमेरिकाले प्रमुख शत्रु घोषित गऱ्यो र रुसविरुद्ध युद्धको तयारी थाल्यो। रुसविरुद्ध सैन्य गठबन्धन नेटोको स्थापना गरियो। रुसले पनि प्रतिकारका लागि वार्सा गठबन्धन तयार गऱ्यो। लामो समय शीतयुद्ध चल्यो। विश्व पश्चिम र पूर्वमा विभक्त भयो। दोस्रो विश्वले पश्चिमको पक्षधरता लियो भने तेस्रो विश्व तटस्थ र असंलग्न बस्यो। शीत युद्धको समाप्तिपछि वार्सा गठबन्धन नेटोपछि हट्ने सर्तमा विघटन गऱ्यो। नेटो विघटन भएन बरु रुसको प्रभावमा रहेका देशहरू समेतलाई नेटोमा सहभागी गराइयो। पूर्व समाजवादी देशहरू नेटोमा सामेल गराइए। शीतयुद्धपछि सोभियत रुस कमजोर बन्दै गयो। खुस्चेभ गोर्भाचोभहरूको संशोधनवादी विचार, ग्लास्नेष्ट र पेरेस्ट्रोइकाजस्ता अर्थनीति र संरा अमेरिकाको हस्तक्षेप ( गैरसरकारी संस्थाहरूको आक्रमण र अमेरिकी सहयोग) का कारण सन् १९९१ मा रुसी सोभियत समाजवाद पुँजीवादमा पतन भयो। यसमा अध्यक्ष माओ या चीनको मतभिन्नता थियो। लेनिन र स्तालिनको मृत्युपछि रुसी समाजवाद सामाजिक साम्राज्यवादमा पतन भइरहेको स्थिति चीनले औँल्याएको थियो। दोस्रो विश्वयुद्ध र शीत युद्धले रुस आर्थिक रूपमा निकै कमजोर बनेपछि संरा




अमेरिका पहिलो शक्तिको रूपमा उदायो। त्यसको निम्ति संरा अमेरिकाले गरेका युद्धहरूको तथ्याङ्क कसैबाट लुकेको छैन।

त्यतिबेला पूर्वको अर्को देश चीनमा समाजवाद थियो तर आर्थिक रूपले संरा अमेरिकासँग मुकाबिला गर्न सक्ने स्थिति थिएन। उपनिवेश र युद्धपछि शून्यबाट उठाउनुपर्ने अर्थतन्त्रलाई संरा अमेरिकी आक्रमणहरूबाट जोगाई बलियो जग तयार गर्न बन्द खालको समाजवादी अर्थनीति अघि बढाइयो। आफ्नै खुट्टामा उभिन सक्ने भएपछि चीनले अर्थतन्त्रलाई खुला गरेको हो। खुलापनको केही दशकमै चीन दोस्रो ठूलो अर्थतन्त्रमा उक्लियो र निकट समयमा पहिलो बन्दै छ।

यतिबेला अन्तर्राष्ट्रिय परिस्थिति पुनः एकपटक अध्यक्ष माओले भन्नुभएझैँ पूर्वतिर केन्द्रित छ। पश्चिम राजनीतिक विचारसँगै आर्थिकरूपमा तल झर्दै गर्दा पूर्व अगाडि बढ्दै छ। चीन पछि आज पनि पूर्वको शक्तिशाली आर्थिक केन्द्र रुस हो। आजको चीन सन् १९९० को दशकको रुसभन्दा बिल्कुल फरक छ। त्यतिबेला रुसमा राजनीतिक पतनसँगै १९९० को दशकसम्म रुसले आर्थिक मन्दी मात्र होइन भयानक गरिबी सामना गर्न परेको थियो। आजको चीनको राजनीतिक अडान र आर्थिक उडान निकै बलियो छ। पूर्वको प्रगति रोक्न युद्धको बिउ रोप्नु संरा अमेरिकाको षड्यन्त्र हो। त्यसकारण, युक्रेन संरा अमेरिकाको रणमैदान या प्रयोगशाला मात्रै हो भन्ने कुरा यो पुस्तकले विभिन्न घटनाक्रम र प्रमाणहरुसहित पुष्टि गरेको छ। युक्रेनको काँधमा बन्दुक राखी पूर्वतिर हान्ने संरा अमेरिकाको स्वार्थ उदङ्ग्याएको छ।
आज पनि युरोपमा रुसको ग्यास, तेलको बजार निकै अब्बल छ। चीन र रुसको व्यापार सम्बन्धका कारण युरोपमा रुसको बजार बलियो बन्दै गयो। एसिया, अफ्रिका, दक्षिण अमेरिकी-देशहरूमा चीनको व्यापार सम्बन्ध राम्रो बन्दै गएपछि युरोपलाई आफ्नो पकडमा राख्न रुसलाई हमला गर्नु जरुरी थियो संरा अमेरिकाका निम्ति। युक्रेन आफैं पनि कृषि, खनिज उद्योग विज्ञान र प्रविधिमा अघि बढिरहेको प्रान्त थियो। युक्रेनको गहुँ र सूर्यमुखी तेल विश्वभर निर्यात हुन्छ। रुस-युक्रेन युद्धकै कारण नेपालमा पिठोको भाउ बढ्यो। युक्रेनबाट भारत हुँदै नेपाल आइपुग्ने गहुँ रोकियो। यसर्थ राजनीतिक प्रभुत्व र आर्थिक साम्राज्य गुम्ने डरले पनि युद्ध छेडिएको बुझ्न पुस्तकले सघाउँछ। अर्थात् अध्यक्ष माओले भन्नुभएझैं यतिखेर पश्चिमको आँधीमाथि पूर्वको आँधी हावी छ।

संरा अमेरिका युद्धमा पनि नाफा खोज्ने देश हो। युक्रेन रणभूमि बनिरहँदा, यक्रेनी जनता भोकले मरिरहँदा चामल र खाद्यान्न होइन हतियारको व्यापार गर्दै छ अमेरिका। साम्राज्यवादी देशले हतियार पठाएर युद्ध गराउँछ। ध्वंश र हत्या-हिंसा मच्चाउँछ। यो पुस्तकमा सरल भाषामा यथार्थ अभिव्यक्त गरिएको छ।

युद्धले डामेको सहर कस्तो हुन्छ ? युद्धले चिथोरेको जीवन कस्तो हुन्छ ? ती सहर र जीवनहरूको कथा पुस्तकमा छ। युक्रेनमा सन् २०१३ नोभेम्बरदेखि जारी युद्धका घटनाहरूबाट प्रभावित जनजीवनका घाउहरू पुस्तकमा छन्। युक्रेनी जनजीवनको वास्तविकताका पृष्ठहरू छन्। सोभियत सङ्घको नेतृत्वको जीवन र वर्तमान जीवनको सघन तुलना पुस्तकमा छ। पुस्तकको अध्याय ४ मा युक्रेनी कम्युनिस्ट सङ्गठक दिमित्री कोभालेभिचले युक्रेनको वास्तविकता उदाङ्गो पारेका छन्। उनी भन्छन्– “सोभियत संघको विघटनपछि प्रत्येक युक्रेनी सरकारले नवनाजी विचारधारालाई मलजल गर्दै आएका छन्।” तत्कालीन सोभियत सङ्घमा निःशुल्क स्वास्थ्य सेवा, शिक्षा, कामदारहरूको लागि निःशुल्क आवासको बन्दोबस्त, निःशुल्क घुमघामको बन्दोबस्त थियो। खाना, ग्यास, बिजुली र सार्वजनिक यातायातको शुल्क नगण्य थियो। जनताको यो सोभियत स्मरण या छाप मेटाउन युक्रेनी सरकारले व्यवस्थित रूपमा अन्धराष्ट्रवादी र नवनाजी समूह बाहिर ल्याएको सत्य उनले खुलाएकी छिन्। जेलेन्स्कीले यो प्रवृत्तिलाई बढावा दिँदै छ। कम्युनिस्टहरू लखेटिँदै छन्। नवनाजी विरोधी कम्युनिस्टहरू रुस र डोनबासतिर बसाइ सर्न बाध्य छन्। त्यहाँ लेनिनका शालिक मात्र ढालिँदै छैन रुसीहरूको हत्या गर्दै छ जेलेन्स्की सरकार। यसबाट पश्चिमी शक्ति फाइदा उठाउँदै छ। कोभानोभसँग लिइएको अन्तर्वार्तामा युक्रेन युद्ध अपराध र मानवअधिकार उल्लङ्घन, आर्थिक दुर्दशा र दुःखका पानाहरू पल्टाइएका छन्।

युरो मैदान विद्रोह, संरा अमेरिका र युरोपेली युनियनले गराएको रङ्गिन विद्रोहको वास्तविकता पुस्तकमा छ। प्रजातन्त्रको नाममा युक्रेनमा पश्चिमले कसरी आतङ्क मचाउँदै छ भन्ने शब्दचित्र छ। १० वर्षसम्म लगातार डोनबासका सहरहरूमा बमबारी गरियो र नियोजित रूपमा ती सहरहरूलाई ध्वस्त पारियो। जेलेन्स्की र उनको दलले समाधानको बाटो खोजेन बरु पश्चिमी कर्पोरेशन र तिनका व्यवस्थापकहरूको क्षेत्रीय कार्यालयको भूमिका खेल्यो। रुस र युक्रेन एक अर्कोसँग भौगोलिकरूपमा मात्र होइन भाषा जाति र सांस्कृतिकरूपमै जोडिएको छ। रुसमा युक्रेनी र युक्रेनमा रुसका प्रवासीहरू छ। रुसी सेनामा कम्तीमा २५ प्रतिशत सैनिक युक्रेनी छन्। तर पुस्तकमा लेखिएको छ– “युक्रेनको सूचना नीति बेलायतले तय गर्छ। उसको आर्थिक नीति संरा अमेरिकाले तय गर्छ। युक्रेनी राष्ट्र बैङ्कको सर्भर अमेरिकामै छ। कर र मालसामानको मूल्य अन्तर्राष्ट्रिय मुद्राकोषले निर्धारण गर्छ। सेना र प्रहरीलाई नेटो देशहरूले खर्च दिन्छन्।” यद्यपि, जेलेन्स्कीले युक्रेनको प्रजातन्त्र, स्वतन्त्रताको फलाकोबाजी गर्न छोडेको छैन।

सन् २०१४ तिरबाटै युक्रेनमा उद्योगहरू पातलिँदै थिए। युक्रेनी युवा रोजगारीका लागि रुस र पोल्याण्डका खानीहरूमा जान्थे। युक्रेनमा जनशक्तिको हाहाकार छ। मजदुरको ज्याला कम, मुद्रास्फिति धेरै त्यसमाथि ग्यास, बिजुली र मट्टीतेलमा पनि भारी कर असुल्दा युक्रेनी जनताको जीवन कष्टकर बन्दै गयो। युक्रेनमा राम्रो तलब आउने एउटै रोजगारी सेना हो। त्यो पनि संरा अमेरिका र नेटोको पकडमा छ। अरबौँ ऋणमा डुबेको छ युक्रेन। युक्रेनको ऋण त्यहाँको कुल गार्हस्थ उत्पादन या आम्दानीभन्दा ज्यादा छ। संरा अमेरिका, बेलायत र बहुराष्ट्रिय कम्पनीहरूले युक्रेनलाई यो आर्थिक दुरावस्थामा पुऱ्याएको तथ्य पुस्तकले खुलाएको छ।

पुस्तकमा तत्कालीन सोभियत समाजवादी युक्रेनको किभमा जन्मेर सोभियत सङ्घमा हुर्केका आलेग यासिन्स्कीको स्मृतिका पानाहरू समेटिएका छन्। उनले चे ग्वेभाराका छोरा क्यामिलो ग्वेभारासँगको कुराकानीलाई जोड्दै सोभियत समाजवादका सुन्दर सम्झनाहरू लेखेका छन्।

युक्रेनमा यतिबेला ठूलो वर्गीय भेद छ। युद्धमा होमिने अधिकांश गरिब युक्रेनी जनता छन्। लडाइँको समयमा जीवनमरणको बाजी थाप्न तल्लो वर्गका जनता या युवालाई अघि सारिन्छ। माथिल्ला या धनी वर्गका नौजवानहरूलाई फर्जी कागजपत्र बनाएर युरोपेली मुलुक वा अन्यत्र भाग्न घुस दिने चलन युक्रेनमा छ। धनी युवा घुस दिएर भाग्छन्। युद्धमा गरिबकै सन्तान मारिन्छन्। सेनाभित्र घुस लिने छुटले सैनिक नेताहरू जमिन्दार या पुँजीपतिवर्गमा उक्लिँदै छन्। हुनेखाने वर्गको परिवार सुरक्षित र मजदुरी गरेर खानुपर्ने जनताको परिवारले सधैं युद्धको पीडा सहनुपर्ने अवस्था कहालीलाग्दो छ।

निरन्तरको युद्धले युक्रेनमा सर्वत्र चिहानहरू भेटिन्छन्। मारिएका सैनिकका लासले चिहान भरिँदै छ। पुस्तकमा एउटा तथ्याङ्क छ - अप्रिलको अन्त्यमा मात्र १०० हेक्टर जमिन चिहानका लागि छुट्याइयो। त्यहाँ ५० हजार लास गाड्न सकिने जनाइएको छ

बाँकी पृष्ठ ८ मा



# 'तीन सुरक्षा दस्तावेजहरू' परिमार्जन गर्ने जापानको हतार तेब्बर उल्लङ्घनको अकाट्य प्रमाण हो

✍ झोउ जिन

साने ताकाइची सरकार सत्तामा आएदेखि, जापानले आफ्नो नीति समयतालिकालाई उल्लेखनीय रूपमा सङ्कुचित गरेको छ र यसको "तीन सुरक्षा दस्तावेजहरू" परिमार्जन गर्ने छलफललाई तीव्र बनाएको छ । जुनमा, लिबरल डेमोक्रयाटिक पार्टी (एलडिपी) ले ताकाइचीलाई संशोधनको लागि आक्रामक मस्यौदा प्रस्ताव पेश गऱ्यो । अप्रिलको अन्त्यदेखि, जापानी सरकारले तीन विशेषज्ञ प्यानल बैठकहरू बोलाएको छ, जबकि अगस्टको सुरुमा जारी गरिएको डिफेन्स अफ जापान श्वेतपत्रको २०२६ संस्करणले "सैन्य विस्तारको माध्यमबाट अर्थतन्त्रलाई बढावा दिने" को नयाँ कथा प्रस्तुत गऱ्यो ।

हालैका वर्षहरूमा जापानले रक्षा खर्चमा तीव्र वृद्धि गर्ने, घातक हतियारको निर्यातमा लगाइएको प्रतिबन्ध हटाउने, केन्द्रीकृत गुप्तचरी र कमाण्ड हब स्थापना गर्ने र दिगो सैन्य कारबाहीका लागि आफ्नो क्षमतालाई सुदृढ गर्ने गरी चालेका कदमहरूसँगै यी घटनाहरूले जापानको सुरक्षा नीतिमा ठुलो परिवर्तन भइरहेको देखाउँछ । टोकियो युद्धपछिको शान्तिवादी संविधानका बाधाहरूबाट पूर्ण रूपमा मुक्त हुने र "युद्ध-उन्मुख, सम्पूर्ण राष्ट्रको सैन्य प्रणाली" निर्माण गर्ने नियत देखिन्छ । त्यस्ता चालहरूले युद्धपछिको अन्तर्राष्ट्रिय व्यवस्थालाई गम्भीर रूपमा धम्की दिन्छ र धेरै वटा अन्तर्राष्ट्रिय र घरेलु कानुनहरूको उल्लङ्घनहरू गर्दछ ।

प्रथमत: तिनीहरूले पराजित देशको रूपमा जापानको अन्तर्राष्ट्रिय कानुनी दायित्वहरू उल्लङ्घन गर्छन् । कायरो घोषणा, पोट्सड्याम घोषणा र आत्मसमर्पणको जापानी उपकरणले सामूहिक रूपमा युद्धपछि जापानको मुख्य दायित्वहरू स्थापना गरेका थिए । सैन्यवादको उन्मूलन, यसको क्षेत्रीय दायरा सीमित गर्ने र आपत्तिजनक सैन्य क्षमताहरूको विस्तारलाई रोक्ने ।

सत्तारुढ पार्टी एलडिपीको मस्यौदा प्रस्तावले, अवस्थित "तीन सुरक्षा दस्तावेजहरू" को आधारमा, रक्षा उद्योगदेखि परिचालन संरचनाहरूसम्मका क्षेत्रमा जापानको लामो दूरीको प्रिमप्टिभ स्ट्राइक क्षमताहरूलाई पर्याप्त रूपमा बलियो बनाउनेछ । वस्तुत:, यसले पूर्ण युद्धकारी अधिकारसहितको राज्यको हैसियत पुनर्स्थापित गर्न र जापानको युद्ध लड्ने अधिकारमा युद्धपछिको बाध्यकारी प्रतिबन्धलाई हटाउन खोजिरहेको छ । मस्यौदाले जापानको सुरक्षा परिधिलाई ताइवान जलउमरु र दक्षिण चीन सागर लगायतका क्षेत्रहरूसँग पनि खुला रूपमा जोडेको छ, एकतर्फी रूपमा सैन्य हस्तक्षेपको दायरा विस्तार गर्दै र युद्धपछिको क्षेत्रीय सुरक्षा व्यवस्थालाई गम्भीर रूपमा बाधा पुऱ्याउने छ ।

दितीय, तिनीहरूले जापानको शान्तिवादी संविधानको उल्लङ्घन गर्छन् । जापानको शान्तिवादी संविधानको धारा ९ ले युद्धलाई सार्वभौम अधिकारको रूपमा स्पष्ट रूपमा त्याग गर्छ र राष्ट्रलाई सैन्य बलजस्ता "युद्ध क्षमता" राख्नबाट रोक्छ । यद्यपि एलडिपीको मस्यौदाले "इन्डो-प्यासिफिक" क्षत्रकामा सैन्य तैनाथी वास्तुकलामा जापानको योगदान बढाउन खोजेको छ, आफ्नो सैन्य रणनीतिलाई "विशेष रूपमा प्रतिरक्षा-उन्मुख" बाट "सक्रिय प्रतिरोध" र यहाँसम्म कि पूर्वाग्रहमा सार्दै यसले खुलमखुल्ला




शान्तिवादी संविधानलाई कुल्चीदिन्छ र "विशेष रूपमा रक्षा-उन्मुख नीति" को सिद्धान्तलाई पूर्ण रूपमा पन्छाउँछ ।

तृतीय, तिनीहरू हतियार हस्तान्तरण नियन्त्रण गर्ने अन्तर्राष्ट्रिय नियमहरूको विरोध गर्छन् । अन्तर्राष्ट्रिय हतियार नियन्त्रणको मुख्य सिद्धान्तहरूमध्ये एक भनेको हतियारहरूलाई द्वन्द्व क्षेत्रहरूमा पुग्न र मानवीय सङ्कटलाई बढाउनबाट रोक्नु हो । यद्यपि एलडिपी मस्यौदा प्रस्तावले हतियार निर्यातमा प्रतिबन्धको व्यापक ढिलाइको लागि मात्र आह्वान गर्दैन, तर "निश्चित परिस्थितिहरूमा" जापानले सशस्त्र द्वन्द्वमा संलग्न देशहरूलाई हतियार निर्यात गर्न सक्ने स्पष्ट रूपमा उल्लेख गरेको छ । यसले अघिल्लो प्रतिबन्धहरूलाई पूर्ण रूपमा उल्टाउनेछ जसले हतियार निर्यातलाई गैर-लडाकू उद्देश्यका पाँच कोटीहरूमा सीमित गर्दछ । यसको मतलब जापानले हतियार व्यापार सन्धिको उद्देश्यको विरुद्धमा चलिरहेको, जुन जापान एक पक्ष हो र विश्वव्यापी शान्तिको लागि अस्थिरताको प्रमुख स्रोत सिर्जना गर्दै विश्वभरका द्वन्द्वका केन्द्रहरूमा घातक हतियारहरू आपूर्ति गर्न सक्छ ।

युद्धपछिको अवधिदेखि, जापानले आफ्नो शान्तिवादी संविधानलाई सामान्य कानुन, प्रशासनिक पुनर्व्याख्या र नीति दस्तावेजहरूमार्फत निरन्तर रूपमा मेटाउन खोजेको छ, संवैधानिक अवरोधहरूलाई क्रमश: हटाउन "सलामी-काट्ने" दृष्टिकोण अपनाउँदै बारम्बार अन्तर्राष्ट्रिय समुदायको रातो रेखाको परीक्षण गर्दै र "आफैलाई खोज्दै" छ ।

शीतयुद्धको प्रारम्भिक वर्षहरूमा, जापानी सरकारले "आत्म-रक्षा" को नाममा कानुनको माध्यमबाट सशस्त्र सेल्फ-डिफेन्स फोर्सेस प्रणाली स्थापना गऱ्यो । शीतयुद्धको अन्त्यपछि, जापान सरकारले शान्ति स्थापना, प्रतिआतङ्कवाद, एन्टी-पाइरेसी अपरेसनहरू र अन्य औचित्यहरू उद्धृत गर्दै, बिस्तारै आत्म रक्षा बलहरूको गतिविधिहरूको भौगोलिक दायरा विस्तार गर्दै, तिनीहरूलाई विदेशमा हतियार प्राप्त गर्ने मिसनहरू सञ्चालन गर्न अधिकार दिएको थियो ।

२०१४ मा, आबे सरकारले "जीवित-खतराको अवस्था" को अवधारणालाई भित्र्यायो, जसले जापानले सीमित आधारमा सामूहिक आत्म-रक्षाको अधिकार प्रयोग गर्न सक्छ यदि अर्को मित्र देश आक्रमणमा पर्यो भने जापानको आफ्नै अस्तित्व जोखिममा परेको मानिने छ, भन्छ ।

२०१५ मा, सामूहिक आत्म-रक्षाको सीमित अभ्यासको लागि परिचालन ढाँचा स्थापना गर्दै र समर्थन मिसनहरूको लागि नियमित विदेशी तैनाथीहरूलाई सक्षम पार्दै जापानी आहारले १० प्रमुख राष्ट्रिय सुरक्षा कानुनहरू परिमार्जन गऱ्यो र तथाकथित अन्तर्राष्ट्रिय शान्ति समर्थन ऐन पारित गऱ्यो ।

२०२२ मा, किशिदा सरकारले औपचारिक रूपमा "तीन सुरक्षा दस्तावेजहरू" ग्रहण गऱ्यो, जसले शत्रुको अड्डाहरूविरुद्ध प्रत्याक्रमण गर्ने क्षमता राख्ने अनुमति दिन्छ र "विशेष रूपमा रक्षा-उन्मुख नीति" को लामो समयदेखिको सिद्धान्तलाई परित्याग गर्छ ।

एलडिपीद्वारा पेश गरिएको मस्यौदा प्रस्तावको आधारमा, ताकाइचे सरकारले "तीन सुरक्षा कागजात" को परिमार्जन गर्नको लागि द्रुत धक्का कुनै पनि हिसाबले रक्षा नीतिको समायोजनमात्र होइन । बरु, यसले जापानको 'पुन:सैनिकीकरण' को लागि व्यवस्थित शीर्ष-स्तरको डिजाइनलाई प्रतिनिधित्व गर्दछ: पहिलो, नीतिगत उपायहरूमार्फत शान्तिवादी संविधानलाई खाली गर्दै; त्यसपछि रक्षा खर्च बढाएर आक्रामक उन्मुख सैन्य निर्माण र यसलाई हतियार निर्यात, युद्धकालीन परिचालन, खुफिया सहयोग, आणविक नीति प्रतिबन्धमा छुटकारा र अमेरिकाको विश्वव्यापी सैन्य प्रणालीमा एकीकरणको साथ पूरक गर्दै छ ।

अन्तिम लक्ष्य भनेको युद्धपछिको प्रणालीका बाधाहरूबाट पूर्णतया मुक्त हुनु र फेरि एक पटक स्वतन्त्र रूपमा युद्ध सुरु गर्न, लामो दूरीका क्षेप्यास्त्रहरू सञ्चालन गर्न र लामो सैन्य अपरेशनहरू जारी राख्न सक्षम "सैन्य शक्ति" बन्नु हो । जापानको दक्षिणपन्थी सेनाहरूले "तीन गैरआणविक सिद्धान्तहरू" परिमार्जन गर्न बारम्बार प्रस्तावहरू प्रस्तुत गरेका छन्, जबकि रक्षामन्त्री शिन्जिरो कोइजुमीले पनि जापानले "कुनै वर्जित बिना" आणविक नीतिमा छलफल गर्नुपर्छ भनी सुझाव दिएका छन् ।

यी खतरनाक घटनाक्रमले जापानभित्रै कडा विरोध सुरु गरेको छ । जापानी मिडिया रिपोर्टहरूका अनुसार, ताकाइची प्रशासनले कार्यभार सम्हालेदेखि, जापानभरका १२८ स्थानीय सभाहरूले "तीन गैरआणविक सिद्धान्त" लाई समर्थन गर्न सरकारलाई आह्वान गर्दै जापानी संसद डाइटमा लिखित राय पेश गरेका छन् । नागासाकी प्रान्तका ३२ नागरिक समाज सङ्गठनहरूले आणविक नीतिसम्बन्धी रक्षामन्त्री कोइजुमीको टिप्पणीको विरोध गर्न संयुक्त पत्रकार सम्मेलन गरेका छन् ।

जनताको जीविकोपार्जन र हितलाई बेवास्ता गर्दै सैन्य क्षमता विस्तार गरेकोमा सरकारको आलोचना गर्न ठुलो सङ्ख्यामा जनता सडकमा उत्रिएका छन् । अन्तर्राष्ट्रिय समुदाय पनि निकै सचेत रहेको छ । रसिया र प्रजग कोरियालगायतका देशहरूले जापानको "पुन:सैनिकीकरण" को प्रयासको आलोचना गरेका छन् र भनेका छन् कि उनीहरूले जापानी सैन्यवादको पुनरुत्थानलाई कहिल्यै सहने छैनन् ।

इतिहासको पाठ हामी धेरै पछि छैन । एक देश, जसले एक पटक सैन्यवादी आक्रमणको युद्धहरू सुरु गर्यो, तर अझै पनि आफ्नो इतिहासको साथ पूर्ण रूपमा गणना गरेको छैन जबकि दक्षिणपन्थी सेनाहरूले बारम्बार आफ्नो आक्रमणको युद्धलाई अस्वीकार गर्न वा महिमागान गर्न खोजेका छन्, अब "रक्षा" को नाममा "पुन: सैनिकीकरण" लाई निरन्तर अगाडि बढाउँदैछ । यसले दोस्रो विश्वयुद्धमा विजयको नतिजालाई खुला चुनौतीको प्रतिनिधित्व गर्दछ ।

जापानी अधिकारीहरूलाई अन्तर्राष्ट्रिय कानुनअन्तर्गत उनीहरूको दायित्वहरू पालना गर्न र शान्तिवादी संविधानलाई समर्थन गर्न, युद्धपछिको प्रणाली तोड्ने उद्देश्यले सैन्य साहसिक कार्य रोक्न र अन्तर्राष्ट्रिय दायित्वहरू वास्तविक रूपमा पूरा गर्न सैन्यवादको बाटोमा फर्कने कुनै पनि लापरवाह प्रयासले जापान र एसिया-प्रशान्त क्षेत्रका लागि मात्र गहिरो विपत्ति ल्याउनेछ । जापानको दक्षिणपन्थी शक्तिहरूले इतिहासको दिशालाई उल्टाउने प्रयासहरूको सामना गर्दै शान्तिका लागि प्रतिबद्ध सबै पक्षहरू उच्च सतर्क रहनुपर्छ र त्यस्ता कार्यहरूको दृढतापूर्वक विरोध गर्नुपर्दछ ।

(लेखक अन्तर्राष्ट्रिय मामिलाका पर्यवेक्षक हुन् ।)

# दृढताका साथ जापानी 'नयाँ शैलीको सैन्यवाद' को प्रतिरोध

चालु वर्षको अगष्ट १५ का दिन जापानका लागि दोस्रो विश्वयुद्ध अन्त्य समर्पण दिवस हो । यसैदिन जापानी प्रधानमन्त्री ताकाइची सानाएले क श्रेणीका युद्ध अपराधीका सम्झनास्तम्भ रहेको यासुकुनी देवलसमक्ष पूजाआजा रकम पेश गर्नुका साथै अन्य केही मन्त्री परिषद्का पदाधिकारी र लिबरल डेमोक्रेट्रिक पार्टीको उच्चतहले यासुकुनी देवलको पनि पूजाआजा गरे । जापानको यो गतिविधि इतिहासलाई गरेको अपमान हुनुका साथै सभ्यताको न्युनतम रेखा नाघ्ने र युद्धपछिको अन्तर्राष्ट्रिय परिपाटीमाथि फैलाइएको उत्तेजना पनि हो । त्यसले चीनलगायत एसियाली पीडित मुलुकका जनताको भावनामा गम्भीर चोट पुऱ्याएको छ । चीनले जापानसमक्ष गम्भीर आपत्ति जनाउनुबाहेक कडा प्रतिरोध पनि गरेको छ ।

जापानी 'नयाँ शैलीको सैन्यवाद' अनुप्रवाहको सामना गर्दा अन्तर्राष्ट्रिय समाजले वास्तविक कदम चाली त्यसको प्रतिरोध गर्दै दृढताका साथ युद्धपछिको अन्तर्राष्ट्रिय परिपाटीको संरक्षण गर्नुपर्छ । ऐतिहासिक दु:खद नाटकलाई बारम्बार मञ्चन गर्नु उचित होइन ।

**एनिमेको कभरबाट जापानको 'पुन: सैन्यीकरण' तीव्र पार्ने महत्वाकाङ्क्षा लुकाउन सकिँदैन**

जापानको रक्षा मन्त्रालयले अगस्ट ४ को दिन २०२६ संस्करणको 'रक्षा श्वेतपत्र' सार्वजनिक गऱ्यो । उक्त श्वेतपत्रको कभर एनिमे शैलीको भएको र 'हँसिला परिवार र चम्किलो शहर' प्रस्तुत गरेको छ । तर श्वेतपत्रको पृष्ठ खोल्दा, यसमा झुठो कथा र सैन्य विस्तारको प्रभावले भरिएको छ । उक्त श्वेतपत्रले रेकर्ड तोड ५९८ पृष्ठमार्फत् 'वरिपरि सुरक्षा सङ्कट' लाई प्रचार गर्दछ, चीनलाई 'पहिले नभएको सबैभन्दा गम्भीर रणनीतिक चुनौती' भनेर आरोप लगाएको छ । साथै, यसले ताकाइची साने सरकारको हतियार विस्तार नीतिलाई प्रसार गरेको छ र युद्ध प्रणालीको परिवर्तन र सैन्य उद्योगको विस्तारमा जोड दिएको छ । यसले स्पष्ट सङ्केत दिन्छ : जापानले युद्धपछिको शान्ति प्रणाली छोड्ने गतिविधिलाई तीव्र पार्दै पूर्ण प्रयासमा 'पुनर्सैन्यीकरण' लाई अगाडि बढाइरहेको छ ।

जापानको नयाँ रक्षा श्वेतपत्रको साँचो कोर यस्तो हो: 'बाह्य खतरा उक्साउने - घरेलु सङ्कटको भावना बढाउने - हतियारको विकास गर्ने - बाह्य शक्तिसँग समन्वय गर्ने - फेरि सैन्य उद्योगलाई बढाउने' बन्द चक्रको निर्माण गर्नु हो । यसरी जापानलाई 'आत्मरक्षा' बाट 'सक्रिय आक्रमण' सम्म, 'मातृभूमिको रक्षा गर्न' बाट 'बाह्य गतिविधि चलाउने' सम्म र 'शान्तिपूर्ण देश' बाट 'सैन्य विस्तार' सम्म घचघच्याउने छ ।

हाल, जापान सरकारले 'पुनर्सैन्यीकरण' छिटै बढाउने गतिविधिले घरेलु र अन्तर्राष्ट्रिय जनमतमा कडा प्रतिक्रिया उत्पन्न गरिरहेको छ ।

नयाँ रक्षा श्वेतपत्र जारी भएकै दिनमा ३२ जापानी समूहहरूले विरोध पत्र सार्वजनिक गरेर 'शान्ति संविधान' को पालना गर्न माग गरेका छन् । 'टोकियो शिम्बुन' ले रक्षा नीतिबारे छलफलले शान्तिको सिद्धान्तको पालना गर्नुपर्ने र सैन्य बलको बढावामा अत्याधिक जोड दिएमा क्षेत्रीय तनावलाई अझ खराब बनाउने विषय व्यक्त गरेको छ । 'असाही सिम्बुन' का अनुसार, दोस्रो विश्व युद्धपछि जापानको गैरआणविक नीति र अन्तर्राष्ट्रिय जगतबाट कमाएको विश्वासलाई भङ्ग गर्न दिनुहुँदैन । धेरै जापानी नेटिजनहरूले पनि सामाजिक सञ्जालमा टिप्पणी लेखेर जापान सरकारसँग उही गल्ती नदोहोऱ्याउन आग्रह गरेका छन् ।

चीनले यसको कडा रूपमा असन्तोष जनाउँदै विरोध गर्नुका साथै जापानसँग गम्भीर रूपमा वार्ता गरेको छ । दक्षिण कोरियाली विदेश मन्त्रालयले पनि यस विषयमा कडा विरोध जनाएको छ । कोरियाली केन्द्रीय समाचार एजेन्सीले कोरिया वर्कर्स पार्टी केन्द्रीय समितिका मन्त्री किम यो-जोङलाई उद्धृत गर्दै जापानलाई कहिल्यै पनि सैन्यशक्ति बन्ने दिशामा अघि बढ्न दिनु हुँदैन भन्ने कुरा प्रकट गरेको छ ।

जापानको नयाँ 'रक्षा श्वेतपत्र' लाई लिएर अन्तर्राष्ट्रिय जगत जापानको 'नयाँ प्रकारको सैन्यवाद' बन्ने प्रवृतिप्रति अत्यधिक सतर्क रहनुपर्छ र यसलाई दृढतापूर्वक रोक्न ठोस कदम चाल्नुपर्छ ।

**जापानी रक्षात्मक बजेटको नयाँ होड्बाजीको षड्यन्त्र प्रतिबिम्बित**

हालै जापानी राष्ट्रिय रक्षा विभागले पेश गरेको सन् २०२७ वित्तीय वर्षको रक्षात्मक बजेट आवेदनमा लेखिएको रकम ८९ खर्ब जापानिज यान पुगेकोले नयाँ ऐतिहासिक कीर्तिमान तोडेको छ । ताकाइची सानाए सरकारले शासन गरेयता सुरक्षाको संरक्षण गर्ने निहुँमा पुन: सैन्यीकरणलाई तीव्र पार्दै आएको छ । यस पटक रक्षात्मक बजेटले नयाँ ऐतिहासिक कीर्तिमान सिर्जना गरेको कुराबाट शान्तिपूर्ण संविधान पार गरी नयाँ शैलीको सैन्यवादलाई प्रबर्द्धन गर्ने जापानी राजनीतिज्ञको षड्यन्त्र प्रतिबिम्बित गरिएको छ ।

जापान सरकारको उक्त खतरनाक गतिविधिप्रति चीन, रुस र गणतन्त्र कोरियालगायत वरपरका मुलुकहरूले पनि लगातार रूपमा त्यसको निन्दा गरेका छन् । किनकि लगभग १ सय खर्ब जापानिज यानको पछिल्लो रक्षात्मक बजेट नै सैन्यवाद पुन: जीवित हुने खतरनाक सङ्केत रहेको छ । त्यसैगरी अन्तर्राष्ट्रिय समाजले त्यसप्रति उच्च सतर्कता कायम राख्नुपर्छ । यदि जापानले ऐतिहासिक पाठहरू र वरिपरिको चेतावनीका बाबजुद विस्तारलाई तीब्रता दिने हो भने यत्रो ठुलो रकमको रक्षात्मक व्ययले जापानलाई अँध्यारोतिर धकेल्नेछ ।

*-सिआरआईबाट*

# फिडेलले हामीलाई जे दिनुभयो

✍ विजय प्रसाद

फिडेल क्यास्ट्रोलाई पहिलोपल्ट देख्दा म १६ वर्षको थिएँ । सन् १९८३ मा असंलग्न आन्दोलन (नाम) को सम्मेलनमा सहभागी हुन उहाँ भारत आउनुभएको थियो । भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीलाई भेट्दा फिडेलले शिष्टाचार उल्लङ्घन गर्दै अङ्कमाल गर्नुभयो । भारतलाई माया गर्नुहुन्थ्यो फिडेल । यो कुरा मैले १८ वर्षपछि दक्षिण अफ्रिकाको डर्बानमा थाहा पाएँ । उहाँले मसँग भन्नुभयो, "म धेरैपल्ट भारत पुगेँ । तर, कहिल्यै लामो समय बसिन ।" मैले डरले गर्दा उहाँलाई 'नाम सम्मेलनमा हजुरलाई' देखेको थिएँ भन्न सकिन । त्यो बेला उहाँको भव्य व्यक्तित्वले गर्दा क्युवा भन्ने देश धेरै ठुलो होला भन्ने लागेको थियो । क्युवा जम्मा १ लाख १० हजार वर्गकिमि क्षेत्रफल ओगटेको छ र म जन्मेको कलकत्ता महानगरको भन्दा पनि कम जनसङ्ख्या भएको टापु देश होला भनेर मैले चिताएकै थिइन । त्यो बेला उहाँले हरियो सैन्य बर्दी लगाउनुभएको थियो । टाढैबाट उहाँलाई हेर्दै मैले सियरा माइस्त्राका पहाडबाट ओर्लेर हवानामा लम्किँदै गरेको जवान फिडेलको कल्पना गरेको थिएँ । उहाँले पेस्तोल बोक्नुभएको होला-नहोला भनेर पनि घोत्लिन पुगेको थिएँ म । किनभने, हत्याराहरूले यस्तो भिडमा उहाँलाई टाढैबाट गोली ठोक्न सक्छन् भन्ने पीर थियो ।

सन् २००१ मा डर्बानमा जातिवादविरुद्ध विश्व सम्मेलन भएको थियो । त्यहाँ सरकारी र गैरसरकारी दुवै मञ्चबाट सबैले उभिएर सम्मान दिने विश्वको एकमात्र नेता हुनुभयो फिडेल । उहाँले इमानदार कुरा राख्नुभयो । त्यसैले, उहाँको विचारले राजनीतिक पक्षधरताको पर्खाल भत्काइदियो । त्यो बेला 'मानवअधिकार' र 'विश्वव्यापीकरण' को खुबै चर्चा थियो । जब कि विश्वभरि असमानताको निर्मम इन्जिन चलिरहेको बेला यी शब्दको उति अर्थ थिएन । सबथोक झन्झन् खस्किँदै गइरहेको बेला जातिवाद र वातावरण विनाश अथवा ऋण र महिला अधिकारबारे यी मञ्चमा गफगाफ गर्नुको के अर्थ ? दक्षिणी गोलार्द्धका देशहरूमा सामान्य जनताको घरायसी ऋणले सीमा नाघिरहेको बेला नेताहरू चिरिच्याट्ट परेर पुरानै गफ लडाइरहेका थिए । त्यसको विपरीत देखिनुभयो, सैन्य बर्दी लगाउनुभएका फिडेल । उहाँको सिधापन र मुस्कानले सत्यलाई सर्वस्वीकार्य बनायो । त्यसले मानिसहरूलाई एक स्वाभिमानी भविष्यको निम्ति उहाँले चलाइरहनुभएको सङ्घर्षमा सँगै हिँड्न उत्प्रेरित गऱ्यो । उहाँको सम्मानमा हामी उभियौँ । उहाँको विचारले गर्दा मात्र हामी उभिएका थिएनौँ । उहाँले ठ्याक्कै हाम्रो भाषा बोल्नुभयो । त्यही भएर हामी उभिएका थियौँ ।




सन् १९८३ मा भारत आउनुभन्दा दुई वर्षअघि फिडेलले 'क्रान्ति रक्षा समिति' (सिडिआर) को सम्मेलनमा बोल्नुभएको थियो । सन् १९६० मा स्थापना गरिएका सङ्गठनहरूको समिति थियो त्यो । क्युवाली समाज र राष्ट्रको सुरक्षामा यो सङ्गठनले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । सम्मेलनमा उहाँले क्युवाली क्रान्तिका आरोहअवरोह मात्र सुनाउनुभएन । बरु अमेरिकी नाकाबन्दीले गर्दा क्युवामाथि थोपरिएका सीमाहरूबारे पनि बताउनुभयो । फिडेलले भन्नुभयो, "नाकाबन्दीले हामीलाई अघि हात नपरेका उपलब्धिहरू हासिल गर्नबाट रोक्न सकेको छैन ।" उहाँले ती उपलब्धिको विवरण दिनुभयो, "हाम्रा सबै जनता रोजगार छन्, बेरोजगारी अन्त्य भएको छ । सबैखाले दुराचार, जुवातास, दुर्व्यसनी, वेश्यावृत्ति अन्त्य भएको छ । निरक्षरता उन्मूलन भएको छ । कम्तीमा ६ कक्षासम्म शिक्षा अनिवार्य छ । यसलाई ९ कक्षासम्म पुऱ्याउँदै छौँ । स्वास्थ्य सेवा संसारको कुनै पनि अल्पविकसित देशको भन्दा स्तरीय छ ।"

फिडेलले भन्नुभयो, "समस्या पऱ्यो भन्दैमा हामी हिँड्न छोड्ने छैनौँ ।"

तेस्रो विश्वका देशहरूको लागि यो सबैभन्दा आधारभूत पाठ हो । हो, उपनिवेशवादले हाम्रा देशहरूलाई तहसनहस बनायो । हो, नवउपनिवेशवादी विश्व व्यवस्थाले अझै पनि हाम्रा देशका स्रोतसाधन र धनसम्पत्ति लुट्दै छ । हो, युद्ध र ऋणमा आधारित व्यवस्थाले हामीमाथि विकराल करको भार थोपरेको छ र हाम्रो सार्वभौम अधिकार नै प्रयोग गर्न खोज्छ । हो, यी सबै सत्य हुन् । समस्या यिनै हुन् । तर, समस्या पऱ्यो भन्दैमा हामी हिँड्न छोड्ने छैनौँ ।

फिडेल काल्पनिक समाजवादी हुनुहुन्थेन । गरिबीको खाडलबाट फ्याट्टै धनको आहालमा उक्लिन सकिन्छ भन्ने कुरामा उहाँको विश्वास थिएन । उहाँले मार्क्सलाई पढ्नुभएको थियो । खासगरी उहाँले गोथा कार्यक्रमको आलोचना (१९७५) को अध्ययन गर्नुभएको थियो । त्यस रचनामा मार्क्सले लेख्नुभयो, "अधिकार कहिल्यै समाजको आर्थिक संरचनाभन्दा माथि रहन सक्दैन । यसरी समाजको सांस्कृतिक विकास निर्देशित हुन्छ ।" अर्को शब्दमा पर्याप्त अतिरिक्त धन पैदा गर्न नसक्ने र त्यही कारण पर्याप्त फुर्सद र सांस्कृतिक संस्थाहरू बनाउन नसक्ने उत्पादक शक्ति भएको समाजले मानव मुक्तिको लागि आवश्यक परिस्थिति निर्माण गर्न सक्दैन । उदाहरणका रूपमा पुँजीवादी व्यवस्थामा सम्पत्तिको उदार हकअधिकारले प्रत्येक व्यक्तिलाई सम्पत्ति राख्ने स्वतन्त्रता दिलाउँछ । पुँजीवादभन्दा अगाडिका समाजहरूमा यो अधिकारमाथि बन्देज थियो । तर, उदारवादी हकअधिकारले सम्पत्तिबाट स्वतन्त्रता भने सुनिश्चित गर्दैनन् । अर्थात, यी हकअधिकारले सम्पत्तिविहीन रहँदा खेप्नेपुर्ने अत्याचारबाट मान्छेलाई मुक्त गर्दैनन् । प्रचुर उत्पादन हुने उन्नत साम्यवादी समाजमा मात्र स्वतन्त्रताका लागि सामाजिक आधार स्थापित गर्न सकिन्छ । मार्क्सले लेख्नुभयो, "त्यसपछि मात्र पुँजीवादी हकअधिकारको साँघुरो दायरालाई पूरै पार गर्न सकिनेछ । तब समाजमा यो नारा साकार हुनेछ - सबैबाट योग्यता अनुसार लिने सबैलाई उसको आवश्यकता अनुसार दिने !"

यही तर्कले आफ्नो परम्परालाई काल्पनिक समाजवाद र उदारवादबाट भिन्दै बनाउँछ भन्ने फिडेललाई थाहा थियो । तर, उहाँलाई अर्को मूलभूत सूत्र पनि थाहा थियो - उपनिवेशवाद र नवउपनिवेशवादको जाँतोमुनि पुँजीवादको असमान विकास हुन्छ र यसले गरिब देशहरूलाई आफ्नो उत्पादक शक्ति विकास गर्न दिन्न बरु तिनलाई आआफ्ना अल्पविकासका खाडल ठुला पार्न अलपत्र छोड्छ । यसको अर्थ राष्ट्रिय मुक्तिका लागि सङ्घर्षरत सङ्गठनहरूले आफ्ना औपनिवेशिक शासकहरूलाई जरैबाट उखेल्नुपर्छ र पछि कुशलतापूर्वक एकैपल्ट आफ्ना दुई ऐतिहासिक कार्यभार पूरा गर्नुपर्छ । पहिलो, उत्पादक शक्तिको निर्माण गर्नुपर्छ । *(जब कि यो पुँजीपतिहरूको कार्यभार हुनुपर्थ्यो ।)* दोस्रो, उत्पादनका साधनहरूलाई सामाजिकीकरण गर्नुपर्छ । *(यो समाजवादीहरूको मिसन हो ।)* गरिब मुलुकहरूमा पुँजीपति र सर्वहारावर्ग दुवैको कार्यभार समाजवादी शक्तिले पूरा गर्नुपर्ने बाध्यता आइलाग्छ । त्यो पनि ठुलो दबाबबिच । तर, समस्या पऱ्यो भन्दैमा हामी हिँड्न छोड्ने छैनौँ ।

सन् २००१ मा म डर्बानको एक होटलमा फिडेल र उहाँको प्रतिनिधि मण्डलका सदस्यहरूसँगै थिएँ । कुराकानी चल्दै थियो । उहाँले भारतमा रहेको जातीय विभेदबारे प्रश्न सोध्नुभयो । फिडेलको जिज्ञासा मन छुने तर सचेत थियो । उहाँको जिज्ञासा शान्त पार्न र परिस्थितिको व्याख्या गर्न मैले सक्दो प्रयास गरेँ । त्यो बेला म ३४ वर्षको थिएँ र घरमा मेरी ६ महिनाकी बच्चीले के गर्दै होली भनी सोचिरहेको थिएँ ।

फिडेलले मसँग समाजवादको निर्माण गर्दा आइपरेका चुनौतीहरूबारे बताउनुभयो । सुरुसुरुमा जातीय र लैङ्गिक उँचनिच मेटाउन क्युवाली क्रान्तिले छिचोल्नुपरेका पहाडको विषयमा बताउनुभयो । हो, क्युवाली क्रान्तिले सार्वजनिक स्थलमा हुने विभेदलाई जरैबाट उखेलेको थियो । तर, मान्छेमा हुने जातिवादी रवैयासँग लड्न अझै पुगेको थिएन । तीतो यथार्थलाई सम्बोधन गर्नु एकदम महत्त्वपूर्ण हुन्छ । कठोर तथ्यहरूबाट सुरु गरेर परिस्थिति बदल्ने विधिहरू पत्ता लगाउनुपर्छ । तथ्यहरूलाई अस्वीकार गर्नु प्रगतिको बाधन बन्नु हो । यसमा प्रस्ट हुनुहुन्थ्यो फिडेल ।

डर्बान सम्मेलनमा सम्बोधन गर्दै फिडेलले तीतो यथार्थबारे दीक्षा (मास्टर क्लास) नै दिनुभयो । उहाँले भन्नुभयो, "जातिवाद, जातीय विभेद र जातिद्वेष मानव जातिका प्राकृतिक स्वभाव होइनन् । यी त मानव समाजको इतिहासभरि गरिएका युद्ध, सैन्य कब्जा, लादिएको दासप्रथा र कमजोरमाथि सर्वशक्तिमान व्यक्ति वा समूहले गरेको शोषणबाट जन्मेका सिधै थिए ।" यो तथ्यलाई स्वीकार गरेपछि असल व्यवहार र जातिवादलाई हटाउन गरिएका उदाहरणीय अभ्यासका अनुभव साटासाट गर्ने सेमिनारहरू अपर्याप्त लाग्छन् । हामीले त्यो व्यवस्था नै बदल्नुपर्छ, जहाँ सत्ताका आडमा सामाजिक उँचनिच पनि फस्टाइरहेको हुन्छ । हामीले पुँजीवादी व्यवस्थालाई नै हटाउनुपर्छ; बदल्नुपर्छ ।

फिडेलसँग बस्दै गर्दा मैले मार्क्सले 'स्वतन्त्रताको क्षेत्र' र 'आवश्यकताको क्षेत्र' बिच कोर्नुभएको रेखाबारे कुरा उप्काएँ । 'स्वतन्त्रताको क्षेत्र' ले विश्वका ती भूभागलाई जनाउँछ, जहाँ उत्पादक शक्तिहरू उन्नत हुनाले समाजवादमा सङ्क्रमण गर्ने पूर्वाधार निर्माण भएका छन् । *(उपनिवेशवाद यसको एउटा कारण थियो ।)* 'आवश्यकताको क्षेत्र' मा अझै पनि मान्छेका आधारभूत आवश्यकताको समस्याबाट पार पाउन बाँकी थियो । त्यसैले त्यहाँबाट समाजवाद धेरै टाढा थियो । *(यो क्षेत्र उपनिवेशवादी लुटबाट पीडित थियो ।)* तैपनि, शास्त्रीय मार्क्सवादका अपेक्षाहरूविपरीत तिनै 'आवश्यकताका क्षेत्र' मा क्रान्तिहरू भए, जहाँ समाजवाद 'जवान छ र यसका आफ्नै गल्ती छन्' *(सन् १९६५ मा चे ग्वेभाराले लेखेका शब्द हुन् यी)* । फिडेल क्यास्ट्रोले भन्नुभयो, "हामी हाम्रो भागको गल्ती गर्छौँ । तर, गल्तीप्रति हामी इमानदार बन्नुपर्छ । हामीले गल्ती गर्दैनौँ भनी स्वाङ पार्न सकिन्न । तर, केही निश्चितता पनि हुन्छ भनेर हामीले आफूलाई सम्झाइरहनुपर्छ । आफैले गरेको काममा हामीले सधैँ माफी माग्ने कुरा हुन्न । किनभने, यो संसारलाई अझ मानवीय बनाउन नै हामीले ती काम गरेका हुन्छौँ ।"

फिडेलजस्ता क्रान्तिकारीहरूले हामीलाई विचार मात्र दिनुभएन । ती आत्मीय क्षणमा उहाँले हामीलाई एक क्रान्तिकारीको उदाहरण दिनुभयो । यसैलाई हो चि-मिन्हले आवश्यकताको अनुकरण भन्नुभएको छ । फिडेलले बडो उत्साहित भएर आफ्ना विचारको व्याख्या गरिरहेको देखेर मलाई आफू थप उत्साहित र निश्चित भएको महसुस भयो । उहाँलाई अनुकरण गर्ने आकाङ्क्षा प्रगाढ भयो । एक व्यक्तिका रूपमा मात्र होइन, एक नृशंस व्यवस्थाबाट हाम्रो मानव जातिलाई जोगाउने सङ्घर्षमा जसरी यहाँ होमिनुभएको थियो, एउटा समाजवादी संसार निर्माण गर्न जसरी उहाँले इमानदार प्रयास गरिरहनुभएको थियो, त्यो देखेर पनि उहाँलाई अनुकरण गर्नुपर्छ भन्ने भावना बलियो भयो ।


फिडेलका अति महत्त्वपूर्ण मन्तव्यहरू सुन्नुभयो भने तपाईंले ती मन्तव्यहरू स्रोतालाई असान्दर्भिक लाग्ने तथ्यतथ्याङ्कले भरिएको पाउनुहुनेछ । जस्तो, उहाँले क्युवाका विभिन्न जिल्लामा उत्पादन भएका अन्नबालीको विवरण पढ्नुहुन्छ । कहिले 'प्लाजा दे ला रिभोलुसियोँ' मा भेला भएका स्रोताहरूलाई कर्मचारीतन्त्रमा देखिएका मसिना समस्याबारे बताउनुहुन्छ । किन त्यसो गर्नुहुन्थ्यो उहाँ ? फिडेल हाम्रा क्रान्तिकारी प्रोफेसर हुनुहुन्थ्यो । ती मन्तव्यमार्फत उहाँ हामीलाई बताउँदै हुनुहुन्थ्यो - समाजवाद भनेकै मसिना समस्याहरूको सामना गर्नु हो; उत्पादक शक्ति निर्माणको विज्ञानमा ध्यान दिनु हो; गल्ती हुन सक्ने सम्भावनाबारे प्रस्ट र इमानदार हुनु हो; विफलतालाई सफलतामा बदल्न जनसहभागिताको ढोका खोल्नु हो । हो, समस्या पऱ्यो भन्दैमा हामी हिँड्न छोड्ने छैनौँ ।

*(विजय प्रसाद भारतीय इतिहासकार, सम्पादक तथा पत्रकार हुन् । उनी लेफ्टवर्ड बुक्सका सम्पादक हुन् भने सामाजिक अनुसन्धान संस्थान 'ट्राइकन्टिनेन्टल' निर्देशक हुन् । उनी चीनको रेन्मिन विश्वविद्यालयका गैरआवासीय अध्येता पनि हुन् । उनले २० भन्दा बढी पुस्तक लेखेका छन् । 'अँध्यारा राष्ट्रहरू' र 'गरिब राष्ट्रहरू' उनका बहुचर्चित पुस्तक हुन् । 'सङ्घर्षले हामीलाई मानव बनाउँछ' उनको पछिल्लो पुस्तक हो । यो पुस्तक उनले नोम चोम्स्कीसँग मिलेर लेखेका थिए ।)*

***स्रोत : एमआर अनलाइन***
***अनुवाद : सम्यक***





# ‘भक्तपुर काण्ड’ मा कानुन व्यवसायीहरूको भूमिका



रामप्रसाद प्रजापति

## भक्तपुर काण्ड अर्थात् ह्योजू काण्ड

भक्तपुर काण्डलाई नेपालको पञ्चायती राजनीतिक इतिहासमा निकै महत्त्वपूर्ण एवं विवादास्पद घटनाको रूपमा लिने गरिन्छ। यसलाई ह्योजू काण्ड भनेर पनि बुझ्न सकिन्छ।

यो घटना २०४५ साल भदौ ९ गते (सन् १९८८ अगष्ट २५) मा भक्तपुरमा भएको थियो। २०४५ भदौ ५ गते गएको शक्तिशाली भूकम्पले भक्तपुरमा ठूलो क्षति भएको थियो। राहत वितरणका क्रममा पूर्व राष्ट्रिय पञ्चायत सदस्य कर्णप्रसाद ह्योजूलाई खाद्यान्नका कुपन वितरण गर्ने जिम्मेवारी दिइएको थियो।



वास्तविक पीडितले कुपन नपाएको र वितरणमा पक्षपात भएको आरोपपछि उनीमाथि भीड आक्रोशित भयो। त्यसपछि उनलाई भीडले नियन्त्रणमा लिएर विभिन्न ठाउँमा घुमाउँदै कुटपिट गरेको र अन्तत: प्रहरीको जिम्मामा पुगेपछि वीर अस्पतालमा उपचारका क्रममा उनको मृत्यु भएको बताइन्छ।

त्यसपछि सो घटनाले साधारण भीडको हिंसाबाट रानीतिक दमनको ठूलो घटनाको रूप लियो। नेपाल मजदुर किसान सङ्गठनका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) लगायत ६७ जनाविरुद्ध तत्कालीन मुलुकी ऐन ज्यानसम्बन्धी महलको दफा १३ (क) को देहाय ६ नं.अनुसार कारबाही माग गरी मुद्दा चलायो।

उक्त मुद्दा करिब २० महिनासम्म ठूलो राजनीतिक तनावको विषय बन्यो। अन्तत: २०४६ सालको जनआन्दोलनको सफलतापछि पञ्चायती व्यवस्था समाप्त भयो र बहुदलीय व्यवस्था पुन:स्थापित भयो। त्यसपछि २०४७ वैशाख ५ गते भक्तपुर काण्डसम्बन्धी मुद्दा फिर्ता लिइयो। रोहितलगायत थुनामा रहेका व्यक्तिहरू रिहा भएका थिए।

भक्तपुर काण्डलाई तत्कालीन पञ्चायती सरकारले ह्योजूको हत्या राजनीतिक कार्यकर्ताहरूको भीडले गरेको आरोप लगाएको थियो भने वास्तविकता अर्कै थियो। वास्तवमा प्रमुख जिल्ला अधिकारीले वितरण गर्न पर्ने भूकम्प पीडित राहत कुपन पूर्वराष्ट्रिय पञ्चायत सदस्य ह्योजूलाई वितरण गर्न लगायो। ह्योजूलाई प्रयोग गरेर रोहित र नेपाल मजदुर किसान पार्टीलाई समाप्त पार्ने राज्यस्तरको षड्यन्त्र पञ्चायती सरकारले गरेको थियो।

उदयपुर केन्द्रविन्दु भएर ६.७ रेक्टर स्केलको भूकम्प जाँदा भक्तपुरमा ७ जनाको मृत्यु, ४३ घाइते, ८३ वटा घर पूर्ण रूपमा क्षति र एक हजार ४८८ घर आंशिक क्षति भएको थियो।

तत्कालीन भक्तपुर नगरपञ्चायतले प्रधानपञ्च आशाकाजी वासुकलाको अध्यक्षतामा समिति गठन गरी दुई लाख रुपैयाँ बजेट विनियोजन गरेको र घर निर्माणमा प्रयोग गरिने काठमा दस्तुर मिनाहा गरेको थियो।

तत्कालिन सरकारले केन्द्रीय भूकम्प उद्धार तथा पुनस्थापना कोष गठन गरेको थियो। ९ गतेको गोरखापत्रमा प्रकाशित समाचारअनुसार भक्तपुर जिल्ला पञ्चायतका सभापति सुरेन्द्रप्रताप शाहको अध्यक्षतामा उद्धार उपसमिति पनि गठन भयो। उक्त समितिका सदस्यमा राष्ट्रिय पञ्चायत सदस्य गोविन्द दुवाल, पूर्वराष्ट्रिय पञ्चायत सदस्य मदनकृष्ण हाडा र प्रमुख जिल्ला अधिकारीलगायतका थिए।

तर पूर्व रापस ह्योजूलगायतका केही व्यक्ति राहतको प्रस्ताव लिएर प्रधानमन्त्री मरिचमान सिंहकहाँ पुगेका थिए। सायद ह्योजूले प्रधानमन्त्रीबाट कुनै आश्वासन पाएका थिए।

## रोहितलाई फाँसी दे

चाहे त्यो जर्मनीका एडल्फ हिटलर हुन् या रोमानियाका निकोलाइ चाउसेस्कु, आफु थप शक्तिशाली हुने लोभमा रचेका प्रपञ्च ‘ब्याकफायर’ हुँदा ती सबै सत्ताच्यूत भए। संसारका जुनसुकै शासन व्यवस्था परिवर्तन हुनुको पृष्ठभूमिमा शासकको निरङ्कुशता र स्वयं उनीहरूको निर्णय नै कारक बन्ने गर्छ। नेपालको राजनीतिक इतिहासमा पनि यस्ता घटना हुदै आएको देखिन्छ।

नेपालमा आजभन्दा ३८ वर्षअघि २०४५ साल भदौ ९ गते भक्तपुरमा घटेको ‘ह्योजू काण्ड’ पञ्चायती व्यवस्था ढल्नुमध्येको एक कारण थियो।

ह्योजूको मृत्युलाई नेमकिपा र नेमकिपाका नेता कार्यकर्ताहरूमाथि दमन गर्दा भक्तपुरमा पञ्चायतविरोधी भावना झन बलियो भएको र २०४६ सालको आन्दोलनमा भक्तपुर अत्यन्त सक्रिय भूमिका रहेको प्रस्ट देखियो।

अभियोजन पक्ष (सरकार) को मूल दावी ह्योजूमाथि सामूहिक आक्रमण जानीजानी गरिएको हत्या भन्ने थियो। नेमकिपाका अध्यक्ष रोहित स्वयं घटनास्थलमा थिए कि थिएनन् ? यदि थिएनन् भने उनलाई हत्या घटनाको जिम्मेवार कसरी बनाउने भन्ने सरकारी पक्षको लागि फलामको चिउरा जस्तै थियो।

यही प्रश्न पछि मुद्दाको राजनीतिक र कानुनी विवादको केन्द्र बनेको देखिन्छ। अध्यक्ष रोहितलगायतका प्रतिवादीहरूलाई अभियोजनपक्षले प्रत्यक्ष रूपमा ह्योजूलाई कुट्ने व्यक्तिका रूपमा मात्र नभई घटनाको राजनीतिक नेतृत्व वा उक्साहटसँग जोड्ने प्रयास गरेको देखिन्छ।

पञ्चायती सरकारले घटनामा पक्राउ परेका व्यक्तिहरूलाई चरम अमानवीय यातना दिनुका साथै भक्तपुरका अधिकांश युवाहरू भूमिगत हुन बाध्य पारिएको थियो।

सरकारले घटनालाई अध्यक्ष रोहित तथा नेमकिपाको नेतृत्वमा रहेको सङ्गठनसँग जोड्न थाल्यो। सरकारी सञ्चारमाध्यमबाट समेत वामपन्थी पक्षलाई दोषी देखाउने वातावरण बनेको तत्कालीन राजनीतिक इतिहाससम्बन्धी स्रोतहरूमा उल्लेख गरिएको पाइन्छ।

ह्योजूको शवयात्रा पनि सामान्य अन्त्येष्टि जस्तो मात्र देखिएन। तत्कालीन प्रधानमन्त्री मरिचमानसिंह श्रेष्ठ, राष्ट्रिय पञ्चायतका अध्यक्षलगायत उच्च सरकारी व्यक्तिहरूसमेत सहभागी भएको शवयात्रामा ‘रोहितलाई फाँसी दे’ भन्ने नारा समेत लागेको थियो।

## कानुन व्यवसायीहरूको भूमिका

ज्यानसम्बन्धी मुद्दाको प्रारम्भिक सुनुवाइ सम्बन्धित जिल्ला अदालतले गर्ने क्षेत्राधिकार रहेको थियो। तर, तत्कालीन पञ्चायती सरकारले भक्तपुर काण्डसँग



सम्बन्धित ज्यान मुद्दालाई वाग्मती विशेष अदालतबाट सुनुवाइ गर्ने गरी विशेष अदालतमा मुद्दा दायर गरे। कानुन व्यवसायीहरूले क्षेत्राधिकारको प्रश्न उठाए।

त्यस्तै पक्राउ परेका अधिकांश व्यक्तिहरूलाई बेहोस हुने गरी मरन्णासन्न कुटेका थिए। चरम शारीरिक तथा मानसिक यातना, अमानवीय व्यवहारका बारेमा वर्कस पब्लिकेसन्सको प्रकाशन भक्तपुर काण्डका संस्मरणहरू, २०६७ मा पढ्न पाइन्छ।

“इन्स्पेक्टरले मलाई कट्टु एउटा बाहेक सबै लुगा फुकाल्न लगायो। बलियो डोरी पासोजस्तो बनाएर दुवै हालको बुढी औंला घुसाएर बाँध्यो। त्यसमा दुवै खुट्टा भित्रपट्टीबाट पसाएर त्यो डोरी गर्धनमाथि अड्कायो। म हात खुट्टा, जीउ र टाउको चलाउन नसक्ने भएँ। त्यसपछि मलाई लडाइयो। दानवीय प्रकृतिका उनीहरूले मेरो दुवै पाइतालामा गोलो लट्ठीले पिट्न थाले। यसरी करिब १० मिनेट सम्म पिटे।

त्यसक्रममा मेरो मलद्वारमा खुर्सानी घुसायो, आँखामा धुलो र सुर्तीको धूलो ढलेर यातना दियो। दुवै हातका औलाहरूमा क्रमश: पिनले धोच्यो र त्यसपछि ती पिनहरू हल्लाए। औलाहरूबाट रगत बग्यो। केही समयपछि दुवै खुट्टाका औलाहरूमा पनि पिनले घोच्न थाल्यो। त्यसपछि बुटले कुल्च्यो। पिनले घोचेका खुट्टाका औलाहरूबाट भलभली रगत बग्न थाल्यो। एक घण्टापछि त्यही लट्ठीले चाकमा भैंसीलाई पिटेजस्तै पिट्न थाले। (पछि जेलमा डाक्टरलाई जचाउँदा हाड फुटेको बताएका थिए)। इँटा ढुङ्गाका टुक्राहरू भुइँमा छरेर हिँड्न लगाउने र पछि काठको मुढामा हिँड्न लगाउने गर्थे।” (यातना भोगेकामध्ये एकजनाको संस्मरणबाट)

यस्तो यातना दिएको खबरले कानुन व्यवसायीहरू मात्र नभई मानवअधिकारवादीहरूले पनि भक्तपुर काण्डलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा व्यापकता दिए।

अध्यक्ष रोहितले आफ्नो संस्मरणमा लेख्नुभएको छ, मुद्दामा मुछिएकाहरूमध्ये धेरै ऐनकानुनबाट अनभिज्ञ र कहिल्यै अदालतको मुखै नदेखेका निर्दोष व्यक्तिहरू थिए। अनेक यातना र अपमानको अगाडि उनीहरू झुकेनन् र लोभ लालच वा आफ्नो छुटकाराका निम्ति झुट बोल्न मानेनन्।

उक्त ज्यान मुद्दाको सर्जमिन असोजको १ गते शनिबारका दिन एकतर्फी रूपमा गरेको थियो। अध्यक्ष रोहितले शनिबार सरजमिन गर्ने कुराको विरोध गर्नुभएको सुनिल प्रजापतिको संस्मरणमा उल्लेख छ। अध्यक्ष रोहितले हिरासत मै “सरजमिन भनेको आकाश, पाताल र धर्ती सबैले देख्ने गरी हुनुपर्छ, बिदाको दिन सरजमिन गर्नु कानुनविपरीत छ।” भनी चर्को विरोध गर्नुभएको थियो।

सरजमिनको लागि गाडीमा जाने क्रममा अध्यक्ष रोहितले अन्य बन्दीहरू सबैसँग एक एक गरेर उमेर र अध्ययन सोध्नु भएको र जेल परेका सबै जना एम.ए.पास गरेर मात्रै छुट्ने कुरा बताउनु भएको प्रजापतिले आफ्नो संस्मरणमा उल्लेख गर्नुभएको पाइन्छ।

प्रहरीले घेरा हालिएको भक्तपुरको हनुमानघाट क्षेत्रमा सरकारीबाहेक अन्य कोही सर्वसाधारण, मुद्दाका पक्ष, सरोकारवाला तथा कानुन व्यवसायीहरूलाई समेत प्रवेश दिइएको थिएन।

मुद्दामा प्रतिवादी बनाइएका अध्यक्ष रोहितलगायतका व्यक्तिहरूलाई प्रहरीले गाडीमै हटकडी लगाएर राखेका थिए। सरजमिन स्थलमा प्रहरीले गाडीबाट कसैलाई बाहिर ननिकालेपछि त्यसको विरोधमा अध्यक्ष रोहितले नै पहिले आवाज दिनुभएको र “जाली मुद्दा खारेज गर” नारा लगाउनुभएको थियो। बाहिर जम्मा भएको हुलबाट पनि नारा लगाउन थालेको र सोही दिन भक्तपुरमा महिलाहरूको ठूलो प्रदर्शन भएको थियो।

मानव अधिकारवादी सङ्घ संस्थाहरू, हृषीकेश शाह, कृष्णप्रसाद भण्डारी, बासुदेवप्रसाद ढुङ्गाना, सिन्धुनाथ प्याकुरेल, मुकुन्द रेग्मी, लक्ष्मण अर्याल, कृष्णप्रसाद पन्त, दमननाथ ढुङ्गाना लगायतका कानुन व्यवसायीहरू र नेपाल बार एशोसिएसनले निरन्तर सहयोग हुँदा भित्र र बाहिर बसेका पीडित साथीहरूको मनोबल बढेको थियो।

त्यस्तै ‘मातृभूमि’ पत्रिकाका गोविन्द वियोगी, मनदमणि दीक्षित ( समीक्षा), पुनर्जागरण, नेपालभूमि, माध्यम, युग सन्दर्भ, विमर्श (पदम ठकुराठी) इनाप (बालगोपाल), नयाँ बाटो (दयाराम विष्ट, भरतराज थापा) गोपालप्रसाद भट्टराई, पुरुषोत्तम दाहाल, प्रकाश काफ्ले (मासम) आदि पत्रपत्रिका एवं पत्रकारहरूको सहयोगले पनि पीडितहरूको मनोबल धेरै बढेको थियो।

अदालतमा कानुन व्यवसायीहरूले कानुनका मान्य सिद्धान्तहरूलाई उद्धरण गरी बहस गर्ने क्रममा आफू कानुनको विद्यार्थीझैं कुनै कक्षा कोठामा बसेको महसुस हुने र बहस सकिएपछि मात्रै अदालतमा आफ्नै मुद्दामा पो बहस चलिरहेको रहेछ भन्ने थाहा हुने अध्यक्ष रोहितको स्मरणमा छ।

अध्यक्ष रोहितले अहिले पनि सङ्कटमा हामीलाई इमान्दारीपूर्वक सहयोग गर्ने मानवअधिकारवादी साथीहरू, कानुन व्यवसायी मित्रहरू, पत्रकारहरू अन्य बुद्धिजीवी र गुप्त रूपले सहयोग गर्ने सबै मित्रहरूलाई भित्री हृदयदेखि सबै साथीहरूको तर्फबाट कृतज्ञता प्रकट गर्नुहुन्छ।

त्यसैले भक्तपुर काण्डलाई हामीले राज्यस्तरबाट रचेको षड्यन्त्रको रूपमा प्रस्टसँग बझ्न सक्छौं। सो घटनामा कानुन व्यवसायीहरूले अड्डा अदालतमा मात्र नभई भक्तपुरका सोझासिधा किसानहरूलाई आफ्नो ल फर्ममा, भक्तपुरका गल्ली गल्लीमा भेटेर कानुनी सल्लाहका साथसाथै आवश्यक सहयोग गरेको देखिन्छ।

यस्तो घटना फरक किसिमले फेरि फेरि पनि दोहोरिन सक्ने अध्यक्ष रोहित बताउनुहुन्छ। त्यसैले हामी सबै आ-आफ्नो क्षेत्रबाट सजग र सचेत हुन जरुरी छ।

*२०८३ साउन ३१*

---

**युक्रेनमा...**

र यसमा निमुखा गरिब युक्रेनी जनता पर्नेछन्। आर्थिक मन्दी या सङ्कट चरम अवस्थामा पुगेको छ। युद्धपछि भोक र महामारीको सम्भावना बढ्दो छ। यो दु:ख रुसको कारणले होइन बरु रुस त संरा अमेरिका र नेटोको सैन्य आक्रमण र हमलाविरुद्ध सङ्घर्ष गर्दै छ। संरा अमेरिका र युरोपको नाकाबन्दी सामना गर्न पर्दा पनि युक्रेनलाई पठाउने ग्यास र तेल रुसले रोकेको छैन।

युक्रेनको अर्को समस्या जनसङ्ख्या घट्नु र वृद्धवृद्धाको सङ्ख्या बढ्नु हो। श्रम र रोजगारीको सुनिश्चितता छैन। सामाजिक सुरक्षा छैन। युद्ध अघि नै युक्रेनको ज्याला दर युरोपकै न्यून थियो। राम्रो काम र ज्यालाका लागि युवाहरू युरोप जाने युद्धपूर्वकै समस्या थियो। युद्धकै कारण मात्र ६० लाख मानिसले देश छोडेका छन्। तीमध्ये प्राय: महिला छन्। देश छोड्नेमध्ये धेरैजना उच्च ज्याला पाइने, कानुनको पालना हुने, घर र शिशुशालाहरू सस्तो भएका देशहरूमा जाँदै छन्। युद्ध नरोकिने हो भने युक्रेन राजनीतिक रूपमा मात्र होइन आर्थिक तथा सामाजिक रूपमा समेत पतनको स्थितिमा जाने र वर्गीय अन्तरविरोध बढ्ने सम्भावना पुस्तकले औंल्याएको छ। युक्रेन युद्धले २०३३ सम्म ५५ प्रतिशत युक्रेनी जनतालाई गरिबीको रेखामुनि पुऱ्याउने र १० लाखभन्दा बढी युवा रोजगारीका लागि विदेश जाने प्रक्षेपण गरिएको छ।

युक्रेनमा रुसको सामाजिक तथा आर्थिक प्रभाव रोक्न राज्यले हरसम्भव प्रयत्न गऱ्यो। युक्रेनको बुचा सहरमा नियोजित नरसंहार त्यसैको सिलसिला थियो। तर ३०० जना सर्वसाधारणको हत्याको दोष रुसमाथि थोप्ने अपराध गऱ्यो। यो युक्रेनी नाजीवादीहरूको अपराध थियो। पश्चिमा मिडिया भने लगातार रुसविरुद्ध प्रचार युद्ध गर्न थाकेको छैन।

पुस्तकमा लारिसाले भोगेको कहालीलाग्दो युद्ध र युक्रेनी आतङ्कको अनुभव छापिएको छ। खार्कोभ सहरका प्रहरी अधिकारी लारिसालाई एसबीयूले गुप्त कालकोठरीमा ३ महिनासम्म घिनलाग्दो यातना दिइएको थियो। २०१६ पछि दोनेत्स्कमा शरणार्थी बनेकी छिन्। युक्रेनमा भइरहेको ज्यादतीविरुद्ध उभिनुलाई उनले आफ्नो कर्तव्य ठानिन्। रुसविरुद्ध युद्ध या द्वन्द्व भड्काउनु आफ्नै संस्कृति र सभ्यताविरुद्धको लडाइँ ठान्थिन् उनी। उनको यही विचारका कारण उनी एसबीयुको तारो बनिन्। डोनबासका सहरहरूमा युक्रेनी बमबारीका कारण भोकमरी थियो। लुगा कपडा, औषधी खाना थिएन। भोकले छटपटिएर मर्नेहरूलाई देखेका उनले युक्रेन सरकारविरुद्ध आवाज नउठाई कसरी बस्न सक्थिन् ? त्यही कारण उनलाई एसबीयुले समात्यो। नर्कको यातना, छोरा, नातिको विषयमा ब्ल्याकमेलिङ र कालकोठरीको बास उनले भोग्न पर्यो।

उनलाई ३७ घण्टासम्म सोधपुछ गरियो। सुत्न दिइएन। दुर्व्यवहार गरियो। छोरा समातियो। घण्टौंसम्म आफ्नो आँखासामु छोरालाई बर्बरतापूर्वक कुटपिट गरियो। रगतले लट्पटिने गरी कुटे, करङको हड्डी र हातसमेत भाँचे। एउटी आमाको लागि त्यो जति पीडादायी अरू के होला ? उनलाई लगिएको जेलमा बन्दीलाई दिइने खाना पशुलाई दिइनेभन्दा तल्लोस्तरको थियो। ८४ वर्षीय आमा र १२ वर्षीय छोरा समेतलाई नछोड्ने धम्की उनले सामना गरिन्। प्रजातन्त्र भएको देश हो भने के राजनीतिक विचार फरक भएकै कारण यस्तो सासना दिइन्छ ? युक्रेन दमनको बाटोमा छ, हिटलर र मुसोलिनीको फासीवाद वा नाजीवादी बाटोमा छ। जनतामाथि निर्मम, बर्बर र हिंस्रक बन्दै छ राज्य। उनी युक्रेनबाट भागी मस्को गइन्। आफ्नो जन्मथलो या माटोबाट भाग्नुपर्ने परिस्थिति युक्रेन सरकार खडा गर्दै छ। लारिसाको यो मार्मिक कथा एउटा प्रतिनिधि कथा मात्र हो। यस्ता थुप्रै सन्दर्भहरू पुस्तकमा पढ्न पाइन्छ।

पुस्तकमा फाइना साभेन्कोभाको जीवन अर्को मार्मिक कथा हो। बाल मनोविज्ञानमा युद्ध के हो भन्ने बुझ्न पुस्तकले सघाउँछ। फाइना आठ वर्षदेखि युद्धका विभत्स घटना र कर्कश ध्वनिका प्रत्यक्षदर्शी हुन्। उनले ५ वर्षको उमेरदेखि युद्ध देखिन्। १० वर्षदेखि युद्धको विषयमा लेख्दै आएकी छिन्। युद्धले धुजाधुजा भएको आफू बस्ने डोनबासका अन्य बालबालिकाको दुर्दशाबारे संसारलाई बताउन लेख्दै छिन्। फाइनाका लागि युद्ध मानसिक यातना हो। आठ वर्षदेखि युक्रेनले डोनबासमा सर्वसाधारणको हत्या गरिरहेको उनले देखेका छन्। युक्रेनको हातमा हतियार थमाउनुलाई उनले संरा अमेरिका र नेटोले पुरै देशलाई मृत्युको मुखमा धकेलेको भनेकी छिन्। युक्रेनमा बढ्दो हिटलरको नाजीवादी प्रवृत्ति र साम्राज्यवादी चलखेलविरुद्ध १५ वर्षकी फाइनाको स्पष्ट अडान गज्जबको छ। उनले अमेरिकी मित्रहरूको नाममा पठाएको पत्रले उनको साहस प्रतिबिम्बित हुन्छ। उनी युद्धको विपक्ष र शान्तिको पक्षमा, आफू र आफूजस्ता बालबालिकाको शान्तिपूर्ण र सुन्दर भविष्यको पक्षमा लेख्दै छिन्।

रुसी पुस्तकमाथि प्रतिबन्ध लगाउन युक्रेनी सरकारको अर्को ज्यादती हो। रुसी मूलका जनताको बाहुल्य रहेको डोनबास र युक्रेनमा रुसी साहित्य, भाषा, संस्कृतिमाथिको प्रतिबन्ध फासीवादी व्यवहार नभएर के हो ? यो पुस्तकले प्रश्न गरेको छ।

युक्रेन बालबालिकाविहीन देश बन्दै छ। जन्मिनेभन्दा मर्ने युक्रेनीको सङ्ख्या बढी छन्। १८ हजार बच्चा जन्मिँदा मारिने ५७ हजार भए, जन्मिनेभन्दा मर्नेहरू तीन गुणा बढी। जवानीमै ज्यान गुमाएका २ लाख छोराछोरी रहेको तथ्याङ्क छ। रोगको सङ्क्रमण बढेको (HIV, AIDS, TB, हेपाटाइटिस बी) छ। डोनबासमा १९४० को जातीय सफायादेखि आजसम्मको हत्या, बलात्कार, यातना, लुटपाट र ठगी नवनाजी चरित्र नै हो। युक्रेनी जनताको मृत्युमा संरा अमेरिकाको साथ छ। युक्रेन घुसखोरी र भ्रष्टाचारको अखडा बन्दै छ। भ्रष्टाचार हुँदा हुँदै पनि युरोपेली युनियन, अमेरिका, मुद्रा कोषलगायतले युक्रेनमा अरबौं बगाउनु पछिको स्वार्थ बुझ्न पुस्तकले सघाउँछ। पुस्तकमा लेखिएको छ– ‘लड्ने मान्छे सक्किए पछि पनि युद्ध बन्द हुनुहुन्न। हतियार नभएर युद्ध बन्द हुनुपर्छ। यसर्थ जनता संरा अमेरिका या पश्चिमले हतियार पठाउन बन्द गरोस् भन्ने चाहन्छ।’

पाँच खण्डमा विभक्त यस पुस्तक पठनीय मात्र होइन सङ्ग्रहणीयसमेत छ। पुस्तकको गाताको थिम या सन्देश र साजसज्जामा थप मेहनत परेको भए सुनमाथि सुगन्ध हुने थियो। यस पुस्तकको प्रकाशक र सरल भाषानुवादका लागि साधुवाद छ।

# 'चे, फिडेलको संस्मरण' पुस्तकमाथि विचार गोष्ठी सम्पन्न

सुर्खेत । नेपाल मजदुर किसान पार्टी वीरेन्द्रनगर नगर समिति, सुर्खेतको आयोजनामा क्युवाली क्रान्तिका महान् नायक फिडेल क्यास्ट्रोको १०० औं जन्मजयन्तीको अवसरमा 'चे, फिडेलको संस्मरण' पुस्तकमाथि शनिबार अध्ययन गोष्ठी भयो ।

नेमकिपा वीरेन्द्रनगर नगर समितिका संयोजक शेरबहादुर शाहीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन समितिका सदस्य मुनबहादुर विकले गर्नुभएको थियो भने अर्का सदस्य अमरबहादुर भण्डारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य तुलसी खड्काले क्युवाली क्रान्तिमा फिडेल क्यास्ट्रो र चे ग्वेभाराको योगदानबारे चर्चा गर्दै देशको वर्तमान राजनीतिक तथा सामाजिक अवस्था पहिलेभन्दा नाजुक बन्दै गएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "अहिले ग्यास, मल, तेललगायतका अत्यावश्यक वस्तु लिन सर्वसाधारणले सबैतिर लामो लाइन बस्नुपर्ने बाध्यता छ ।"

उहाँले युवा तथा विद्यार्थीहरू कुनै पनि लोभलालचमा नपरी निरन्तर जनताको सेवामा लाग्नुपर्नेमा जोड दिँदै लोभीपापी कार्यकर्ता भए सङ्गठन स्थिर हुन नसक्ने र अन्ततः देउवाकै जस्तो हालत हुने चेतावनी दिनुभयो ।

नेमकिपा सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले नेपाली जनताले क्युवाली जनता र नेपाली नेताहरूले क्युवाली क्रान्तिका नेता फिडेल क्यास्ट्रोबाट देशप्रेम सिक्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

नेमकिपा कर्णाली प्रदेश समितिका सदस्य धनेन्द्र विकले क्युवाली क्रान्तिमा चे र फिडेलले खेल्नुभएको भूमिका र त्यसबाट नेपाली क्रान्तिकारीहरूले सिक्नुपर्ने महत्त्वपूर्ण पाठहरूबारे प्रकाश पार्नुभयो ।

अतिथि गणेश खड्काले चे ग्वेभाराको आदर्शबाट सिकेर सङ्गठन विस्तार हुन नसकेका जिल्लाहरूमा गई काम गर्न आफ्ना निजी स्वार्थलाई भन्दा सङ्गठनको हितलाई महत्त्व दिनुपर्छ भन्ने धारणा राख्नुभयो ।

कार्यक्रममा अतिथि एवम् कर्णाली कला साहित्य समाज, सुर्खेतका सदस्य प्रकाश ओफेलले 'चे, फिडेलको संस्मरण' पुस्तकको विषयवस्तुमा आधारित रहेर विस्तृत प्रस्तुति दिनुभयो । उहाँले क्रिस्टोफर कोलम्बसको युगदेखि स्पेन-अमेरिका युद्ध, जोसे मार्टीको स्वतन्त्रता सङ्ग्राम, बाटिस्टाको तानशाह शासनको अन्त्य, क्रान्तिपछिको क्युवा र क्युवाली क्रान्तिका उपलब्धिहरूबारे चर्चा गर्नुभयो । चे ग्वेभाराको शहादतपछि बोलिभियाली सरकारले फैलाएका विभिन्न अफवाहहरू र त्यसमाथि फिडेल क्यास्ट्रोले दिएको ऐतिहासिक टेलिभिजन सम्बोधनबारे उहाँले विस्तृत रूपमा जानकारी गराउनुभयो ।

विद्यार्थी महेन्द्र सिजापतीले अन्तर्राष्ट्रवादी क्रान्तिकारी चे ग्वेभारा र उहाँको क्रान्तिकारी योगदानको बारेमा बोल्नुभएको थियो ।

कार्यक्रममा अङ्ग शाहीले समसामयिक राजनीतिक व्यङ्ग्यसहितका चोटिला गजलहरू प्रस्तुत गर्नुभएको थियो ।

# कीर्तिपुरमा भ्रष्टाचारविरोधी आन्दोलनको स्मरण

काठमाडौं । नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा २०२५ साउन २ गते भएको भ्रष्टाचारविरोधी आन्दोलनको स्मरणमा साउन २९ गते कीर्तिपुरमा भ्रष्टाचारविरुद्ध भर्त्सना कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले भ्रष्ट आचरण नै भ्रष्टाचार भएकोले जनता सचेत हुनुपर्ने बताउनुभयो ।

देशमा अहिले पनि भ्रष्टाचार व्याप्त भएकोले २०२५ सालमा भएको भ्रष्टाचारविरोधी आन्दोलनको स्मरण गर्दै उहाँले देशका शासक दलहरूको भ्रष्टाचारी कार्यको विरोध गर्नुपर्ने बताउनुभयो ।

भ्रष्टाचारविरोधी आन्दोलन अहिले पनि आवश्यक भएको चर्चा गर्दै उहाँले देशमा भ्रष्टाचार रहेसम्म देश समृद्ध र जनता सुखी नहुने बताउनुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य राजवीर डंगोलले भ्रष्टाचारविरुद्ध आन्दोलन नेमकिपाका अग्रजहरूले गर्नुभएको जानकारी गराउँदै भक्तपुर नगरपालिकालाई ट्रान्सपरेन्सी इन्टरनेसनलले 'सदाचारको टापु' उपमा दिई सम्मान गरेको बताउनुभयो ।

उहाँले देशमा अहिले पनि सुशासन नदेखिएको उल्लेख गर्दै भ्रष्टाचारीहरूमाथि कडा कारबाही गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले गर्दै आएको विकास निर्माण, सम्पदा संरक्षण, अस्पताल सञ्चालन, सरसफाइ, कलेजहरू सञ्चालन अरू नगरपालिकाको लागि उदाहरण बनिरहेको उहाँले बताउनुभयो ।

नेमकिपा कीर्तिपुर नगर समितिका उपाध्यक्ष बिन्द्रा महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा हरिशरण श्रेष्ठ, वन्दना श्रेष्ठ र कान्छाबाबु महर्जनले पनि बोल्नुभएको थियो ।

यसरी नै अन्य जिल्लाका विभिन्न स्थानहरूमा भ्रष्टाचार विरोधी आन्दोलनको स्मरण गर्दै आइरहेको छ ।

# किसान सङ्घको स्थापना दिवस मनाइयो

काठमाडौँ । नेपाल मजदुर किसान पार्टी काठमाडौँ रामेछाप सम्पर्क समितिको आयोजनामा नेपाल क्रान्तिकारी किसान सङ्घको स्थापना दिवस साउन ३० गते मनाइयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी, वाग्मती प्रदेश समितिका सदस्य न्हुछेभक्त फोजुले नेपाल मजदुर किसान पार्टीको सङ्घर्षले गर्दा भूमिसुधार लागू भएको र भूमिसुधार कार्यक्रमले किसानहरूले मोहियानी हक पाएको बताउनुभयो ।

किसानहरूले मोहियानी हक पाएकै कारण अधिकांश किसानका छोराछोरीहरूले उच्च शिक्षा हासिल गर्न सफल भएको प्रस्ट पार्नुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ, भक्तपुर जिल्ला अध्यक्ष गणेशराम थुसाले समाजवाद स्थापनाको लागि जनतालाई सचेत बनाउन युवा शक्तिलाई सशक्त बनाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका सभापति धनबहादुर श्रेष्ठले समाजवाद नआएसम्म किसानको हित नहुने बताउनुभयो ।

# कैलालीमा प्रशिक्षण कार्यक्रम

कैलाली । नेपाल क्रान्तिकारी युवा सङ्घ जिल्ला समिति कैलालीको आयोजनामा फिडेल क्यास्ट्रोको शतवार्षिक जन्म जयन्तीको अवसरमा साउन ३० गते प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले फिडेल क्यास्ट्रो विद्यार्थी जीवनकालबाटै क्युवाका कामदार जनताको पक्षमा आवाज उठाएर पुँजीवादी व्यवस्थाविरुद्ध मजदुर र किसानलाई सचेत र सङ्गठित भई अघि बढेको बताउनुभयो ।

अमेरिकाले क्युवाका राष्ट्रपति फिडेललाई झुकाउन आर्थिक नाकाबन्दी गरेको स्मरण गर्दै उहाँले क्यास्ट्रोबाट शिक्षा लिनुपर्ने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं कैलाली अध्यक्ष रमेशकुमार रावलले फिडेल क्यास्ट्रोले मजदुर किसानलाई एकजुट गरेर समाजवादी व्यवस्था आएको बताउनुभयो ।

प्रशिक्षणमा नेपाल क्रान्तिकारी शिक्षक सङ्घका जिल्ला अध्यक्ष जीबी शाहीले नेक्राकिसङ्घका कैलाली संयोजक गगन थापामगर, कैलाली जिल्ला समितिका ज्योति बडुवाल र सविन पण्डितलगायतले बोल्नुभएको थियो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ कैलालीका अध्यक्ष प्रेम बडुवालको सभापतित्वमा कार्यक्रम भएको थियो ।

# सिर्जनशील युवा समूहको पहिलो विचार विमर्श

भक्तपुर । सिर्जनशील युवा समूहको आयोजनामा साउन ३० गते भक्तपुरको आवाज नामक पहिलो विचार विमर्श कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा शिक्षाशास्त्र विकास अध्ययनअन्तर्गत भक्तपुर नगरपालिकाका विद्यार्थीहरूको फोहोरमैला व्यवस्थापनसम्बन्धी ज्ञान, दृष्टिकोण तथा अभ्यास र उनीहरूका अभिभावकको सामाजिक जनसाङ्ख्यिकीय कारकहरूको सर्वेक्षणमा शोधपत्र प्रस्तुत गर्नुभएका श्रुतिना धन्छासँग अन्तरक्रियात्मक विचार विमर्श भएको हो ।

उहाँले फोहोरमैला व्यवस्थापनका लागि अन्तिम विकल्पको रूपमा रहेको ल्यान्डफिलडमा जथाभावी प्रयोग र व्यवस्थापन भइरहेको बताउँदै घरेलु फोहोरमैला व्यवस्थापनको लागि घरमा हुने वातावरणबाट विद्यार्थीहरूले ज्ञान, सीप र धारणा निर्माण गर्ने विचार व्यक्त गर्नुभयो ।

फोहोरमैला व्यवस्थापनमा महिलाहरू अघि सर्ने गरेको सामाजिक यथार्थलाई जानकारी दिँदै उहाँले फोहोरमैला जलाउन नहुनेतर्फ सचेत गराउनुभयो ।

भक्तपुर नगरपालिकाका स्यानिटेसन शाखाका प्रमुख दिलिप सुवालले फोहोरमैला पुनः प्रयोग तथा पुनः चक्रण गर्न सक्ने अजैविक फोहोरमैलाको प्रकृति बढेको बताउनुभयो ।

सिर्जनशील युवाका अध्यक्ष सुरेशन धुसुले भक्तपुरमा लुप्त रहेका कला, संस्कृतिको अध्ययन अनुसन्धान गर्ने विभिन्न व्यक्तिको विचारलाई प्रवर्द्धन गरी भक्तपुरको पर्यटन, प्रवर्द्धन तथा प्रचारप्रसारलाई जोड दिने बताउनुभयो ।

# पुस्तक अध्ययन गोष्ठी सम्पन्न

काठमाडौँ । तार्केश्वर नगरपालिकाको महालक्ष्मी इङलिस हाइस्कूलमा विद्यालयका संस्थापक सनकमान महर्जनको सभापतित्वमा साउन ३० गते स्वतन्त्रता आन्दोलनका अफ्रिकी अगुवा' नामक पुस्तक अध्ययन गोष्ठी कार्यक्रम सम्पन्न भयो ।

विद्यालयमा अध्यापनरत शिक्षकहरूले अफ्रिकी स्वतन्त्रता आन्दोलनका विभिन्न व्यक्तित्वहरूका बारेमा चर्चा गर्नुभयो ।

वक्ताहरूले पुस्तकभित्रका विभिन्न चर्चित परिवर्तनकारी व्यक्तिहरू क्रिस हानी, मुअम्मदर गद्दाफी, बेन बेल्ला, थोमस संकारालगायतका व्यक्तिहरूले देशको स्वाधीनताका लागि होस या जातीय द्वन्द्व अन्त्यका लागि निडर र साहसी हुँदै गरेका अन्त्यका लागि निडर र साहसी हुँदै गरेका कार्यहरूको चर्चा गर्नुभयो ।

विद्यालयका संस्थापक अध्यक्ष सनकमान महर्जनले अफ्रिकी अगुवा व्यक्तिहरूको जीवनीबाट कुनै पनि देशको क्रान्तिपछि देशका नागरिकलाई देशप्रतिको प्रेमभाव जगाउन नसके प्रतिक्रान्ति अवश्यम्भावी विश्वका विभिन्न परिवर्तनकारी योद्धाहरूको जीवनी पढेर सन्दर्भअनुसार विद्यार्थी वर्गमा देशप्रेमीको भावना जागृत गर्नुपर्नेमा जोड दिनुभयो ।

यस्ता कार्यक्रमले शिक्षक वर्गमा पठन संस्कृतिको विकास र निरन्तरता हुने प्रकाश पार्दै उहाँले पुस्तकका सङ्कलक तथा प्रकाशक नेपाल क्रान्तिकारी मजदुर सङ्घ केन्द्रीय समिति, भक्तपुरप्रति हार्दिक आभार व्यक्त गर्नुभयो ।

**फिडेल...**

प्रतिष्ठालाई कलङ्कित पार्न प्रचारबाजीमा लाग्यो । उसले प्रहरी जासुसी र सैनिक जासुसीका पदाधिकारीहरूलाई गाली गर्‍यो । कैयौं सैन्य पदाधिकारी र प्रहरी पदाधिकारीहरूलाई बर्खास्त गर्‍यो । उसले जनसेनाका आधारहरू ध्वस्त पार्न सैनिक कारबाही गर्‍यो । तर, त्यस सैनिक कारबाहीको कुनै सीप लागेन । त्यसपछि तानाशाह बातिस्ताले राज्य आतङ्क सुरु गर्‍यो ।

प्रतिक्रियावादी प्रहरी जवानहरूले जथाभावी सर्वसाधारण नागरिकहरूको निर्ममतापूर्वक हत्या गर्न थाले । सडक तथा पेटीहरूमा गोलीले छिया-छिया भएका र रक्ताम्य लासहरू फालिन थाले । त्यस राज्य आतङ्कले पनि क्रान्तिकारी जनसेनाको भूमिगत आधारलाई छुन सकेन । उल्टै क्रान्तिकारी जनसेनाको सशस्त्र भूमिगत गतिविधि झन्झन् सुदृढ हुँदै गयो । भूमिगत क्रान्तिकारी सेनासँग सम्पर्कमा रहेको शङ्का गरेर सान्टियागो (Santiago) मा प्रहरीले एकजना क्रान्तिकारी युवालाई गोली हानी मार्‍यो । राति वीर युवकको लासलाई उठाएर लगियो । शहादत प्राप्त गरेको युवककी आमाले छोराको लास उठाएर लगेको ठाउँमै बम लुकाइएको फूलगुच्छा श्रद्धाञ्जलीस्वरूप राखिदिइन् । भोलिपल्ट बिहान एकजना प्रहरीले त्यस फूलगुच्छालाई लात मार्दा बम विस्फोट भई त्यस प्रहरीको शरीर टुक्रा-टुक्रा भई सडकमा छरपस्ट छरिएको दृश्य सडकमा हिँडिरहेका सबैले देखे ।

क्रान्तिकारी सेनाले बिस्तारै भूमिगत गतिविधिलाई त्यागेर खुला सशस्त्र फौजी कारबाही सुरु गर्न थाले । लस भिलास प्रान्तको राजधानी सान्ताक्लारातर्फ जान सेना अघि बढिरहँदा फोमेन्तो (Fomento) भन्ने ठाउँमा जनसेना र शत्रु सेनाबिच घमासान रक्तपातपूर्ण भिडन्त भयो । अन्तमा, सान्ताक्लारा जनसेनाको कब्जामा गयो ।

हताश मानसिकता बोकेको तानाशाह बातिस्ता, अमेरिकी राजदूत स्मिथ र अमेरिकी साम्राज्यवादले बेलायतमा निर्मित ३० वटा नयाँ ट्याङ्कहरू हवानामा तैनाथ गरे । त्यस्तै, इटालीमा बनेको मेसिनगन राखिएका हजारौं बाकस ओसारिए । जनसेनाको समर्थनमा हवाना सहर पूर्णरूपले बन्द रह्यो र अमेरिकी साम्राज्यवादविरोधी मौन प्रदर्शन भइरहेको थियो । सम्पूर्ण हवानावासीहरूको हृदयमा स्वयंस्फूर्त निस्केको विद्रोहको ज्वारभाटालाई साम्राज्यवादीहरूको सैन्य बलले रोक्न सकिरहेको थिएन ।

हवाना विश्वविद्यालयका हजारौं क्रान्तिकारी विद्यार्थी र प्राध्यापकहरू अन्तिम छिनोफानोको लागि जुर्मुराइरहेका थिए । त्यसैबेला जननेता एवम् मेजर अर्नेस्टो चे ग्वेभारा जनसेनाको एउटा हिस्साको नेतृत्व गर्दै हवानातर्फ अघि बढे ।

बातिस्ताले फिडेल क्यास्ट्रो र जनसेनाका अन्य जवानहरू अघि बढ्नबाट रोक्न नयाँ चालको रूपमा चाल्यो । उसले जनरल कान्टिलो (General Cantillo) लाई मध्यस्थकर्ताको रूपमा वार्ताको लागि सेनाध्यक्ष फिडेल क्यास्ट्रो कहाँ पठायो । जनरल कान्टिलोले फिडेल क्यास्ट्रोलाई बातिस्ताको प्रस्तावको विषयमा चर्चा गर्‍यो । फिडेल क्यास्ट्रोले उक्त प्रस्तावलाई ठाडै अस्वीकार गरे ।

**हवानाको राष्ट्रपति भवनमा विजयको झन्डा**

सन् १९५८ डिसेम्बर महिनाको ३१ को रात वायु वेगले हुतिँदै जनसेनाले अचानक तानाशाह बातिस्ताको दरबारमाथि धावा बोल्यो । बातिस्ता नयाँ वर्षको रात्रिभोजमा रमाइरहेको थियो । चट्याङ र आँधीबेहरीसरि क्रान्तिकारी जवानहरू दरबार क्षेत्रभित्र घुस्न थाले । कैयौं सशस्त्र सैन्य जवानहरू भागे भने कैयौंले आत्मसमर्पण गरे । अत्तालिएको बातिस्ता भने पहिले नै दरबार छोडेर भागिसकेको थियो । बातिस्ता हवाना दरबारबाट अमेरिकी सैन्य आधार क्याम्प कोलम्बिया (Camp Colombia) पुग्यो र त्यहाँ एउटा रात्रिभोज भयो । रात्रिभोजमा उच्च पदाधिकारी र उच्च प्रहरी अधिकारीहरूको उपस्थिति थियो । रात्रिभोज रमझमविहीन निस्तब्धताले छोपिएको थियो । कुनै ठोस प्रस्ताव राखिएन र रात्रिभोजको अन्तमा आएर बातिस्ताको उच्च सैनिक अधिकारी इयुलोजिओ कान्टिलो (Eulogio Cantillo) ले मौनतालाई भङ्ग गर्दै बोल्यो, "क्युवाको गणतान्त्रिक सरकारको रक्षा गर्नको लागि हाम्रा सेनाहरूले सेनाध्यक्ष बातिस्ता सत्ताबाट अवकाश लिनुपर्ने आवश्यक भएको निर्णय गरेको छ ।" त्यो कुरा सुनेर बातिस्ता रातोपिरो भयो । उसले आफूलाई सम्हाल्न सकेन । उसले जङ्गिँदै भन्यो, "मेरो उत्तराधिकारीलाई सत्ता नसुम्पीकन म सत्ता छोड्नेवाला छैन ।" ऊ आन्द्रेस रिभेरो अगुएरो (Andress Rivero Aguero) लाई आफ्नो उत्तराधिकारी बनाउन चाहन्थ्यो । तर, आन्द्रेस रिभेरो अगुएरो भने बातिस्ताको उत्तराधिकारी बन्नुपर्ने डरले भागिसकेको थियो । हुन त कान्टिलोको सल्लाहअनुसार बातिस्ताका प्रधानमन्त्री राजनैतिक शरणको लागि गुप्तरूपले डोमिनिकन गणतन्त्रको भ्रमण गरी त्यहाँको तानाशाह राफेल लिओनिदास त्रुजिलो (Rafael Leonidas Trujillo) सँग कुरा मिलाई फर्किसकेको थियो । डोमिनिकन गणतन्त्रको तानाशाहले अर्जेन्टिनाका पूर्वतानाशाह ज्वान पेरन (Juan Peran) लाई राजनीतिक शरण दिएको थियो । बातिस्ता र उनका सहयोगीहरू रातारात देश छाडेर भाग्ने तरखरमा थिए । सत्ताच्युत बातिस्ता आफ्ना पाँच सयजना सहयोगीहरूको साथमा क्याम्प कोलम्बिया विमानस्थलबाट भाग्न सफल भयो ।

यसरी एकै रातमा भट्ट पत्याउनै नसक्ने गरी क्युवाको सबैभन्दा अत्याचारी र क्रूर तानाशाही बातिस्ताको सत्ता ढल्यो । नयाँ वर्ष १९५९ जनवरी १ को बिहानीको सूर्यसँगै क्युवाको राज्यसत्ता फिडेल क्यास्ट्रोको नेतृत्वमा जनसेना र सम्पूर्ण क्युवाली जनताको हातमा गयो । यो नयाँ युगको सूत्रपात क्युवाको मात्र होइन, सम्पूर्ण दक्षिण अमेरिकी महादेशको थियो । क्युवाली जनताले पुस्तौं पुस्तादेखि यसै दिनको प्रतीक्षा गरिरहेका थिए । एकजना अमेरिकी संवाददाताले लेखेका थिए, "कहिलेकाहीं मध्यरात र झिसमिसे उज्यालोबिचको छोटो समयमा पनि सत्ता पल्टिन सक्दोरहेछ ।"

त्यसदिन राष्ट्रनायक एवम् सेनाध्यक्ष फिडेल क्यास्ट्रोले सान्टियागोको जनसभामा घोषणा गरे, "पुरानो युगको अन्त्य भई स्वतन्त्रताको नयाँ युगको सूत्रपात भएको छ । म मानव अधिकार, न्याय र शान्ति सुनिश्चित गर्ने वाचा गर्दछु ।"

पाँच दिनपछि उनी सान्टियागोबाट हवाना पुगे । सम्पूर्ण हवानावासीले जननायक, राष्ट्रनायक एवम् सेनाध्यक्ष फिडेल क्यास्ट्रो र जनसेनालाई निकै हर्षपूर्वक भावविह्वल भई हार्दिक स्वागत र अभिनन्दन गरे । हवानाको त्यस ऐतिहासिक र अभूतपूर्व जनसभामा उनले अत्यन्त हृदयस्पर्शी र सशक्त भाषण दिए । अनेक कष्ट झेल्दै ज्यानको बाजी लगाई लुकीछिपी जनसेनालाई हातहतियार, रसद-पानी, सैनिक पोशाक र गुप्त खबर पुर्‍याइदिने महान् र वीर क्युवाली महिलाहरूको पनि उनले मुक्तकण्ठले प्रशंसा गरे ।

हवानामा फिडेल क्यास्ट्रोको स्वागतको विषयमा सन् १९५९ जनवरी १९ मा न्युयोर्कबाट प्रकाशित हुने पत्रिका टाइम (Time) ले यसरी लेख्यो, "हवाना सहरको परिसरमा फिडेल क्यास्ट्रो आइपुग्दा कलकारखाना, पसल, विद्यालय, कलेज र कार्यालय सबै बन्द थिए । सडक र घरको झ्याल, बार्दली एवम् कौसीमा हवानाका जनता फिडेल क्यास्ट्रोको स्वागत गर्न खचाखच थिए र उनीहरू करतल ध्वनिका साथ ताली बजाउँदै थिए । मारमोन हारिङगटन ट्याङ्क (Marmon Harrington Tank) हरू फिडेल क्यास्ट्रो चढेको जीपको लागि बाटो सफा गर्दै अघि बढिरहेका थिए । अन्तमा, जनसेना लावालस्करको साथमा फिडेल क्यास्ट्रो हवानाको दरबारमा प्रवेश गरे । त्यहाँ उनको न्यानो स्वागत भयो । उनले उपस्थित जनभेलालाई सम्बोधन गर्दै भने, "मलाई यो दरबारको कहिल्यै मोह थिएन र मलाई के थाहा छ भने तपाईंहरूलाई पनि यो दरबारको कुनै चाहना थिएन । तर, नयाँ सरकारले हाम्रो भावनालाई बदलिदिनेछ ।"

*- 'फिडेल क्यास्ट्रो, क्युवा र क्युवाली समाजवाद' बाट*

# यो रवि–बालेन सरकार के सरकार हो ?

काठमाडौँ । राजनीतिबारे सरोकार राख्ने नागरिकलाई थाहा छ - कुनै पनि सरकार देशको संविधानको विरोधमा जान सक्दैन । यो रवि-बालेन सरकारलाई वर्तमान देशको संविधान 'समाजवाद उन्मुख' छ भन्ने जरुरै थाहा छ । तर, सरकारको गतिविधि पूर्णरूपले संविधानविरोधी छ । सरकार शोषकवर्गको पक्षमा काम गर्दै छ; सरकारको काम 'प्रतिगामी' छ । त्यसको उदाहरण एकै दिनका समाचार शीर्षकहरूले समेत साबित गर्छन् -

१) 'ऋण तिरिसक्दा पनि १७ परिवारको साढे तीन बिघा जग्गा फूलकुमारीको कब्जामा' - 'नयाँ पत्रिका', २८ साउन २०८३ ।

जिल्ला प्रशासन कार्यालयबाट न्याय नपाएपछि पीडितहरूले सप्तरी प्रहरी कार्यालयमा उजुरी दिए । सबै पीडितको गुहार छ - 'हाम्रो जग्गा फिर्ता दिलाऊ, मिटरब्याजी फूलकुमारीलाई कारबाही गर !'

२) 'जनकपुरमा पनि साहुकारको ज्यादती : ६ लाख ऋणको एक करोड ६१ लाख तिर्दा पनि घर लिलाम !'

भूमिसुधार ऐनअनुसार सावाँभन्दा ब्याज बढी गयो भने सावाँसमेत तिर्न नपर्ने हो ।

सरकारले संविधान र ऐनअनुसार काम गर्न तल्लो तहका कार्यालयहरूलाई कानुनबमोजिम गर्न सचेत गराउनै पर्ने हो । अदालती बन्दोबस्तअनुसार कुनै पनि देशमा न सुधार हुन्छ, न क्रान्ति नै ! भारत स्वतन्त्र भएको ८० वर्ष नाघ्दा पनि त्यहाँको समस्या जहाँको तहीँ छ । त्यसको मुख्य कारण टाढाको उद्देश्य 'समाजवाद' स्वीकार्दा पनि शोषणरहित समाज बनाउन तल्लो तहका कार्यालयहरूले संविधान र ऐनलाई लागु नगर्नु हो ।

३) देशको अर्थतन्त्र ध्वस्त गर्ने व्यक्ति तथा पुँजीवादी संस्थालाई प्राथमिकता दिनु नै देशको अर्थतन्त्रलाई ध्वस्त पार्ने उपाय हो ।

शीर्षक हो - 'एनसेलको सेयर खरिद र स्मार्ट सेलको लिलामी प्रकरण : २२ विरुद्ध मुद्दा दायर, ९६ अर्ब बिगो'

यस्ता मुद्दामा ढिलो फैसला गर्दा अनेक जालझेलबाट अपराधीहरू मुक्त हुने सम्भावना रहन्छ - माथिल्लो तहबाटै ।

४) 'उदयपुर सिमेन्ट' उद्योगबारे सबै जनता जानकार छन् । 'बोरा अभावमा ६ महिना गोदाममै थन्किएको उदयपुर सिमेन्ट बल्ल बिक्री !' - 'नयाँ पत्रिका', २८ साउन २०८३ ।

कर्मचारी वा तल्लो कार्यालयले जानीबुझीकनै बोराको बन्दोबस्त नगरेपछि सिमेन्टको के दशा होला ! सबैलाई थाहा छ - अन्य सिमेन्ट फ्याक्ट्रीबाट घूस खाएर पनि आफ्नो कम्पनी डुबाउने यो पुँजीवादी जालसाजीको एउटा रोग हो । यस्ता विश्वासघातीहरूलाई चर्को कारबाही गरिएमा कलकारखाना र देशलाई जोगाउन सकिन्छ ।

५) 'प्रदेश सरकारमा थपिँदै बेरुजु भार : कोसीमा ६ अर्ब, गण्डकीमा तीन अर्ब !' - 'नागरिक' दैनिक, २८ साउन २०८३

६) 'मनमोहन भास्कुलरमा शल्यक्रिया गर्न आठ महिना कुर्नुपर्ने !' मनमोहनको नाममा राखिएको कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान सेन्टरमा कास्कीका २५ वर्षीय युवा रणबहादुर थापा (नाम परिवर्तन) पुगी चिकित्सकहरूलाई समस्या देखाउँदा चिकित्सकले शल्यक्रियाको पालो माग्दा जनरलतिर चैतमा र विस्तारित सेवामा पुससम्म पालो आउने बताए ! - 'नागरिक' दैनिक, २८ साउन २०८३

अस्पताल छ, सामान छ । तर, बन्दोबस्तमा तदारुकताको निम्ति सरकारको ध्यान र सहयोग नपुग्दा जनता अकालमा मर्ने स्थिति सबै जनतालाई थाहा छ । यसकारण, यस सरकारबारे जनताले बारम्बार प्रश्न उठाउँदै गरेका हुन् । देशमा खर्बौं रुपैयाँको भौतिक संरचना भए पनि सबै समस्या समाधान नहुनेबारे रवि-बालेन सरकारले सोच्नैपर्छ ।

# के नेपालमा संसदीय व्यवस्थालाई अफापसिद्ध गर्न खोजिएको हो ?

काठमाडौँ । २८ साउन २०८३ को 'अन्नपूर्ण' ले लेख्यो - 'चार महिनामै पुग्न छोड्यो संसद्मा गणपूरक सङ्ख्या' । झन्डै दुईतिहाइ मत भएको राष्ट्रिय स्वतन्त्र पार्टीका संसद् सदस्यहरूलाई आफ्नै सरकारको विधेयक पारित गर्न गणपूरक सङ्ख्या नपुग्नु भनेको ठुलो आँधी आउनुभन्दा पहिलेको राजनीतिक सङ्कटको सङ्केत हो कि भन्ने शङ्का गर्ने ठाउँहरू छन् ।

पहिले पनि नेपाली काङ्ग्रेस, एमाले, नेपाली कम्युनिस्ट पार्टी, समाजवादी, राप्रपा वा अन्य दलहरूसँगको सरकार वा एकल सरकारमा संसद्मा गणपूरक सङ्ख्या नपुग्दा नेपाल मजदुर किसान पार्टीले खबरदारी गर्ने गरेको थियो । त्यसबेला पनि सरकारहरू बारम्बार दलबदल सांसदहरूले लेनदेन गरेर सरकार जोगाउँथे । आखिर २०८२ को भदौको २३ र २४ को उपद्रवले पुँजीवादी सरकार मात्रै ढलेन । पुँजीवादी व्यवस्थाका विधानपालिका (संसद्), कार्यपालिका (मन्त्रिमण्डल), न्यायपालिका (अदालत) का केन्द्रीय भवनहरू मात्रै खरानी भएनन् बरु देशभरिका प्रहरी चौकी, प्रदेश र नगरपालिका र गाउँपालिकाका भवनहरूसमेत खरानी भए ।

कुरा त्यतिमै समाप्त हुँदैन । प्रजातन्त्रका ठेकदारी दलहरू जो बरोबर सरकारमा शासन गरिसकेका पार्टी कार्यकर्ताहरूले नै एकले अर्को दलको साइन बोर्ड, झण्डा र अफिसहरूका सामानसमेत अग्निकुण्डमा 'स्वाहा' गरेका थिए; ती कार्यकर्ताहरू जसले हिजोका प्रजातन्त्रलाई अग्निकुण्डमा पुऱ्याउन योगदान गरेका थिए । ती कार्यकर्ताहरू नै संसद्, प्रदेश सभा र स्थानीय तहमा आ-आफ्ना दलहरूकै प्रतिनिधिहरू छन् भने कार्यकर्ताहरू रास्वपाबाट सांसदहरू छन् ।

के यो गाईजात्रा हो ? खोइ आ-आफ्नो राजनीतिक दलको सिद्धान्त, नीति र कार्यक्रमप्रतिको आस्था र समर्पणको भावना ? हिजोका राणाहरूका आठ पहरियाहरूकै छोराछोरी कति नेपाली काङ्ग्रेस, राष्ट्रिय काङ्ग्रेस, गोर्खा परिषद्, के आई सिंहको कम्युनिस्ट र संयुक्त पार्टीमा पुगे । ती नै 'दल बदल' पेसा र फेसन बनाएका कार्यकर्ताहरू पञ्चायती व्यवस्थाका कार्यकर्ता र कर्मचारीहरू 'कम्युनिस्ट' भनिने दलहरूमा नेता र छोराछोरीलाई समेत पठाएका छन् ।

के नेपाली काङ्ग्रेससँग बीपी कोइरालाको 'प्रजातान्त्रिक समाजवाद' को भेष र भाषा बाँकी छ ?

भारतबाट 'माओवादी' नामले आएका प्रचण्ड र बाबुरामको दलका नेता र सक्रिय कार्यकर्ताहरू पार्टी नेता र सिद्धान्तको विरोधमा छन् भने कति नयाँ पुस्ता सुन तस्करी र अनि अन्य के के गलत बाटोमा छन् ? किन ?

ओलीजीले 'व्यक्ति हत्या' गरेरै 'नयाँ जनवाद' समाजवाद र साम्यवाद ल्याउने गलत सिद्धान्तलाई त्यागेर आफ्नो विराम स्वीकार गर्दै अपराध मोचन गरेर पुँजीवादी सरकारको शासक बनेर देशलाई 'सम्भावित' सङ्कटबाट जोगाउन नसक्ने थाहा पाएर पुन: पार्टीको नेतृत्वको किचलो गर्नु कुन राजनीतिक नैतिकताले दिन्छ ?

प्रचण्ड, माधव नेपाल र झलनाथ खनाललाई अझै सरकारमा जाने लालचप्रति लाज छैन । आ-आफ्नै दलमा को को मन्त्री र नेताहरू कुन कुन देशका दलाल र गुप्तीहरू छन् भनी जनतालाई नबताई ती 'बहादुरहरू' देशबाट भाग्न पनि पाउँदैनन् भनी मनमा राख्नु उपयुक्त हुन्छ ।

नेपाली उखानलाई सम्झौँ - 'सुनलाई सयचोटि जोख्ने, मानिसलाई एकचोटि जोख्ने हो ।' बाबुराम भट्टराईलाई के जोख्ने ? उनी पनि कुन कुन पार्टीमा लागे थाहा होला नै !

जो जहाँ छ त्यहाँ त्यहाँ सबैले इमानदारीपूर्वक काम र कर्तव्य पूरा गरेका भए देश आज जस्तो 'केटाकेटीको खेलमा फस्नु' पर्ने थिएन । यसको सबै दोष सरकारमा शासन गर्ने, पार्टी, नेता एवम् कार्यकर्तालाई सिद्धान्त र नैतिकताको शिक्षाबाट वञ्चित गरेकै कारण भन्दा फरक नपर्ला !

# खाना पकाउने ग्यास र कालोबजारी नियन्त्रण गर्न माग गर्दै सुर्खेत प्रशासनमा ज्ञापनपत्र

सुर्खेत । खाना पकाउने एलपी ग्यासको सहज आपूर्ति, कालोबजारी नियन्त्रण तथा अस्वाभाविक महँगी रोक्न माग गर्दै नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ (नेक्राविसङ्घ) र नेपाल क्रान्तिकारी युवा सङ्घ (नेक्रायुसङ्घ) सुर्खेतले संयुक्त रूपमा जिल्ला प्रशासन कार्यालय, सुर्खेतमा ज्ञापनपत्र बुझाएका छन् ।

साउन २७ गते जिल्ला प्रशासन कार्यालय पुगेका युवा तथा विद्यार्थीहरूको संयुक्त टोलीले ६ बुँदे मागसहितको ज्ञापनपत्र बुझाएको हो । ज्ञापनपत्रमा पछिल्लो एक महिनादेखि ग्यासको चरम अभावका कारण सर्वसाधारण घण्टौसम्म लाइनमा बस्नुपरेको, बिचौलिया र कालोबजारीका कारण बढी मूल्य तिर्नुपर्ने बाध्यता सिर्जना भएको र यसले विद्यार्थी तथा श्रमजीवी मजदुरहरूलाई चरम सास्ती भएको उल्लेख गरिएको छ ।

ग्यासको सहज आपूर्ति, दोषीमाथि कडा कारबाही, प्रभावकारी बजार अनुगमन, दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि नियन्त्रण र भारतीय कम्पनी जीएमआरलाई दिइएको कर्णाली जलविद्युत् आयोजना खारेज गरी स्वदेशी विद्युत् उत्पादकमार्फत विद्युत् उत्पादन बढाउँदै ग्यास आयात घटाइनुपर्ने जस्ता मागहरू ज्ञापनपत्रमा उठाइएका छन् ।

उक्त ज्ञापनपत्र नेपाल क्रान्तिकारी युवा सङ्घ, सुर्खेतकी कार्यवाहक अध्यक्ष छत्रिकाकुमारी वि.क.ले पढेर सुनाउनुभएको थियो । प्रमुख जिल्ला अधिकारी अनुपस्थित रहेकोले सहायक प्रमुख जिल्ला अधिकारी डिलबहादुर कार्कीलाई ज्ञापनपत्र हस्तान्तरण गरिएको थियो ।

ज्ञापनपत्र बुझ्दै सहायक प्रमुख जिल्ला अधिकारी कार्कीले युवा तथा विद्यार्थीहरूले उठाएका विषयहरू अत्यन्तै महत्त्वपूर्ण रहेको र मागप्रति प्रशासनको ध्यानाकर्षण भएको बताउनुभयो । उहाँले प्राप्त ज्ञापनपत्रलाई तत्कालै माथिल्लो निकायमा पठाउने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो ।

ज्ञापनपत्र बुझाउने क्रममा नेक्राविसङ्घ र नेक्रायुसङ्घका जिल्लास्तरीय नेता तथा युवा विद्यार्थीहरूको उपस्थिति रहेको थियो ।

# सजाय होइन व्यवहार परिवर्तन न्यायको मूल उद्देश्य

भक्तपुर । ख्वप कलेज अफ लको चौथो वर्षको Criminal Law Group को आयोजनामा नेपालको 'बाल न्याय प्रणाली (Child Justice System)' सम्बन्धी एकदिने सेमिनार साउन ३१ गते सम्पन्न भयो । ख्वप कलेजको सभाहलमा आयोजित कार्यक्रममा कलेजका प्राध्यापक तथा कर्मचारी, दोस्रो, तेस्रो र चौथो वर्षका विद्यार्थी तथा बाल न्यायसँग प्रत्यक्ष रूपमा सम्बन्धित विभिन्न क्षेत्रका विज्ञहरूको सहभागिता थियो ।

बाल अदालत भक्तपुरका माननीय न्यायाधीश कृष्णप्रसाद शर्मा नेपालले बाल न्यायको उद्देश्य बालबालिकालाई कसुरअनुसार सजाय दिनु मात्र नभई उनीहरूको सर्वोत्तम हित, व्यक्तिगत अवस्था, सुधारको सम्भावना र पुन:स्थापनालाई केन्द्रमा राखेर न्याय सम्पादन गर्नु रहेको बताउनुभयो ।

बाल न्यायको न्यायिक पक्षबारे आफ्नो अनुभव प्रस्तुत गर्दै उहाँले बालबालिकाबाट भएका कसुरमा निर्णय गर्दा उनीहरूको उमेर, पारिवारिक तथा सामाजिक पृष्ठभूमि, कसुरको प्रकृति र घटना घट्नुको परिस्थितिलाई समेत विचार गर्नुपर्ने बताउनुभयो ।

बाल अधिकारकर्मी तथा अधिवक्ता अजयशङ्कर झाले नेपालमा बालबालिकाको अधिकार संरक्षण तथा बालन्याय प्रणालीका लागि कानुनी व्यवस्था पर्याप्त भए पनि त्यसको प्रभावकारी कार्यान्वयन र बालबालिकामा कानुनी सचेतनाको अवस्था अझै चुनौतीपूर्ण रहेको बताउनुभयो ।

नेपालको संविधान तथा बालबालिकासम्बन्धी ऐन, २०७५ ले बालबालिकाको अधिकार, संरक्षण तथा न्यायसम्बन्धी विभिन्न व्यवस्था गरे पनि व्यवहारमा प्रक्रियागत कमजोरी, कानुनी सचेतनाको अभाव तथा संस्थागत क्षमताको कमीका कारण बालमैत्री न्याय प्रणालीको पूर्ण कार्यान्वयन हुन नसकेको उहाँको भनाइ छ ।

जिल्ला न्यायाधिवक्ता बिन्दुकुमारी धामीले बालबालिकासम्बन्धी मुद्दामा अभियोजन गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकतामा राख्नुपर्ने भए पनि पीडितको न्याय पाउने अधिकार र हितलाई समेत समान रूपमा ध्यान दिनुपर्ने बताउनुभयो ।

बाल मनोवैज्ञानिक प्रतीक्षा काफ्लेले बाल न्याय प्रक्रियामा मनोवैज्ञानिक मूल्याङ्कन, परामर्श तथा मनोसामाजिक सहयोगलाई न्याय प्रणालीको अभिन्न अङ्गको रूपमा विकास गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "सजाय होइन, व्यवहार परिवर्तन र पुन:स्थापना बाल न्यायको मूल उद्देश्य हुनुपर्छ ।"

समाजसेवी देवी सिवाकोटीले बाल न्याय प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि परिवार, समुदाय र राज्यबिच समन्वय तथा साझा जिम्मेवारी आवश्यक रहेको बताउनुभयो ।

नेपाल प्रहरीका प्रहरी निरीक्षक सुभेष अधिकारीले नेपालको संविधान र बालबालिकासम्बन्धी कानुनले बालबालिकाका लागि प्रगतिशील तथा बालमैत्री न्याय प्रणालीको परिकल्पना गरे पनि त्यसको व्यावहारिक कार्यान्वयनमा विभिन्न कानुनी, भौतिक तथा संस्थागत चुनौती रहेको बताउनुभयो ।

सेमिनारमा विद्यार्थी प्रतिनिधि अनिश अधिकारीले भन्नुभयो, "ऐनले १८ वर्षभन्दा कम उमेरकालाई बालबालिका भनी पहिचान गरेको छ । बालबालिकालाई दोस्रो अवसर दिन, उनीहरूको भविष्य सुरक्षित गर्न, अपराध दोहोरिन नदिन सुधारमुखी उपाय अपनाउन र उनीहरूको मानव अधिकारको संरक्षण गर्न बाल न्याय प्रणाली आवश्यक रहेको छ ।"

कार्यक्रमको समापनमा कलेजका प्राचार्य अनिता जधारीले प्यानलिस्ट, सहभागी तथा कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैप्रति आभार व्यक्त गर्दै कार्यक्रमको औपचारिक समापन गर्नुभएको थियो ।

ख्वप कलेज अफ लको चौथो वर्षको Criminal Law Group द्वारा आयोजित उक्त सेमिनारले बाल न्यायलाई केवल कसुर र सजायको विषयका रूपमा नभई बाल अधिकार, जवाफदेहिता, सुधार, पुनर्स्थापना र सामाजिक पुन:एकीकरणसँग जोडिएको बहुआयामिक न्यायिक विषयका रूपमा विद्यार्थीहरूलाई आगामी दिनहरूमा अनुसन्धान गर्ने महत्त्वपूर्ण विषयवस्तु प्रदान गरेको बताउनुभयो ।

उक्त कार्यक्रमको संयोजक शिक्षक लक्ष्मी बखाद्यो हुनुहुन्थ्यो ।

कार्यक्रमको सहजीकरण ख्वप कलेज अफ लका चौथो वर्षका Criminal Law Group का विद्यार्थी लक्ष्णा रञ्जितले गर्नुभएको थियो । कार्यक्रममा प्रनिता दुवालले पनि बोल्नुभएको थियो ।



**साम्राज्यवादीहरूले...**

हङकङको स्वतन्त्रतालाई दबाउने अधिकारीको सम्पत्ति रोक्का गर्न सकिने र अमेरिका प्रवेशमा रोक लगाउन सकिने प्रावधान राखियो ।

सन् २०२५ को सुरुमा अमेरिकी गैरसरकारी संस्था NED ले आफ्नो वार्षिक प्रतिवेदन जारी गऱ्यो । जसमा NED ले ९० भन्दा बढी देशहरूमा १,९०० भन्दा बढी परियोजनालाई २७१ मिलियन अमेरिकी डलर आर्थिक सहयोग गरेको उल्लेख छ । सो लगानी विशेषगरी चीन, रूस, इरान र क्युवालक्षित थिए । यसले सन् २०२५ मा मात्रै ५३ मिलियन डलरभन्दा बढी रकम एसियामा खन्याएको थियो । जसमध्ये १ करोड ३० लाख डलरभन्दा बढी रकम चीनसँग सम्बन्धित परियोजनाहरूको निम्ति मात्रै छुट्याएको थियो । जसले चीनको विकास र स्थिरतालाई कमजोर पार्ने र पृथकतावादी गतिविधिहरूलाई सघाउने उद्देश्य राखेको थियो ।

NED ले स्थापनाकाल (सन् १९८३) देखि नै अन्य देशलाई अस्थिर बनाउन पैसा खन्याउँदै आएको छ । यसको काम विश्वभर अमेरिकी मूल्यमान्यता र सुरक्षालाई अगाडि बढाउन आफ्नो आदेशपालकहरूलाई 'सशक्त' बनाउनु हो । सन् २०१९ को हङकङ दङ्गालाई NEDले नै आर्थिक सहयोग र तालिम दिने काम गरेको थियो ।

चीनको अन्तर्राष्ट्रिय अध्ययन संस्थानको एउटा लेखमा हङकङमा अमेरिकी संलग्नताबारे यसरी व्यक्त गरिएको छ, "अमेरिका विश्वको प्रहरी बन्न अन्य देशको शासन परिवर्तन गरेर आफ्नो इच्छा थोपर्ने काम गरिरहेको छ । अमेरिकी मूल्यमान्यता फैलाउनको निम्ति सीआईएसँग सम्बन्ध रहेका अमेरिकी गैरसरकारी संस्थाहरूले लामो समयदेखि अन्य देशमा गोप्य गतिविधि गर्दै छन् । उनीहरूमध्ये केहीलाई तोडफोड गर्ने जिम्मेवारी समेत दिइएको हुन्छ । यी शक्तिहरूले हङकङमा विभाजनको बिउ रोप्ने, घृणा जगाउने र "रङ्गीन क्रान्ति" गराउने भ्रम राख्छन् । त्यसको निम्ति तिनीहरूले हङकङमा ठूलो लगानी गरेका छन् ।"

**सन्दर्भ सामग्री**

Hong Kong 'Colour Revolution' signs seen, china daily, 2019 september 6
Hong Kong is not the place for Colour Revolution, China Institute of International Studies, 2020 May 11
National Endowment For Democracy, 2025 Annual Report
China's Military Strategy, May 2015
Hong Kong Human Rights and Democracy Act 2019 (Inacted by the Senate of America)

# सहर, बस्ती सरुवा र परिणाम

भक्तपुर जिल्ला आज चार नगरपालिकामा विभाजित छ। भक्तपुर नगरपालिका, मध्यपुर नगरपालिका, चाँगुनारायण नगरपालिका र सूर्यविनायक नगरपालिका गरी जिल्लाको जनसङ्ख्या ४ लाख ३२ हजार बताइन्छ।

भक्तपुर र मध्यपुर प्राचीन नगरकै सिलसिला हो भने चाँगुनारायण र सूर्यविनायक नगरपालिका पञ्चायती व्यवस्थापछिको प्रजातान्त्रिक र गणतान्त्रिक सङ्घर्षको देन हो।

नेपालमा प्राचीन नगरहरू (जनकपुर, पोखरा, काठमाडौँ र पाटन) र राणाकालमा स्थापना हुँदै विकास भएका राजविराज, विराटनगर, वीरगञ्ज, धरान, धनकुटा, नेपालगञ्ज आदि हुन् भने पञ्चायतकालमा हेटौँडा, चितवन, भरतपुर, पूर्व र पश्चिमका पुराना सदरमुकाम वा सरकारी कार्यालयहरूको बस्ती हुँदै अहिले सहर बन्दै छन्। जस्तैः बुटवल, भैरहवा, सुर्खेत आदि।

तर भूगोलविद् र समाजशास्त्रीहरूले नेपालमा छरिएर बसेका गाउँका जनतालाई एक पायक पर्ने ठाउँमा बसाइँसराइ गर्दै नगरहरूको विकासले देशलाई नयाँ मुहार र विकास निर्माणको पाइला चाल्ने दृष्टिकोण राखेको देखियो।

तर, राजविराजजस्तो राणाकालमै बनाइएको व्यवस्थित नगर आज पनि लथालिङ्ग छ भने पञ्चायतकालमा खड्गबहादुर सिंहबाट टीकापुर व्यवस्थित नगरको योजना बनाइएको थियो। जग्गा धनी र टाठाबाठाहरूले हात पारेपछि एमाओवादीको बेला झन् भद्रगोल नै भयो। हवाई सेवाको निम्ति छुट्याएको भूमिसमेत व्यक्ति व्यक्तिले आ-आफ्नो कब्जा (मातहत) मा लिए।

यसरी केन्द्रमा जस्तै प्रदेश, जिल्ला, गाउँ एवं सहरमा पनि सुल्झिएको राजनैतिक नेतृत्वको अभावको कारण जसरी दोस्रो विश्वयुद्धमा लाखौँलाख जनधनलाई ध्वस्त पार्ने हिटलरका युद्ध अपराधी घोषणा भएका सैनिक अधिकारीहरूलाई पछि प्रजातन्त्र र साम्यवादसँग लड्नको निम्ति अमेरिकी दक्षिणपन्थी सरकार वा ट्रुमेन र बेलायती क्रूर राजनीतिज्ञ चर्चिलले दक्षिण अमेरिकामा भगाइएकाहरूको सन्तानमध्ये पछि ब्राजिलको राष्ट्रपति बनाइएको बोल्सोनारोले 'संसारको फोक्सो' भनिएको ब्राजिलको जङ्गलमा आगो लगाउन दिएका थिए। त्यस्तै जङ्गलहरूमा हवाई मैदानको नाममा खर्बौं खर्बको नेपालका जङ्गलका काठहरू तस्करी गराउन खोज्ने र देशलाई प्रदूषणमा फसाउने षड्यन्त्रहरू पनि केही नेताहरूले गरेको बताइन्छ।

जसरी काठमाडौँ उपत्यकामै पञ्च, प्रजातन्त्र र गणतन्त्रपछिका नेता र कार्यकर्ताहरूले बसोबास गर्नमा अपराध गरे ती सबै साह्रै तुच्छ र छोटो बुद्धिको परिणाम हो भन्ने परिणामले देखाउँदै छ। आफ्ना गाउँ ठाउँमा नातागोता, साथीभाइ र कार्यकर्तालाई फकाई फुलाई वा पैसा लिई वा पैसा नलिई काठमाडौँको मतदाता बनाउने उद्देश्यले मनोहरा, विष्णुमती र वाग्मती नदीको किनारमा बसोबास गराए। पञ्चायतभन्दा पहिले तीनकुनेनजिक सबै वाग्मती किनारा आज आफै सहरको रूपमा घरहरूले भरियो। त्यसले पशुपति आँखाबाट ओझेल भयो र किनारा सबै व्यक्ति व्यक्तिको घर बन्यो।

हरेक विषयमा अव्यवस्था भद्रगोल भएको हुँदा वाग्मती किनारका घरहरूमा पहिले पशुपतिका बाँदरहरू घरमा पस्थे। आखिर संसद्मा समेत 'सिंहदरबारमा बाँदर पस्यो' भन्ने आवाज सुनियो।

आज उपत्यकाको हरेक नयाँ बस्तीमा पनि 'पशुपतिको बाँदर पस्यो' भन्ने कहावत चल्यो।

यी सबै अराजकताको जिम्मेवार सरकारमा गएका नेताहरू नै हुन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ। स्वर सानो होला तर सत्य त्यही छ। सहरमा आएर घर धेरै बनाइयो, आफ्नो पार्टीलाई मत दियो, आनीबानी भाषा र व्यवहार ठाउँअनुसारको भएन। एमालेका नेता ओली भक्तपुरको सूर्यविनायक नगरमा आएर बसे; उनले यसैलाई जित सम्झे। आज त्यही कारण आफ्नै ठाउँमा बालेनको उम्मेदवारीले 'अपराधको फल कस्तो हुन्छ' भने चखाइदियो। यो स्थिति सबै ठाउँमा छ, नकारात्मक नभई राम्रो मनले देश र जनताको सेवा गर्ने भावना राखेर काम गरेको भए हुन्थ्यो, तर उद्देश्य राम्रो थिएन र परिणाम पनि राम्रो भएन, सबै सचेत हुनुपर्ने अनुभव सबै जानकारहरूको छ।

### नगर बसाइँसराइ परिणाम

सुरुसुरुमा जर्मन प्रोजेक्टमा काम गर्ने नेपाली नगर नियोजक वा मेनेजरहरू आफै प्राविधिक भए पनि जर्मनहरू आफ्नो काम टुङ्ग्याएर गइसकेपछि ती नगर नियोजक वा प्राविधिकहरूसँगको कुराकानीमा तलका त्रुटिहरू जनताले औँल्याए -

भक्तपुर नगरका ढल 'साँढे' खस्ने ढलहरू थिए र आज पनि कति ठाउँमा छ। दत्तात्रयबाट उत्तरको मन्दिर जाने बाटोमै छ। त्यस्तै, गोल्मढीको राम झोपडी पछाडिको ढलमा पनि साँढे खसेको थियो। अझै विभिन्न टोलमा त्यस्ता ढलहरू छन्।

जर्मन प्रोजेक्टले ठाउँ-ठाउँमा ठुलठुला ढलमा स-साना ढलहरू बनाउँदा पानीको बहाव रोकिएर चोकचोकमा पानी जम्ने र चर्पीहरू भरिएको व्यापक गुनासो सुनिएको थियो। बजारकै पुरानै ढलहरू खोल्न आवश्यक अनुभव गरी ढल खोलेर हेर्दा ढलको माथिल्लो भागमा दुई/तीन औँला मात्रै खाली भएको र दुई तीन हात नै बालुवा, ईँटा स-साना टुक्रा र कसिङ्गरले भरिएको थियो। ती कसिङ्गर मात्रै सफा गर्दा पनि पुरानै ढलसमेत राम्रै चलेको देखियो।

जर्मन प्रोजेक्टले केही टोलमा नयाँ पाइप राख्दा र नयाँ ठाउँमा पनि पाइपहरू ओछ्याउँदा बिचबिचमा तीन बाटो र चौबाटोका ढलहरू जोडिने बेला जोडिएका ढलहरूमा ठुलो पाइप नराख्दा एकैबाजी सबै पाइपमा पानी र फोहर पानी अवरुद्ध भयो। कतैकतै ओरालाहरूमा जोडले फोहर पानी पाइपमा पुग्दा बिचका 'मेन होल' हरूको ढकनी (पानी छिर्ने) आफै उछिट्टिन्थ्यो। दायाँ बायाँका घर मालिकहरूले मध्यरातमा हाम्रा घरहरू थर्केर भत्किने सम्भावना भयो भनेर जनप्रतिनिधिहरूलाई खबर गरेका थिए। तत्काल जनप्रतिनिधिहरूले ओरालोका सबभन्दा तल्ला मेनहोलहरू खोल्दै गर्दा सबै फोहोर पानीले निकास पाएको अनुभव गरियो।

**यो स्थितिको कारण के होला ?**

नेपालमा असार, साउन र भदौमा बेसरी पानी पर्ने र वर्षभरिको पानी झन्डै ९ भाग पानी ३ महिनामै पर्ने हुँदा बरफ हिउँ मात्रै पर्ने देशको हिसाबअनुसार विदेशी प्राविधिकहरूले स-साना पाइपहरू जडान गर्दा फोहर पानीको प्रवाह रोक्ने समस्या यथावत रहन्थ्यो।

दोस्रो कुरा, हामी नेपाली जनतामा आज पनि नागरिक भावनाको कमी छ। आफ्नै चर्पी, कौसी, बेसिनमा समेत कपालका रौँ, स-साना कसिङ्गरहरू र चोकको निकासमा समेत माटो फाल्ने र बगाउने गर्छौं। आखिर सबै झारपातसमेत जेलिएर पाइप वा निकास बन्द हुने हुन्छ। वर्षा हुनुपूर्व नै नगरपालिका वा जनताले 'मेन होल' का कसिङ्गरहरू सफा गर्ने गर्दैनन्। यसकारण, वर्षाको पानी अवरुद्ध भई हाम्रा सडकहरू खोला र खहरेमा परिणत हुन्छन्।

नगरपालिकामा जनताकै प्रतिनिधि हुन्छन् तर कर्मचारीहरू भने केन्द्रबाटै भर्ना गरिन्छ। तिनीहरूको सञ्चालन प्रधान अफिसर, मुख्य हाकिम वा कार्यकारी अधिकृतले गर्छ। तर, उनीहरू प्राविधिक नहुन सक्छन्। उनीहरू विभिन्न जिल्ला वा गाउँबाट आउने हुँदा सहरका व्यावहारिक समस्याहरू थाहा नहुनु स्वाभाविक हो। तर, पुरानै इन्स्पेक्टर, जाँचकी र अन्य सफाइ कर्मचारीहरूलाई नअह्राई आफै काम गर्दैनन्। यो तालमेलको अभावले पनि मल्लकालमै बनाइएका चोक, ढल र बनेका घरहरूका सहरबारे नगरका स-साना सभासम्बन्धी प्राविधिक अनभिज्ञ हुनु अस्वाभाविक होइन।

पुराना नगरहरूमा दुवै दायाँबायाँका घरहरूको पेटीको तल वा पेटीको दायाँ वा बायाँ ढलहरू हुन्छन्। ती ढलहरूको माथि लामा लामा ढुङ्गा छोपेको हुन्छ। पहिले ठुलठुला ट्रक र धेरै भार भएका बाहनहरू नआउने हुँदा ढल फुटेको घटना कम हुन्थ्यो। राजमार्गमा मात्रै चलाउनुपर्ने ठुलो भार बोक्ने बाहनहरू पुराना नगरहरूमा साना बगैँचामा हात्ती पसेजस्तै प्रवेश भएपछि पुराना संरचना कसरी यथावत रहला !

वर्तमान सरकार पृथ्वीनारायण शाहको आक्रमणकै सिलसिला भएको हुँदा 'छैं भडेल कार्यालय' बाहेक अरू कुनै कार्यालयले सहरको मर्मत सम्भारको काम २०६४ सालसम्म नगरपालिकाको बन्दोबस्त रहेन। केही मठमन्दिरको सम्भार गर्ने काम गुठीका हाकिमहरू पनि बाहिरैबाट नियुक्ति हुने हुँदा तिनीहरू पनि स्थानीय परम्पराको गम्भीरताबारे अनभिज्ञ हुनु आश्चर्यको विषय होइन। पृथ्वीनारायण शाहको आक्रमणको बेला मारिएका व्यक्तिहरूको दाह-संस्कारको कुरै रहेन, सबै लासहरू टोलटोल र गल्लीगल्लीमा इनारहरूमा फालेको र खसालेको बयान आज पनि प्रचलित छ। यसकारण, कति इनारका पानी आज पनि स्थानीय जनताले खाने गरेका छैनन्।

*(लासहरू इनारमा फाल्दा रगतको फोहर र झिङ्गाबाट हुने फोहरहरू पनि नदेखिने कारणले लासहरू इनारमा फालिएको आहान चालू छ।)*

# एलपी ग्यास अभाव र महँगीविरुद्ध ज्ञापनपत्र


काठमाडौँ। नेपाल क्रान्तिकारी युवा सङ्घ, काठमाडौँ जिल्ला समितिले एलपी ग्यासको चरम अभाव, बजारमा व्याप्त कालोबजारी र बढ्दो महँगी नियन्त्रणको माग गर्दै भादै १ गते काठमाडौँका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको छ।

विगत एक महिनादेखि खाना पकाउने ग्यासको अभाव हुँदा सर्वसाधारणको दैनिक जीवन कष्टकर बनेको भन्दै सङ्घले सरकारको गम्भीर ध्यानाकर्षण गराएको हो। सङ्घद्वारा बुझाइएको ज्ञापनपत्रमा जनताको चुलो बल्ने अवस्था सुनिश्चित गर्नु राज्यको दायित्व भएको उल्लेख गरिएको छ।

सङ्घले अघि सारेका मुख्य मागहरूमा - खाना पकाउने एलपी ग्यासको नियमित, पर्याप्त, पारदर्शी र सहज आपूर्ति तत्काल सुनिश्चित गरिनुपर्ने; ग्यासको कालोबजारी गर्ने र तोकिएको मूल्यभन्दा बढी लिने दोषीमाथि कडा कानुनी कारबाही गरिनुपर्ने; खाद्यान्न, तरकारी र इन्धनलगायतका दैनिक उपभोग्य वस्तुहरूको अस्वाभाविक मूल्यवृद्धि तत्काल नियन्त्रण गरिनुपर्ने; बिचौलियाको चलखेल रोक्न नियमित, प्रभावकारी र परिणाममुखी बजार अनुगमन गरिनुपर्ने, नेपालका नदीनालाबाट सरकार आफैँले विद्युत् उत्पादन गरी सहुलियत मूल्यमा बिजुली उपलब्ध गराउँदै ग्यास आयातमा भइरहेको व्यापार घाटा घटाइनुपर्नेलगायत थियो।

काठमाडौँ जिल्ला समितिका अध्यक्ष रमेश डंगोलद्वारा हस्तान्तरण गरिएको उक्त ज्ञापनपत्रमार्फत मागहरू तत्काल कार्यान्वयन गरी आम नागरिकको जनजीवन सहज बनाउन सरकारसँग जोडदार माग गरिएको छ।

जवाफमा प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले एलपी ग्यासको अभावलाई सम्बोधन गर्न दुई दिन कार्यालयले ग्यास कम्पनीबाट सिधै जनताकोमा पुऱ्याउन काठमाडौँको विभिन्न स्थानमा वितरण गर्ने प्रयास गरिएको जानकारी दिनुभयो।


नेपाल क्रान्तिकारी युवा संघ
काठमाडौं जिल्ला समिति
Nepal Revolutionary Youth's Union
Kathmandu District Community

प.सं. ०८२/०८४
च.नं. १०

मिति: २०८३/०५/१ गते

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, काठमाडौं।

विषय : एलपी ग्यासको सहज आपूर्ति, कालाबजारी तथा बढ्दो महँगी नियन्त्रण सम्बन्धमा।

विगत एक महिनादेखि खाना पकाउने एलपी ग्यासको चरम अभावका कारण आमनागरिकले दुःख पाइरहेका छन्। खाना पकाउने ग्यासजस्तो अत्यावश्यक वस्तुको नियमित र सहज आपूर्ति हुन नसक्दा सर्वसाधारणको दैनिक जीवन प्रत्यक्ष रूपमा प्रभावित भएको छ। अत्यावश्यक वस्तुमा कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी गर्ने तथा अस्वाभाविक मूल्य असुल्ने प्रवृत्तिले आम नागरिकको जीवन कष्टकर बनाएको छ। यस्तो अवस्थामा सम्बन्धित सरकारी निकायबाट प्रभावकारी अनुगमन, नियमन र आपूर्ति व्यवस्थापन हुन आवश्यक छ। जनताको चुलो बल्ने अवस्थाको सुनिश्चितता गर्नु राज्यको दायित्व हो।

नेपाल क्रान्तिकारी युवा संघ काठमाडौं जिल्ला समिति सरकारलाई जनताप्रति जिम्मेवार बन्न तथा आम नागरिकको चाहना, भावना र आवश्यकतालाई गम्भीरतापूर्वक सम्बोधन गर्न सचेत गराउँदै निम्न विषयहरू तत्काल पूरा गर्न जोडदार माग गर्दछौं।

हाम्रा मागहरू :

१. खाना पकाउने एलपी ग्यासको नियमित, पर्याप्त, पारदर्शी र सहज आपूर्ति तत्काल सुनिश्चित गरियोस्।
२. ग्यासको कालोबजारी, कृत्रिम अभाव तथा तोकिएको मूल्यभन्दा बढी मूल्य असुल्ने दोषीमाथि कडा कानुनी कारबाही गरियोस्।
३. खाद्यान्न, तरकारी, इन्धनलगायत दैनिक उपभोग्य अत्यावश्यक वस्तुको अस्वाभाविक मूल्यवृद्धि तत्काल नियन्त्रण गरियोस्।
४. कालोबजारी, कृत्रिम अभाव र बिचौलियाको चलखेल नियन्त्रण गर्न नियमित, प्रभावकारी तथा परिणाममुखी बजार अनुगमन गरियोस्।
५. अत्यावश्यक वस्तुको आपूर्ति तथा वितरण प्रणालीलाई पारदर्शी, व्यवस्थित, प्रभावकारी र उपभोक्तामैत्री बनाइयोस्।
६. नेपालका नदीनालाबाट सरकार आफैले विद्युत् उत्पादन गरी नेपाली जनतालाई सहुलियत मूल्यमा बिजुली उपलब्ध गराइ खाना पकाउने ग्यास आयातमा भइरहेको व्यापारघाटा घटाइयोस्।

माथि उल्लिखित मागहरूलाई तत्काल प्रभावकारी रूपमा कार्यान्वयन गरी आम नागरिकको जनजीवन सहज बनाउन नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै यो ज्ञापनपत्र पेश गर्दछौं।

रमेश डंगोल
अध्यक्ष
नेकायुसंघ, काठमाडौं



**भारत...**

बेला नेपाल–भारत सीमा (स्ट्रीप) नक्सा तयार गर्न पुगेका नेपाली नापी टोलीलाई माओवादीले काम गर्न दिएन। तत्पश्चात् नेपाली नापी टोलीलाई भारततर्फ बसोबास गराई सीमा नक्सा तयार गर्न लगााइयो। त्यसबेला भारतीय नापी अधिकारीहरूले नेपाली भूमि भारतमा पर्ने गरी नक्सा तयार गराए। यो देशघाती नक्साको दोषी 'माओवादी' हो तर माओवादी चुँ बोलिरहेको छैन। यसले माओवादी 'भारतीय ट्रोजन हर्स' पुष्टि भएन र ?

नेपाल–भारत खुला सीमाका १३२५ वटा सीमास्तम्भ हराएको अवस्थामा छन्। भारत सरकारले नेपालसँगको सीमास्तम्भहरू जानाजान हटाउने, तोडफोड गर्ने र नेपालतर्फ सार्ने काम गरिरहेको पनि पुरानो भयो। नेपालका सरकारहरू ८५५४ सीमा स्तम्भ स्थापना गरेको दाबी गर्छन् तर ती सीमास्तम्भहरू के कति नेपाली भूमि अतिक्रमण हुने गरी राखिएको छ, बोलेनन्। यतिखेर रास्वपा सरकार पनि किन बोल्दैन ? नेपालसँगको सिमानामा अझै १९५६ सीमा स्तम्भ पूर्ण र आंशिक रूपमा भत्किएको अवस्था रहेको सार्वजनिक भयो। खुला सीमा नियमन गरी नेपालको भूमि र सार्वभौमिकता रक्षा गर्ने विषय नेपालका शासकहरूले शिर उठाएर भारतका शासकहरूसँग किन राख्न सकेनन् ?

नेपाल–भारत खुला सिमाना कतै नदी र खोल्सा, कतै रुख–बिरुवालाई पनि सीमा कायम गरिएको रहेछ। दशकौँयता नदी–खोल्साको धारलाई नेपालतर्फ बगाइएको, रुख–बिरुवा हटाएसँगै नेपालतर्फको नयाँ रुख–बिरुवालाई सीमा कायम गरिएको कारण नेपालको भूमि भारतको अतिक्रमणमा परेको हो। भारत अतिक्रमित नेपाली भूमि फिर्ता ल्याउने साहसी सरकार नेपालमा किन बन्न सकिएन ? नेपाली जनता सचेत हुन ढिलो भइसक्यो।

नेपाल–भारत खुला सीमासम्बन्धी नक्सा १८२ थानमा दुई देशका अधिकारीहरूको हस्ताक्षर भएको भनिए पनि नेपाली जनताले नेपालको भूमि भारततर्फ पारिएको ती नक्सालाई समर्थन गरेका छैनन्। नेपालका कतिपय प्रधानमन्त्री र मन्त्री भएकाहरू नेपाल–भारत खुला सीमा विवाद ९८ प्रतिशत सल्टिएको र सुस्ता, लिपुलेक, कालापानी, लिम्पियाधुरासहित २ प्रतिशत मात्र सीमा समस्या बाँकी रहेको दाबी गर्छन्, यो सत्य होइन। नेपाली जनता सचेत भएर भारत अतिक्रमित नेपाली भूमि फिर्ता ल्याउन निरन्तर आवाज उठाइरहनु जरुरी छ।

सूचनाको हकः नागरिकको मौलिक अधिकार

❖ सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
❖ सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
❖ सही, तथ्यपरक र आधिकारिक सूचना आदान-प्रदान गरौं,
❖ सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
❖ डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
❖ प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन।

नेपाल सरकार
विज्ञापन बोर्ड

**बासु...**

जनताको निःस्वार्थ सेवा गर्ने, मद्यपान, धूमपान, लागूपदार्थ, जुवातासबाट टाढा रहने, लोभ र डरमा देशविरोधी काममा संलग्न हुन नहुने शिक्षा दिनु आवश्यक भएको उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, "गत भदौ २३ र २४ गतेको उपद्रवबारे पूर्वानुमान गर्न नसकेका तत्कालीन सरकारको नेतृत्वमा रहेकाहरू असफल छन्। देशभर आगजनी हुनुमा तिनीहरू पनि जिम्मेवार छन्।"

वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले कुनै पनि सङ्घ संस्था विकास गर्न त्यसका सञ्चालक परिवारहरू लगनशील भई लाग्नुपर्नेमा जोड दिनुभयो।

उहाँले विद्यालयको प्रगति हुने नहुने कुरा शिक्षक-शिक्षिकाहरूको क्रियाशीलतामा भरपर्ने बताउनुभयो।

"विद्यालयप्रति समर्पित भएर लागेको विद्यालय प्रगति हुनेमा कुनै शङ्का छैन। सम्पूर्ण शिक्षक शिक्षिकाहरूको आ-आफ्नै जिम्मेवारी हुन्छ। ती जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्ने हो भने विद्यालय प्रगति हुन धेरै समय लाग्दैन", उहाँले भन्नुभयो।

विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष बालमुकुन्द बासुकलाले विद्यालयलाई विकास र प्रगतिको निम्ति शिक्षक शिक्षिकाहरूले थप मेहनत गर्नुपर्ने बताउनुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद बासुकलाको सभापतित्वमा भएको कार्यक्रममा प्रा. विश्वमोहन जोशी र विद्यालयका प्रअ रविलाल प्रधानले विद्यालयको प्रगतिबारे चर्चा गर्नुभयो भने विद्यालयको प्रगति विवरण प्रस्तुति प्लस टु इन्चार्ज पुनेन्द्रप्रसाद कुसीले गर्नुभएको सो कार्यक्रममा मावि इन्चार्ज रामकुमार निरौला, सहायक प्र.अ राजकुमार ह्यौंमिखा, निमावि इन्चार्ज रामहरि ताम्राकार र शिक्षक विष्णुप्रसाद दुमरुले पनि बोल्नुभएको थियो।

# आत्मनिर्भर घरेलु उद्योगलाई प्राथमिकता दिइनुपर्ने

भक्तपुर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाललाई आत्मनिर्भर बनाउन औद्योगिकीकरणमा जोड दिनुपर्ने बताउनुभएको छ ।

साउन २९ गते भक्तपुर रेडिमेड व्यापार सङ्घको १० औँ वार्षिक साधारणसभा तथा पाँचौँ अधिवेशनमा उहाँले रेडिमेड व्यवसायलगायत धेरै क्षेत्र विदेशमा निर्भर रहेको बताउनुभयो ।

नेपालमा हरेक वर्ष अर्बौं रुपैयाँ बराबरका सामान विदेशबाट आयात हुने गरेको उल्लेख गर्दै उहाँले देशको आर्थिक अवस्था चुनौतीपूर्ण रहेको बताउनुभयो ।

घरेलु उद्योगका लागि आवश्यक कच्चा पदार्थसमेत विदेशबाट उच्च कर तिरेर आयात गर्नुपर्ने अवस्था रहेको भन्दै नगर प्रमुख प्रजापतिले देशको ठुलो रकम बिदेसिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "पैसा विदेश नजाने अवस्था सिर्जना गर्नु र आफ्नै उत्पादन बढाउनु नै आत्मनिर्भर बन्नु हो ।"

देश विकासका लागि चुनौती बढ्दै गएको उल्लेख गर्दै उहाँले सरकारले औद्योगिकीकरणलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

उद्योग स्थापना तथा विस्तारबाट रोजगारी सिर्जना हुनुका साथै ठुलो आम्दानी हुने उहाँको भनाइ थियो ।

युवा, विद्यार्थी तथा दक्ष जनशक्ति विदेश पलायन भइरहेकाले देशको अवस्था थप चुनौतीपूर्ण बन्दै गएको बताउँदै नगर प्रमुख प्रजापतिले योग्य तथा दक्ष जनशक्तिलाई नेपालमै टिकाउने वातावरण सरकारले बनाउनुपर्नेमा जोड दिनुभयो ।

नेपाल राष्ट्रिय व्यवसायी महासङ्घका अध्यक्ष मनोजबाबु श्रेष्ठले उद्योग तथा व्यवसाय सञ्चालनलाई सहज बनाउन सरकारले व्यवसायीलाई थप सहयोग गर्नुपर्ने बताउनुभयो ।

उहाँले सरकारले उद्योग तथा व्यवसायीलाई सहयोग गर्ने नीति लिनुपर्ने र मूल्य अभिवृद्धि करको दर घटाउनुपर्ने माग व्यवसायीहरूको रहेको बताउनुभयो ।

नेपाल राष्ट्रिय व्यवसायी महासङ्घका संस्थापक अध्यक्ष नरेश कटुवालले व्यवसायीबिच एकताको अभावका कारण उद्योग व्यवसाय क्षेत्रमा अपेक्षित सुधार हुन नसकेको बताउनुभयो ।

उद्योग, वाणिज्य तथा पर्यटन कार्यालय भक्तपुरका अध्यक्ष रामप्रसाद कुस्माले कार्यालयको कार्यक्षेत्रबारे स्पष्ट पार्दै व्यवसायमा चुनौती र अवसर दुवै हुने बताउनुभयो ।

नेपाल चेम्बर अफ कमर्सका केन्द्रीय सदस्य नयनबहादुर पण्डित क्षेत्रीले व्यवसायीका समस्या समाधानका लागि सम्बन्धित निकायले व्यवसायीसँग प्रत्यक्ष छलफल गर्न आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्णमुरारी न्यौपानेले व्यवसायीहरूको एकता नै व्यवसाय क्षेत्रको शक्ति भएको बताउनुभयो । उहाँले रेडिमेड व्यापारले रोजगारी सिर्जना, व्यवसाय विस्तार तथा स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गर्नुभयो । पछिल्लो समय आर्थिक गतिविधि बढ्दै गएको भए पनि अनियन्त्रित आयात, बढ्दो प्रतिस्पर्धा, उपभोक्ताको बदलिँदो रुचि, कर तथा डिजिटल बजार व्यवसाय क्षेत्रका प्रमुख चुनौती रहेको उहाँको भनाइ थियो । यस्ता चुनौतीलाई अवसरका रूपमा लिएर व्यवसाय विस्तार गर्नुपर्ने तथा भक्तपुरको मौलिकता झल्किने व्यवसायलाई प्रवर्द्धन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुर इँटा उद्योग व्यवसायी सङ्घका अध्यक्ष नातिभाइ ह्योम्बाले व्यापार व्यवसाय सञ्चालनका लागि सबै व्यवसायी एकजुट हुनुपर्ने बताउनुभयो । व्यवसायीलाई राज्य तथा स्थानीय सरकारको साथ र सहयोग आवश्यक रहेको उहाँको भनाइ थियो । राज्यले इँटा उद्योग बन्द गर्ने विषय उठाइरहँदा धेरै श्रमिक रोजगारीबाट वञ्चित हुने उल्लेख गर्दै उहाँले निश्चित मापदण्ड तयार गरी इँटा उद्योग सञ्चालन गर्न दिनुपर्ने माग गर्नुभयो ।

नेपाल पत्रकार महासङ्घ भक्तपुरका अध्यक्ष सुन्दर शिल्पकारले अधिवेशनको सफलताको शुभकामना दिँदै उपभोक्तालाई गुणस्तरीय सामान सरल रूपमा उपलब्ध गराउने तथा मूल्यमा एकरूपता कायम गर्ने प्रयास सकारात्मक रहेको बताउनुभयो ।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठले बजारमा विभिन्न आयातित सामानसँगै स्थानीय उत्पादनलाई पनि व्यावसायिक स्थलमा राख्ने व्यवस्था गर्नुपर्ने बताउनुभयो । स्थानीय उत्पादनको प्रवर्द्धनले स्वदेशी व्यवसाय तथा अर्थतन्त्रलाई थप बलियो बनाउने उहाँको भनाइ थियो ।

ललितपुर तयारी पोशाक व्यापार सङ्घका अध्यक्ष शेरबहादुर महर्जनले अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर रेडिमेड व्यापार सङ्घका अध्यक्ष राजेन्द्रकुमार प्रजापतिले सङ्घले व्यवसाय प्रवर्द्धन तथा व्यवसायीहरूको हकहितका लागि विभिन्न गतिविधि गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर रेडिमेड व्यापार सङ्घका पूर्वअध्यक्ष राजु त्वानाबासुले धन्यवादज्ञापन गर्नुभएको थियो भने भक्तपुर उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष विश्वराम दुवालले पनि बोल्नुभएको थियो ।

## एकक्षण

हरिबहादुर श्रेष्ठ

# कवितामा कविको व्यक्तित्व झल्किनु स्वाभाविक

आफ्नो कविताबारे साथीहरूको अध्ययन र दृष्टिकोणबारे जानकारी पाउँदा खुसी लाग्यो । मनको कुरा थाहा पाउनु आफैमा नयाँ कुरा थाहा पाउनु हो । साथै हाम्रा सबै परिश्रम मन र मस्तिष्कले जनताकै सेवाका निम्ति हो भन्ने कामना गरौँ ।

हरेक व्यक्तिको व्यक्तित्व फरक फरक भएजस्तै कविता पनि समान हुँदैनन् । मानिसको मुखाकृति, कपाल, अन्तर्मनको भावना र अभिव्यक्तिसमेत फरक हुन्छ । मानिसको भित्री र बाहिरी रूपरेखा नै व्यक्तिको व्यक्तित्व भएजस्तै हरेक कविको कविता वा अभिव्यक्ति र भावनामा एकरूपता आउँदैन ।

तर कविहरूको जीवनको उद्देश्य, आदर्श, दर्शन र चिन्तनमा समानता देखिन सक्छ ।

बालकृष्ण समको कवितामा गद्यको प्रवाह हुन्छ । गद्यमा पनि छन्द र लय लुकेको हुन्छ । उहाँको नाटकका ठाउँठाउँमा वार्तालाप आफै कविता र कति कवितामा भाषण र गर्जनको प्रभाव हुन्छ ।

हामी पनि आ-आफ्ना कवि साथीहरूको कवितामा आ-आफ्ना व्यक्तित्वबारे जानकारी राखेर देश, समाज र जनताको निम्ति परिवर्तन गर्ने सेवा गर्ने भावनात्मक ऊर्जा प्राप्त गरौँ ।

### उठेका जिज्ञासा र प्रश्नबारे

केही लेखक साथीहरूको जिज्ञासा र प्रश्नहरू पनि 'स्वर्ग' र 'नर्क' बारे सान्दर्भिक हुन्छ - साहित्यमा । समाजवादी साहित्यमा 'स्वर्ग'मा छलफल हुनुको कारण हरेक धर्ममा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा स्वर्गबारे उल्लेख गरिएको हुन्छ ।

त्यसको उत्तरमा समाजवादीहरू 'स्वर्ग' को अर्थ पुँजीपति, सामन्त वा शोषकहरूको 'स्वर्ग' हो भन्ने अर्थ लगाउँछन् । जहाँ कामदारवर्गको शोषणबाट सुखको उपभोग गरिन्छ । तर, कामदारवर्गको निम्ति समाजवाद र साम्यवाद अर्थात् वर्गविहीन र शोषणविहीन समाजको कल्पना गरिएको थियो । पेरिसलाई सन् १८७०-७१ मा मजदुरवर्गले शोषकवर्गको राजधानी वा 'स्वर्ग' माथि धावा बोलेको थियो र अस्थायी विजयलाई नै शोषणविहीन राज्य व्यवस्थाको रूपमा सर्वहारावर्गको राज्य स्थापनालाई 'पेरिस कम्युन' भनिएको थियो । चीनमा समाजवादी व्यवस्थाको स्थापनापछि अगाडि बढेको सहकारी संस्थालाई 'चिनियाँ कम्युन' भनिएको थियो ।

त्यस्तै रामायण र महाभारतलाई दक्षिणपन्थी र हिन्दूहरू इतिहासको रूपमा लिन्छन् । त्यसको निम्ति भारतीय पुरातत्त्व विभागले वर्षौंसम्म अनुमान गरिएका ठाउँहरूमा उत्खनन गरेर अध्ययन गर्दा ती राम राज्यका अवशेष र महाभारतका भव्यताका अवशेषहरू भेटाएन ।

यसकारण, भारतका महत्त्वपूर्ण पुरातत्त्वविद् सांकलियाले रामायण र महाभारत भारतका महाकाव्यहरू हुन्, इतिहास होइन भने । बरु, भारतका अर्को ठाउँहरूमा केही घटनाहरू भएका हुन् । त्यसैलाई कथा र काव्यको रूपमा लिएको देखियो भनी उनले बताए ।

छलफलमा रामायण र महाभारतका पात्रहरूको विषयमा छलफल हुँदा धर्म र इतिहासका पात्रहरूको रूप नलिई महाकाव्यका पात्रहरूको रूपमा लिनु मनासिब हुन्छ । ती पात्रहरूले देशभक्ति र आआफ्नो कर्तव्य पूरा गर्ने असल नागरिक र वीरहरूको रूपमा लिनु उपयुक्त हुन्छ ।

फेरि अद्भूत रामायणको कथा अलगै छलफलको विषय होला !

*('मजदुर' दैनिकको आयोजनामा २०८३ साउन ३० गते भएको हरिबहादुर श्रेष्ठद्वारा रचित कवितासङ्ग्रह 'ए, मेरा रातहरू' को परिचर्चा एवम् कविता वाचन कार्यक्रममा व्यक्त मन्तव्य)*

**छ्यालीसऔँ...**

साहित्यकार र कलाकारको जन्म नहुने बताउनुभयो ।

नेपालभाषा साहित्यको विकासमा तःमुंज्याको ठुलो योगदान रहेको उल्लेख गर्दै स्थानीय संस्कृति र साहित्यको संरक्षण तथा विकास गर्नु नयाँ पुस्ताको जिम्मेवारी भएको बताउनुभयो ।

कार्यक्रमका सभापति एवं नेपालभाषा साहित्य तःमुंज्याका अध्यक्ष आशाकुमार चिकंबञ्जारले क्रान्तिकारीहरूले लेखेपछि मात्रै क्रान्तिकारी साहित्यको विकास हुने बताउँदै अग्रजहरूले देखाएको बाटो नयाँ पुस्ताले बिर्सन नहुने धारणा राख्नुभयो ।

उहाँले नयाँ पुस्ताले अध्ययन र अनुसन्धानलाई प्राथमिकता दिनुपर्ने उल्लेख गर्दै अध्ययन-अनुसन्धानका लागि विदेश नै जानुपर्छ भन्ने सोच राख्न नहुने बताउनुभयो । नयाँ पुस्ताबाट नयाँ-नयाँ




विषयमा साहित्य सिर्जना हुने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो ।

उक्त भेलाले उकेश कवांको अध्यक्षतामा ७५ सदस्यीय ४६ औँ नेपाल भाषा साहित्य तःमुंज्या आयोजक समिति गठन गरेको हो ।

पुरुषोत्तम ग्वाछाले नेपालभाषा साहित्य तःमुज्यालाई भव्य रूपमा सम्पन्न गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।



**हरिबहादुर...**

रूप, अन्तरवस्तु, जीवन चेतना, सौन्दर्य, यथार्थपरक विचार र दर्शन, भाषा शैलीबारे उल्लेख गर्दै उहाँले भावको गम्भीरता मात्रले कविता राम्रो हुँदैन शब्द, पद, पदावली ठीक ठीक तरिकाले व्यक्त गर्नुपर्नेमाथि प्रकाश पार्नुभयो ।

उहाँले भन्नुभयो, "शब्दकोषको अर्थ छोडेपछि कविता बन्छ अर्थात् अप्रत्यक्षरूपमा घुमाएर भन्न सक्ने सीप भए मात्र कविता सार्थक हुनेछ । पाठकका मनमा बस्ने र समालोचकका मस्तिष्कमा पस्ने काम गर्न सक्ने खुबी सुन्दर कवितामा हुन्छ ।"

जनकवि चन्द्रबहादुर उलकले काव्य वा कविता दृष्टिबारे बताउँदै 'यात्रा छोरा छोरीबिचको संवाद' कविता वाचन गर्दै विनासङ्घर्ष न्याय नपाउने भाव सुनाउनुभयो ।

युवा कवि दामोदर सुवालले पुस्तकबारे परिचर्चा गर्दै 'जनताको साहित्य र साहित्यकार' पुस्तकबाट धेरै सिकेको अनुभव साझा गर्नुभयो ।

शिल्पी हातले उनेका 'ए, मेरा रातहरू' र अन्य कविताहरूबिच एकदमै तादात्म्यता रहेको उल्लेख गर्दै कविता पढ्दा कुनै एक पात्रमाथि मनका भाव पोखिएको देखिए तापनि कविको भावना स्नेह वर्गप्रति दर्शिन्छ, उहाँको अन्तिम माया साम्यवाद हो र कविताको विशेषता पनि यही हो भन्नुभयो ।

समाजमा देखिएका विकृति, विसङ्गति हाम्रै गतिविधि लोभ, लालचले जन्मेको कुरा कवितामार्फत व्यक्त गर्न कवि सफल भएको बताउँदै 'खरानीको खेती' र 'माया' शीर्षकमा दुई वटा कविता वाचन गर्नुभयो ।

कवि हरिहर तिमिल्सिनाले सङ्गीत, कला र साहित्यले भक्तपुरलाई सुन्दर र जिउँदो तुल्याएको छ भन्दै लय, बिम्ब, उपमा अलङ्कारबाहेक विचार पक्ष सशक्त भएको चर्चा गर्नुभयो ।

कविहरू आशावादी बन्नुपर्ने र सबभन्दा बढी राष्ट्रलाई प्रेम गर्नुपर्ने भनाइ राख्दै उहाँले हरिबहादुर श्रेष्ठका कविताहरू हृदयको गहिराइमा डुबेर लेखिएको राष्ट्रप्रेम र राष्ट्रियतालाई केन्द्रमा राखिएको उज्यालो भविष्यको कामना गरिएको बताउनुभयो ।

अनुराधा थापा मगरको सभापतित्वमा भएको उक्त कार्यक्रममा कवि अभय श्रेष्ठले 'शेष' र 'वातावरण' शीर्षकमा कविता वाचन गर्नुभयो । कवयित्री रूपकेशरी उलकले 'अभिश्रान्त प्रश्नहरू' शीर्षकको कविता पाठ गर्नुभयो ।

सुरेश परियारले पनि कविता वाचन गर्नुभएको सो कार्यक्रममा विद्यार्थी प्रकाश गुरुङले ९२ वसन्त पार गरिसकेका निबन्धकार एवं संस्कृतिविद् तेजेश्वरबाबु ग्वंग अशक्तताको कारण उपस्थित हुन नसकेकाले 'ए, मेरा रातहरू' कवितासङ्ग्रहबारे अन्धकार रातलाई निमुखा शोषित जनताका वर्ग शत्रुका प्रतीक व्यक्त भएको रातका कालो पर्दा सुनौलो किरणले स्वतः डढ्ने प्राकृत - शास्वत सत्यका अलोकिक बिम्ब : बोधि सिद्धार्थ प्रक्षेपण भएको समीक्षासहितको प्रकाशित आलेख वाचन गर्नुभएको थियो ।

कार्यक्रममा साहित्यकार आशाकुमार चिकंबन्जारले पनि बोल्नुभएको थियो ।

विषाक्त च्याउ नखाऔंः सुरक्षित बनौं

❖ जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
❖ अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
❖ विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
❖ च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
❖ स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
❖ सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

बिषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३